# लेखापरीक्षण प्रतिवेदन

## संखुवासभा

## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय

## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सबैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.न | विषय | पृष्ठ |
|---|---|---|
| १ | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २ | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३ | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| ३.१ | जिल्ला अदालत | ३ |
| ३.२ | सरकारी वकिलको कार्याल | ४ |
| ३.३ | उत्तर दक्षिण कोशी सडक योजना | ४ |
| ३.४ | खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय | ७ |
| ३.५ | जिल्ला कृषि विकास कार्यालय | १२ |
| ३.६ | जिल्ला प्राविधिक कार्यालय | १३ |
| ३.७ | जिल्ला विकास समिति | १५ |
| ३.८ | जिल्ला स्वास्थ्य कार्यालय | २१ |
| ३.९ | जिल्ला शिक्षा कार्यालय | २९ |
| ३.१० | डिभिजन सडक कार्यालय | ३३ |
| ३.११ | दुर्गम क्षेत्र विकास समिति | ३९ |
| ३.१२ | नापी कार्यालय ,खाँदवारी | ४० |
| ३.१३ | नापी कार्यालय ,चैनपुर | ४१ |
| ३.१४ | महिला तथा वालवालिका कार्यालय | ४१ |
| ३.१५ | मालपोत कार्यालय,खाँदवारी | ४२ |
| ३.१६ | मालपोत कार्यालय, चैनपुर | ४२ |
| ३.१७ | स्थानीय विकास कोषको सचिवालय | ४३ |
| ३.१८ | सिचाई विकास सव डिभिजन कार्यालय | ४४ |
| ४ | आन्तरिक लेखापरीक्षण | ४६ |
| अनुसूची १ : | लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | ४७ |
| अनुसूची २ : | बेरुजूको स्थिति | ४८ |
| अनुसूची ३ : | जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण | ५० |
| अनुसूची ४ : | जिम्मेवार पदाधिकारीको नामावली | ५१ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति :** संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम १८ कार्यालयको विस्तृत र २१ कार्यालयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ३९ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.४ अर्ब ५७ करोड ६४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष २९ कार्यालयको प्रारम्भिक प्रतिवेदनबाट कूल दफा ३७३ र रु.३१ करोड १७ लाख ६९ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरूलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म १८ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका १३९ दफा र रु.११ लाख ५९ हजार मिलान गरी २९ कार्यालयको दफा २३४ र रु.३१ करोड ६ लाख १० हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा कायम गरिएको छ। लेखापरीक्षणको क्रममा रु.७१ हजार असुल भएको छ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.३२ लाख ८६ हजार, अनियमित रु.७ करोड २८ लाख १ हजार र पेश्की रु.२३ करोड ४५ लाख २३ हजार रहेको छ। यस सम्बन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाई समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुलउपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ४ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## जिल्ला अदालत

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, लिलाम गर्नुपर्ने सामान लिलाम नगरेको देखिन्छ । आइटमवाईज रुपमा सामानलाई फरक फरक जिन्सी पाना नम्बरमा नराखेकोले जिन्सी सामानको अवस्था एकीन गर्न नसक्ने अवस्था देखिन्छ । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **खर्च संरचना :** स्वीकृत बार्षिक कार्यक्रमबमोजिम तोकिएको चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पूँजीगत खर्चतर्फ कुल बजेट रु.८८,१७,०००।- मध्ये तेस्रो चौमासिकमा रु.८७,५८,०००। खर्च भएको छ भने असार महिनामा मात्र रु.२५,८६,०००। खर्च भएको छ । तेस्रो चौमासिकमा मात्र ९९ प्रतिशत खर्च भएको छ । तोकिएका कार्यक्रम समयमा सम्पन्न गर्नुपर्दछ ।

४. **आयकर :** आयकर ऐन, २०५८ अनुसार भुक्तानीमा कर कट्टी गनुपर्नेमा एक जिल्ला न्यायाधिशको पारिश्रमिक कर कट्टी गर्दा रु.२६४९६।- कम कट्टी भएको देखिँदा उक्त रकम असुल गर्नुपर्दछ ।

५. **स्थानीय भत्ता** : न्याय सेवा तालिम केन्द्र घुम्ती मुकाम धनकुटाद्धारा संचालित ३५ दिने सेवाकालिन तालिममा सहभागी भएको अवस्थामा धनकुटाको स्थानीय भत्ता भुक्तानी हुनुपर्नेमा संखुवासभाको स्थानीय भत्ता वापत  वढी भुक्तानी भएको तीन कर्मचारीबाट रु.६४२०।- असुल गरिनुपर्दछ ।

७. **प्रतिवेदन वेगर भुक्तानी :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) अनुसार तालिम सेमिनार, गोष्ठी, कार्याशालागोष्ठी,आदि सम्पन्न भइसकेपछि कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बिल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्नेमा सो अनुसारको प्रतिवेदन तयार नगरी एक होटलको विभिन्न २१ थान बिल संलग्न गरी दैनिक रुपमा चिया, खाजा, मिनरल वाटर तथा विविध खर्च वापत रु.१०००००।- को खर्च लेखेको नियम सम्मत देखिएन ।

८. **नापी किताव** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) अनुसार प्राविधिक नापजाँच गरी नापी किताब म.ले.प.फा.नं १७१ (मेजरमेन्ट बुक)मा भएको वास्तविक कार्यसम्पादनको आधारमा विल विजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लुज नापी सिटमा काम भएको कूल परिमाण र भुक्तानी हुने कुल रकम मात्र समावेश गरी भुक्तानीको पेश गर्ने गरेको कारणले प्राविधिक नापजाँचको व्यवस्थित अभिलेख समेत कार्यालयमा नरहेको पाइयो । यसले गर्दा कुन रनिङ्ग विलबाट कति परिमाण काम भएर कति रकम भुक्तानी भयो भनी एकीन गर्न सक्ने अवस्था रहेन ।

९. **बीमा सम्बन्धमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार जिल्ला अदालतको भवन निर्माणको वीमा वापत रु.६५६३९३।- मा ठेक्का सम्झौता भएको छ । २०७१।९।२८ मा २०७४।३।२८ मा कार्य सम्पन्न गर्ने गरी ठेक्का सम्झौता भएकोमा निर्माण व्यवसायीले बीमा गरेको पाइएन । निर्माण कार्यको बिमा गरेको प्रमाण पेश हुनुपर्दछ ।

१०. **भ्रमण खर्च** - भ्रमण खर्च नियमावली २०६४ को नियम १८ अनुसार कुनै पनि पदाधिकारी हवाई यातायातबाट भ्रमण गरी भ्रमण भत्ता खर्च लेख्दा हवाई टिकट अनिवार्य पेश गर्नुपर्ने व्यवस्था रहेकोमा एक जिल्ला न्यायाधीशले २०७२।१०।१४ देखि ११।२ सम्म काठमाडौं जाँदा र फर्कदाको पेश गरेको हवाइ टिकटसाथ बोर्डिङ्ग पास पेश नगरेको र उडान नं. र मिति च्यातिएको एक थान वोर्डिङ्ग पास पेश भएकोमा उडान भएको मितिको बोर्डिङ्ग पास पेश गर्नु पर्ने रु.११,३२५।- र एक स्रेस्तेदारले

२०७३।२।१५ देखि १९ सम्म काठमाडौंको भ्रमण सम्पन्न गरी पेश गरेको भ्रमण वीलसाथ पेश भएका हवाई टिकटमा भ्रमण गरेको मिति र हवाई उडान गरेको मिति फरक परेकोले प्रमाण पेश गरी फछ्र्योट गर्ने अन्यथा रु.९१२०।- असुल गर्नुपर्दछ ।

## सरकारी वकिलको कार्यालय

१. **बिल भर्पाइ :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा यस नियमावली बमोजिम खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले निमित्त जिल्ला न्यायाधिवक्तालाई २०७२।१२।१२ मा काठमाडौंबाट चैनपुर आउँदाको दैनिक भ्रमण भत्ता वापत हवाईजहाजको टिकट वेगर भूक्तानी गरेको रु.५६९०। असुल हुनुपर्दछ ।

२. **दोहोरो भत्ता :** निमित्त जिल्ला न्यायाधिवक्तालाई रु.५६१०७, एक ना.सु.लाई रु.२२५६०।, एक खरिदारलाई रु.२०५८५।- निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड यूनियनको निर्वाचनको अवधिको निर्वाचन कार्यालयबाट भत्ता खर्च लेखेकोमा सम्वन्धित आफ्नो कार्यालयबाट पनि सोही अवधिको भत्ता बुझेको देखिँदा एउटै अवधिको दोहरो भत्ता भुक्तानी दिएकाले निजहरूबाट रु.९९२५२।- असुल गर्नुपर्दछ ।

३. **नापी किताव :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) (ख) अनुसार प्राविधिक नापजाँच गरी नापी किताब म.ले.प.फा. नं. १७१ (मेजरमेन्ट बुक) मा भएको वास्तविक कार्यसम्पादनको आधारमा विल वा विजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लुज नापी सिटमा काम भएको कूल परिमाण र भुक्तानी हुने कुल रकम मात्र समावेश गरी भुक्तानीको पेश गर्ने गरेको कारणले प्राविधिक नापजाँचको व्यवस्थित अभिलेख समेत कार्यालयमा रहेको पाइएन । यसले गर्दा कुन रनिङ्ग विलबाट कति परिमाण काम भएर कति रकम भुक्तानी भयो भनी एकीन गर्न सक्ने अवस्था रहेन ।

४. **भ्रमण आदेश :** भ्रमण खर्च नियमावली २०६४ को नियम ३(२)छ अनुसार भ्रमणको स्वीकृति लिनुपर्नेमा भवनसम्बन्धी कामको लागि महान्यायाधीवक्ताको कार्यालय, काठमाडौंमा भ्रमण गर्दा कार्यालय प्रमुख स्वयंले भ्रमण आदेश स्वीकृत गरी २०७२।७८ देखि १४ गते सम्मको दैनिक तथा भ्रमण भत्ता रु.२०९५०।- भुक्तानी लिएको देखिन्छ । कार्यालय प्रमुख जिल्ला वाहिर भ्रमण वा काजमा जाँदा एक तह माथिको पदाधिकारीबाट समर्थन दिनु पर्नेमा सो अनुसार नगरी भुक्तानी लिएको रु.२०९५०। नियम सम्मत देखिएन ।

## उत्तर दक्षिण कोशी सडक खाँदवारी

१. **चौमासिक पूँजीगत खर्च :** पूँजीगत कार्यक्रम अन्तर्गतको बजेट उपशीर्षकमा रु.३६,०३,००,०००।- अख्तियारी प्राप्त भएकोमा दोस्रो चौमासिकमा रु.२,५३,९७,०००।- (७.४६ प्रतिशत) तेस्रो चौमासिकमा रु.२२,४१,५९,०००।- (६५.९० प्रतिशत) र सो रकम मध्ये रु.१६,०९,६५,०००।- (४७.३२ प्रतिशत) असार महिनामा खर्च भएको छ । खर्च भएको रकम मध्ये अधिकांश अन्तिम चौमासिकमा गरेको देखियो । बजेट सन्तुलित रुपमा चौमासिक लक्ष्य प्रगती प्राप्त गर्ने तर्फ खर्च गर्नेमा ध्यान जानुपर्दछ ।

२. **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले यस आर्थिक वर्षमा वोलपत्रको माध्यमबाट ८ ठेक्का व्यबस्था भएकोमा ५ ठेक्का दोस्रो चौमासिकमा र ३ ठेक्का तेस्रो चौमासिकमा व्यबस्था भएको पाइयो । समयमा नै निर्माण कार्यको

ठेक्का पट्टा नहुँदा ठेक्काको काम अधुरो रहेको देखियो । नियमानुसार समयमानै ठेक्का व्यबस्था हुनु पर्दछ ।

३. **पुल डिजाइन परिवर्तन :** उत्तर दक्षिण सडक योजना अन्तर्गत (NSKRP3371454-068/69-14) अरुण नदी माथी पुल निर्माण गर्ने कार्यको लागि २०६८।६९ मा लागत अनुमान रु.९,६७,५४,२९१।- स्विकृत भई एक निर्माण व्यवसायीसँग २०६९।३।२० मा रु.९६७५४२९१।- मा सम्पन्न गर्ने गरी २०७१।३।१९ मा संझौता भएकोमा कार्य सम्पन्न नभई वाढी पहिरो वन्द हडताल, पानीको वहाव स्तर वढेकोले पुलको डिजाईन परिवर्तन गर्नुपर्ने जस्ता कारण देखाई २०७३।१०।३० मा दोश्रो पटक म्याद थप गरी दोश्रो भेरियसन आदेश वमोजिम १४.२५ प्रतिशतले लागत वृद्धि भई रु.११,०५,९१,५२७- पुगेकोछ । आई.पि.सि.७ सम्म रु.८,६३,३३,५६१।- खर्च भुक्तानी भएको देखिन्छ । तोकिएको समयमा कार्य सम्पन्न नगरेको तथा पुलको विस्तृत ड्रईर डिजाईन तयार गर्दा पानीको वहाव लेवलको सही आंकलन नगरेको आदि यसको मुल कारणबाट भेरियसन र म्याद थप गर्नु परेको देखिन्छ । स्थलगत निरीक्षणको क्रममा त्यहाँ पुग्दा दोश्रो म्याद थपको अवधि समाप्त हुँदा सम्म कार्य सम्पन्न गरेका पाइएन । सर्वे डिजाईन तथ्यगत रुपमा गरी समन्वयका साथ कार्य गर्दै तोकिएको समय सिमामा कार्य सम्पन्न गर्नु पर्दछ ।

४. **प्रारम्भिक वातावरणीय परीक्षण :** वातावरण संरक्षण नियमावली २०५४को नियम ३ संग सम्बन्धित अनुसुचि १(क) अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था र वातावरणीय प्रभाव मूल्यांकन गरी विकासको कार्य अगाढी वढाउनु पर्दछ। यस कार्यालयले संचालन गरेको हाँन्डाक खोला चुमसुर सडक आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण गरेको पाइएन । परिणाम स्वरुप भौतिक, रासायनिक, जैविक, सामाजिक, आर्थिक, सांस्कृतिक र पारिस्थितिक विषयहरूमा असर पर्न सक्छ। अतः नियममानुसार उल्लेखित प्रारम्भिक वातावरणीय परीक्षण गरी सो क्षेत्रमा पर्ने सकारात्मक र नकमरात्मक प्रभावहरूको पहिचान गरी सोको आधारमा प्रस्ताव स्वीकृत गरी योजना कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**५.** **एलाईनमेन्ट विवाद :** हान्डक खोलादेखि चुमसुर खण्ड (ठेक्का नं NSKRP-3371454-072.73-07) हाँन्डाक खोला चुमसुर सडक योजना २१ कि.मी, ट्र्याक खोल्ने कामको लागि रु.५७,९७,५९,७५१।- लागत अनुमान भएको सो कामको लागि एक निर्माण व्यवसायीसँग ठेक्का अंक रु.५७३४२५६९१।- मा २०७३ असार ३०, मा संझौता भई २०७५।४।३० मा सम्पन्न गर्ने उल्लेख छ । संझौता पछि रु.५,०५,००,०००।- मोविलाईजेशन पेश्की स्वरुप निर्माण व्यवसायीलाई भुक्तानी भएको देखिन्छ । स्थानीय निकायका वासिन्दाका अनुसार अहिले कार्यालयले सडक ट्र्याक खोल्न लागेको ठाँउबाट ट्र्याक खोली रेड पण्डा, कस्तुरी लगायत दुर्लभ जन्तुको वासस्थान एवं क्षेत्र नाश हुने साथै दुर्लभ जरिवुट्टीको विनास हुने र सो ठाँउमा वढी उचाईको कारणले हिउ पर्न गई ६ महिनासम्म बाटो अवरोध हुन आउने भएकोले सो सडक खण्ड साविकको सर्भे अनुसार बाटो वनाउदा १२ महिना नै बाटो सञ्चालन हुन आउने साथै जैविक विविधताको संरक्षण पनि हुने भएकोले साविक कै ठाँउबाट बाटो बन्नु पर्ने विषयको माग राखेर काम गर्न अवरोध पुराएको देखिन्छ। यस कार्यालयले एलाईनमेन्ट परिवर्तन गरी बाटो खोल्दा दुरी छोटो भई कार्य छिटो सम्पन्न हुने साथै समय र लागतमा दीर्घकालिन रुपमा फाइदा हुने हुदा सोही अनुसार नै काम गर्दा फाइदा हुने कुरा उल्लेख छ। रेखांकन सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा २०७३।९।२५ का दिन वैठक वसि उत्तर दक्षिण कोशी सडक योजनाको प्रगति विवरण र च्यांग्री हान्दक सडकको शंखेभिर र छुमसुमदेखि च्याग्री सम्मको रेखांकन पुनःअध्ययन गर्न सडकको प्राविधिक, राजनीतिक पार्टी प्रतिनिधि, पत्रकार र स्थानीय सहितको टोलीले १५ दिनभित्र राय सहितको प्रतिवेदन पेश गर्ने उल्लेख भएपनि अहिलेसम्म प्रतिवेदन पेश भएको देखिदैन । यो विवाद अहिलेसम्म पनि यथावत

रहेको कारणबाट काम थालनी हुन सकेको देखिदैन । यसरी विवाद लम्वी कार्य नहुनु हरेक पक्षबाट सबै सरोकार वालालाई घाटा हुने भएकोले सम्बद्ध सरोकार पक्षसँगको सहयोग, सामञ्जस्यता र समन्वयमा प्राविधिक, आर्थिक, सामाजिक एवं जैविक विविधता पक्षलाई ध्यान दिई योजनालाई अगाडि वढाउनु पर्ने देखिन्छ ।

६. **साईट प्राप्त नभएको** : सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १११ (१)मा निर्माण व्यवसायीलाई निर्माण कार्य सुम्पने र सो स्थलसम्मको पहुँचको व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ । यस कार्यालय अन्तरगत पाथीभारा गाँउ विकास समिति देखि हटिया गाँउ विकास समिति (६५+२००-१०७+०००) खण्डमा (रोडवे एक्जाभेसन , ग्याविन कन्टक्सन र क्रस ड्रेनेज वर्क्स) काम गर्ने गरी यस कार्यालय वीच (ठेक्का न NSKRP-33711454-069/70-19) २०७२।३।२३ मा सम्पन्न गर्ने गरी २०७०।३।२४ मा एक निर्माण संझौता गरी निर्माण कार्य सञ्चालन गरेको छ । निर्माण व्यवसायीले २०७२।३।१६ मा म्याद थप गरी पाँउ भनि दिएको निवेदन को १ नं. वुँदामा उल्लेख भएअनुसार साईट प्राप्ता नभएकोले २०७०।३।२४ देखि २०७१।२।२० सम्म २३६ दिन काम गर्न नपाएकोले म्याद थप माग गरेको देखिन्छ । यस कार्यालयले माथि उल्लेखित कारण साथै वाढी पैरोको र फेरी बगाएकोले बाटो बन्दको कारणम्याद थपको माग बमोजिम मिति २०७३।१०।१९ सम्म ५६९ दिनको म्याद थप भएको र आइ.पि.सि. ८ सम्मको भुक्तानी जम्मा रु.४७२३९७६१।- भएको देखिन्छ । थपिएको म्याद सम्म पनि कार्यसम्पन्न भएको देखिदैन । यसरी साईटको टुंगो नलागि ठेक्का लगाउनु उचित देखिएन ।

७. **कार्यसम्पन्न** : संझौता तथा समय तालिका अनुसार वेलैमा काम सम्पन्न गरिनु पर्दछ। यस योजनाले संझौता गरेको २०६८।६९ भन्दा पछिका कुल लागत रु.५४,१३,५३,०००।- को सम्झौता भइ रु.२७,५९,८६,०००।- खर्च भएका चार योजनाहरू अझै सम्पन्न भएको छैन। यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ।

८. **लागत अनुमान** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (६) अनुसार विकास योजनाको सर्भे, डिजाइन, लागत अनुमान तथा कार्यक्रम स्वीकृत गराई बजेटमा निर्धारित गरिएको रकम निकासा लिई नियमानुसार खर्च गर्नु र समयमै निर्धारित कार्यक्रम अनुसार मालसामानको उपलब्धि तथा प्राविधिक एवं प्रशासकीय व्यवस्था मिलाई कार्य सम्पादन गर्नु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुन्छ। देउराली-दोभान-पाथीभरा (चेनेज नं. २८+००० देखि ६८+०००) सम्मको सडक सडक चौडा गर्ने काम जम्मा ३४००० मिटरमा चौडाई ३ मिटर र उचाई ३ मिटर अनुमान गरी लमसममा ३०६००० घनमिटर सबै प्रकारको माटो ढुङ्गा काट्ने कार्यको विस्तृत लागत अनुमान पेश हुन नआएको हुँदा लागत अनुमानको यथार्थता सम्बन्धमा यकिन गर्न सक्ने आधार रहेन । यस सम्बन्धमा विस्तृत नाँप, जाँच गरी वी.ओ. क्यू.को कार्य परिमाण यकिन गर्नुपर्ने देखिएको छ।

९. **विलको भुक्तानी** : कार्यालयको सूचना छपाई गरे वापत एक एडभरटाइजर्सको २०७२।५।२३ को विल अनुसार रु.२,१६,९६०।- २०७२।५।२८ को विल अनुसार २७१२०।- समेत कूल रु.२,४४,०८०। मध्ये १.५ प्रतिशत आयकर कट्टा गरी रु.२४०८४० । उक्त एजेन्सीलाई भुक्तानी पठाएको छ । कार्यालयको सूचना छपाई गर्दा विज्ञापन एजेन्सीबाट संस्थागत छुट लिनुपर्ने व्यवस्था रहेको छ तर कार्यालयले संस्थागत छुट नलिइ विल रकम नै भुक्तानी गरेको नियम सम्मत देखिएन ।

१०. **खर्च यकिन** : योजना प्रमुखलाई २०७२।६।३ देखि २०७२।६।८ सम्म र २०७२।६।१४ देखि २०७२।६।२० सम्म सडक बिभागमा काज खटिएको देखिन्छ । सडक विभागमा काज खटिएको अवधि वाहेक कार्यालयको हाजिरी रजिष्टर अनुसार २०७२।६।९ देखि २०७२।६।१३ सम्म निज कार्यालयमा अनुपस्थित रहेको देखिन्छ । साथै सो अवधिको विदा जनाएको समेत देखिदैन । यस भौचरबाट

निज योजना प्रमुखलाई दैनिक भ्रमण भत्ता वापत रु.२४६६५।- भुक्तानी गर्दा भ्रमण विलमा निजको दस्तखत समेत नभएको, स्वीकृत भ्रमण आदेश अनुसार तोकिएको स्थानमा गएर कार्य सम्पन्न गरे नगरेको यकिन नभएकोले खर्च लेखेको दैनिक भ्रमण भत्ता वापत खर्च लेखेको रु.२४६६५।- असुल हुनुपर्दछ ।

११. **नर्म्स निर्देशिका :** क्षेत्रीय सडक निर्देशनालय झापाको मिति २०७२।१२।४ को पत्रानुसार कार्यालयगत प्रगति विवरण, रुग्ण ठेक्काको स्थिति, बेरुजू फछ्र्यौट लगायत गोष्ठीमा भएको खर्च भनी दमकको एक होटल विल अनुसार रु.१००००।- खर्च लेखेको छ । यस प्रकारको खर्च लेख्ने कुनै नर्मस निर्देशिका समेत नभएकोले यस्ता खर्च रु.१००००।- नियम सम्मत देखिएन ।

१२. **पेश्की वाँकी :** अर्थिक वर्षको अन्त सम्म ७ निर्माण व्यवसायीलाई दिएको पेश्की रकम रु.११,१५,२१,०००।- लेखापरीक्षण अवधिसम्म फछ्र्यौट हुन वाँकी रहेको हुँदा आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार फछ्यौट गरिनु पर्दछ ।

१३. **कण्टिन्जेन्सी खर्च :** अर्थ मन्त्रालयको २०७०।१।२४ को पत्रानुसार कार्यालय र आयोजनाहरूले खर्च गर्ने ५ प्रतिशत कण्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत पूँजीगत प्रकृतिको कार्यमा खर्च गर्नपर्ने चालु र पूँजीगत खर्चको अनुपात ३:२ हुनु पर्ने उल्लेख छ । कार्यालयबाट रु.२५,००,०००।- सडक विभागमा पठाएको पाइयो । कार्यालयको कार्यमा विनियोजित रकम विभाग पठाउनु नियमसंगत देखिएन ।

१५. **हेलिकेप्टर भाडा :** कार्यालयले सडक विभाग सम्पत्ति व्यवस्थापन ठेक्का व्यवस्थापन तथा गुणस्तर नियन्त्रण आयोजना ललितपुर २०७२।९।२६ को पत्रानुसार २०७२।८।२१ मा नुम खाँदवारी किमाथांका सडकको हालको निर्माण अवस्था, स्तरोन्नती एवं सुदृढीकरण सम्बन्धमा माननीय उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्रीज्यूबाट अवलोकन तथा निरीक्षण भ्रमणमा नेपाली सेनाको हेलिकप्टर प्रयोग भएको र सोको भाडा वापत कार्यालयले कन्टिजेन्सीबाट नेपाली सेनालाई विल अनुसार रु.१६,६७,५३४।- भुक्तानी गरेको नियम संगत देखिएन ।

१६. **स्थलगत निरीक्षण :** सो क्षेत्रको स्थलगत निरीक्षणको क्रममा फ्याक्सिन्दा दोभानदेखि पाथिभारा मृगे गौडासम्म निरीक्षण गर्दा सो ठाँउहरूमा काम भइरहेको पाइयो । सडक खन्दा पहिरो गएको, रुख विरुवा लडेको साथै ढुंगा खसेर भौतिक संरचनामा क्षति पुऱ्याएको पनि पाईयो । सकेसम्म कम प्राकृतिक एवं भौतिक क्षति हुने गरी सडक खन्ने कार्य गरिनु पर्दछ ।

## खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालय

१. **आन्तरिक नियन्त्रण :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । जिन्सी मालसमानको यथार्थ अवस्था खुल्ने गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, भ्रमण अभिलेख खाता तथा निरीक्षण पुस्तिका नराखेको , निकायले एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाका लागि खरिद गर्दा खरिद गरुयोजना तयार गर्नु पर्ने र वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको वार्षिक खरिद योजना तयार नगरेको, कार्यालयले ठेक्का सम्झौता वमोजिम काम सम्पन्न भए पछि विल भुक्तानी गरिएको कारोवारहरू मूल विवरण नापी किताव तथा गोश्वरा भौचर अनुसार कार्य अभिलेख ( म.ले.प.फा.नं. १६६) मा प्रविष्ट गरी प्रत्येक महिनाको जोड जम्मा गरी कार्यालय प्रमुखबाट प्रमाणित गरी राख्नुपर्नेमा सो नगरेको पाइयो । यसमा सुधार हुनुपर्दछ ।

२. **आषाढको खर्च :** बजेट तथा कार्यक्रम एवं चौमासिक कार्य लक्ष्य अनुसार अपेक्षित प्रगति प्राप्त हुनुपर्दछ । अख्तियारी ढिलो प्राप्त हुनु, चौमासिक कार्यक्रम र अपेक्षित लक्ष्य प्रगतिबीच समन्वय

कायम नहुनु, कार्यक्रम निर्धारित समयमा संचालन नहुनु, आदि कारणले रु.४,९६,८१,०००।- मध्ये तेस्रो चौमासिकमा रु.३,८४,८३,०००।- र असार महिनामा रु.२९०५५०००।- खर्च भएको देखिएको छ । चौमासिक खर्च र प्रगतिबीच एकरुपता देखिदैन । अतः चौमासिक लक्ष्य, बजेट, कार्यक्रम एवं प्रगति बीच समन्वय ल्याई कार्यक्रम खर्च गरिनु पर्दछ ।

३. **राष्टिय पुनःनिर्माण कोष** : खानेपानी तथा ढल निकास विभागको २०७३।०१।१३ मा प्राप्त भूकम्प प्रभावित खानेपानी तथा सरसफाई आयोजनाहरू पुननिर्माण पुनस्थापना सम्बन्धी विभागीय निर्देशनको बुँदाको ५ नं. मा कार्यान्वयनमा लैजाने आयोजनाहरूको प्राथमिकीकरण सहितको सूची जिल्ला दैवी प्रकोप उद्धार समितिलाई जानकारी गराउने र बुँदा नं.८ मा न्यूनतम् लागत र समयमा अधिकतम प्रतिफल प्राप्त हुने आयोजनाहरूलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्ने उल्लेख छ । भूकम्प प्रभावित खानेपानी आयोजनाहरूको पुनः निर्माण तथा पुनस्थापना सम्बन्धी कार्य अन्तर्गत आंशिक क्षती तथा मुहान सुकेको ३१ आयोजनाको लागि रु.१,५१,१९,०००।-व्यवस्था भएकोमा रु.१,०७,१४,००० ।- निकासा खर्च भएको देखिन्छ । जिल्ला दैवी प्रकोप उद्धार समितिलाई जानकारी गराई र न्युनतम लागत र समयमा अधिकतम प्रतिफल प्राप्त हुने आयोजना भएनभएको यकिन गर्न सकिएन ।

४. **लागत अनुमान** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (६) अनुसार विकास आयोजना विकास आयोजना तर्फ योजनाको सर्भे, डिजाइन, लागत अनुमान तथा कार्यक्रम तयार गरी स्वीकृत गराई कार्य सम्पादन गर्नु सम्बन्धित कार्यालय प्रमुख वा योजना प्रमुखको कर्तव्य हुने उल्लेख छ । भूकम्पबाट क्षतिग्रस्त खानेपानी योजनाहरूको मर्मत संभार तथा निर्माणको लागि ३१ आयोजनाको लागि रु.१,५१,१९,०००।- बजेट विनियोजन भएकोमा योजनाको सर्भे, डिजाइन, लागत अनुमान तथा कार्यक्रम तयार नगरी ५ निर्माण व्यवसायी/ आपुर्तिकर्ता र २६ उपभोक्ता समितिसँग रु.२७००००।- देखि रु.३५०००००।- सम्मको सम्झौता भएको छ । यथार्थतामा आधारित सर्बे तथा लागत अनुमान तयार नगरेकोले योजनाको लागत यकिन गर्न सक्ने आधार नरहने साथै कार्य तथा नापजाँच भई भुक्तानीका लागि पेश भएको अवस्थामा लागत अनुमान अनुसार रहे, नरहेको सम्बन्धमा यकिन सकिने अवस्था छैन । भूकम्पबाट क्षति भएका ३१ आयोजना छनौट गरी उपभोक्ता समितिसँग सम्झौता भएकोमा १७ योजनाहरूको मात्र कार्य सम्पन्न भएको छ । वाँकी आयोजनाहरू समयमा सम्पन्न गर्ने तर्फ कार्यालयले पहल गर्नु पर्दछ । खानेपानी तथा सरसफाई मन्त्रालयको अख्तियारी साथ खर्च गर्ने अख्तियारीको बुँदा नं. १५ मा उपभोक्ता समिबिाट काम गराँदा अनिवार्य रुपमा सामाजिक लेखापरीक्षण गर्ने व्यवस्था मिलाउनु पर्नेमा समाजिक परीक्षण गराएको पाइएन ।

५. **सर्वे प्रतिवेदन** : कार्यालयले विभिन्न ६ खानेपानी योजनाहरु विस्तृत सर्वे डिजाइन गराई रु.८१४१००।- खर्च लेखेको देखिन्छ । खानेपानी योजनाको विस्तृत सर्वे डिजाइन कार्यालयमा पेश भएकोमा उक्त प्रतिवेदन कार्यालयमा प्राप्त भएकोमा कन्सल्ट्यान्टबाट खानेपानी तथा ढल निकास विभागबाट स्वीकृत सर्वे नर्म्स अनुसार अनुसूची १ देखि १७ सम्मको विवरण सहितको सर्वे रिपोर्ट कार्यालयमा उपलब्ध गराउनु पर्नेमा सो अनुसारको विवरण समावेश नगरी रकम भुक्तानी गरेको पाइयो । सम्झौता अनुसारको रिपोर्ट प्राप्त गरी आम्दानी बाध्नु पर्ने देखिन्छ ।

६. **आयोजनाको स्थिति** : कार्यालयले पेश गरेको विवरण अनुसार ५ वर्ष भन्दा अगाडि शुरु भएको १२ खानेपानी आयोजनाको स्थिति अध्ययन गर्दा ती आयोजनाहरुमा हालसम्म रु.७,७१,५६,०००।- खर्च भएको देखिन्छ । ती आयोजनाहरुको निर्माण कार्य २०६६।६७ देखि शूरु भएकोमा २०७६।७७ सम्म म्याद थप भएको देखियो । तर ती आयोजनाहरुको भौतिक प्रगति विश्लेषण गर्दा ८ प्रतिशत देखि ५० प्रतिशतभन्दा कम प्रगति भएका आयोजनाको संख्या ११ रहेको मध्ये ताम्कु, जलजला र चैनपुर,

गैह्री पाङ्मा लगायतका खानेपानी आयोजनाको भौतिक प्रगति निकै कम देखियो । यही गतिले भौतिक प्रगति हुने हो भने चापाखर्क, प्यूटार र ज्यामिरकोट जस्ता खानेपानी आयोजना सम्पन्न हुन अझै वर्षौसम्म लाग्ने देखिन्छ । यसले गर्दा सरोकारवालाले आयोजनाको उपभोग गर्नबाट वञ्चित हुनु परेकोछ । आयोजना समय मै सम्पन्न गर्न कार्यालयले पहल गर्नुपर्दछ ।

७. **खानेपानी नीतिको कार्यान्वयन** : यस कार्यालयले पेश गरेका विवरण अनुसार नेपाल सरकारको सन् २०१७ सम्ममा आम जनतामा स्वच्छ खानेपानी पुराउने नीति लिएको छ । यस जिल्लाको जनसंख्या २०६८ को राष्ट्रिय जनगणना अनुसार १५८७४२ जना रहेकोमा २०७२/७३ सम्म खानेपानी उपलब्ध गराएको जनसंख्या १३०८६७ जना पुगेको छ । यसको प्रगति प्रतिशत ८२.४४ रहेको देखिन्छ । पूर्ण रुपमा खानेपानी सुविधा पुऱ्याउन कार्यालयले कार्यक्रम कार्यान्वयन गरी सो विषयमा ध्यान दिनुपर्दछ ।

८. **पाइप मौज्दात** : नेपाल सरकार (सचिव स्तर) को २०६२।११।८ को निर्णय तथा खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रानुसार पाइप तथा फिटिङ्स/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको ख्याल गरी सोको उपयोग गर्ने, अत्यावश्यक भएमा मात्र खरिद गर्ने व्यहोरा उल्लेख  छ । गत वर्षको पाईप बाँकी ४३ हजार मिटरको रु.९,५०,०००।- मूल्य वरावरको र यस वर्ष १ लाख ६३ हजार मिटरको रु.२,०९,५७,०००।- मूल्य वरावरको खरिद गरी जम्मा २ लाख ७ हजार मिटर मध्ये ७४ हजार मिटर प्रयोगमा आई रु.१,०९,६९,०००।-मूल्य बराबरको १ लाख ३२ हजार मिटर मौज्दात बाँकी रहेको देखिन्छ । बजेट खर्च गरी आवश्यक भन्दा बढी मौज्दात राख्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

९. **फिटिङ्स मौज्दात :** कार्यालयबाट प्राप्त विवरण अनुसार गत विगत वर्षको फिटिङ्स मौज्दात रु.३६१०८२०/- रहेकोमा यस वर्ष कार्यालयले रु.१११६५४२६/- मूल्यमा विभिन्न किसिमका फिटिङ्स सामग्री खरिद गरी रु.१०१७५६५६/- मूल्यका फिटिङ्स मौज्दात रहेको देखिन्छ । स्वीकृत वार्षिक कार्यक्रम अनुसार सोही वर्ष प्रयोग तथा जडान गर्ने गरी खरिद गर्नु पर्नेमा आवश्कभन्दा बढी मौज्दातमा रहने गरी खरिद गरिएको मनासिब देखिएन ।

१०. **गुणस्तर परीक्षण** : एच्.डी.पी.पाइप खरिद सम्बन्धी आपूर्तिकर्तासँग भएको सम्झौताको बुँदा नं. २५ मा हरेक लटमा आपूर्ति हुने पाइपको हरेक साइज तथा सिरिजको ल्याब टेष्ट गराउनुपर्ने तथा टेक्निकल स्पेसिफिकेशनको बुँदा नं. २.१.५ तथा खानेपानी तथा ढल निकास विभागको २०६९।९।१२ को परिपत्र अनुसार कार्यालयले आपूर्तिकर्ताहरूबाट आपूर्ति गरिने पाइपको स्वतन्त्र परीक्षण समेत गराउनु पर्ने व्यवस्था रहेको छ । आपूर्तिकर्तासँग भएको सम्झौताको सेक्शन-३ को बुँदा नं. ८ तथा टेक्निकल स्पेसिफिकेशनको बुँदा नं. २.१.४ अनुसार आपूर्तिकर्ताले हरेक कन्साइन्मेण्ट (लट) पिच्छे गुणस्तर परीक्षण गरेको प्रमाणपत्र उपलब्ध गराउनुपर्ने प्रावधान रहेकोमा नेपाल प्लाष्टिक प्रा.लि. धरानले उपलव्ध गराएका रु.१,३४,२८०००।- मूल्यका पाइपहरूको गूणस्तर सम्बन्धित कम्पनीबाट परीक्षण गरी सर्टिफिकेट उपलब्ध गराएको देखिन्छ । साथै टेक्निकल स्पेसिफिकेशनको बुँदा नं. २.१.५ मा पाइप तथा फिटिङ्सको गुणस्तर आवश्यकताका लागि कार्यालयले स्वतन्त्र परीक्षण समेत गराउन सक्ने व्यवस्था रहेकोमा त्यस्तो परीक्षण  गराएको पाइएन ।

११. **निर्माण कार्यको अभिलेख** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा प्राविधिक नाप, जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने तथा नियम १२५(२) मा निर्माण कार्यको स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन अनुसार भए/नभएको जाँच बुझ गर्नु, गराउनु पर्ने उल्लेख छ । कार्यालयले निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरू मार्फत् गराएको पाइप लाइन कार्य तथा रिजर्भ्वार ट्याङ्की, कलेक्शन

च्याम्बर, डिष्ट्रिब्युशन च्याम्बर, पब्लिक ट्याप स्ट्याण्ड पोष्ट जस्ता संरचनाहरू निर्माणको कार्य गर्दा सम्बन्धित कार्यको नापी किताब, रनिङ्ग बिल वा अन्तिम बिल कार्य सम्पन्न प्रतिवेदन लगायतका निर्माण अभिलेखांकन गर्ने अभिलेखहरूमा आयोजनाको स्किम नं., लोकेशन एवं चेनेज खुलाउने गरेको पाइएन । जसले गर्दा प्रारम्भ भएको धेरै वर्षपछि मात्र सम्पन्न हुने क्रमागत आयोजनाहरूमा गत विगतमा भएका कार्यहरू तथा हाल गरिने कार्यहरूबीच दोहोरोपना आउने अवस्था देखियो । लागत अनुमान आइटम र खुद आइटममा एकाइ वा रकम फरक परे नपरेको स्पष्ट हुने गरी आइटम वाइज कार्य अभिलेख प्रविष्ट गरी कार्यालय प्रमुखबाट प्रमाणित गराइ राख्नु पर्नेमा कुनै पनि कार्य सम्पन्न गरी विल भुक्तानी गरिएको आइटम वाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. १६७) मा प्रविष्ट गर्ने गरिको छैन भनी आन्तरिक लेखापरीक्षणबाट औलाएको भएपनि अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि सो सम्बन्धमा सुधार गरेको पाइएन ।तसर्थ यस्ता कार्यहरू गर्दा गराउँदा सोको उचित अभिलेखांकन गर्ने व्यवस्था हुनु पर्दछ ।

१२. **मुहान (मूल) विवाद -** ग्रामीण खानेपानी आपूर्ति तथा सरसफाइ सम्बन्धी राष्ट्रिय नीति, २०६० अनुसार मुहान दर्ता गरेर मात्र आयोजनाहरूको कार्य प्रारम्भ गर्नु पर्नेमा धुपु खानेपानी आयोजना (लागत अनुमान रु.२ करोड ३० लाख) र आँखीभूई खानेपानी आयोजना(लागत अनुमान ३ करोड) मा मुहान विवाद रहेको देखिन्छ । यस वर्ष रु.२७ लाख ३ खर्च गरेको छ । मुहान टुंगो लगाएर मात्र कार्यक्रम आयोजना अगाडी वढाउनु पर्ने देखिन्छ ।

१३. **वातावरणीय सरसफाई आयोजना** : स्वीकृत वार्षिक कार्यकम अनुसार गाँउ विकास समिति, नगरपालिकाको सामजिक उत्थानको लागि सार्वजनिक शौचालय सहयोग खानेपानी तथा सरसफाई संरचना निर्माण कार्य गर्न रु.१३ लाख वजेट विनियोजन भएकोमा रु.(१२,७९,०८९।- खर्च गरेको छ । विभिन विद्यालय तथा संघ संस्थामा वितरण गर्न भनी ५०० लिटरको १५ थान तथा १००० लिटरको ५ थान पोलिथिन टयांकी कोटेसन मार्फत खरिद गरी एक सल्पायर्सको २०७३।२।२७ को बिल अनुसार रु.२,५६,५३८।- खर्च लेखेको छ । वितरण गर्न खरिद गरिएका उक्त पानी टयांकीहरू सरोकारवालाहरूलाई वितरण नभई लेखापरीक्षण अवधि २०७३ माघ मसान्तसम्ममा पनि ५०० लिटरको १५ र १००० लिटरको २ गरी जम्मा रु.१,९४,४८४।- मूल्य वरावरको १७ पानी ट्याङ्की मौज्दात देखिएका छन । सामान लक्ष्य अनुरुप बितरण नभएकाले प्रगति हाँसिल भयो भनी भन्न सकिएन ।

१४. **वाटर मिटर खरिद** : मादी मुलखर्क, नुम चैनपुर र  गैरी पागंमा खानेपानी उपभोक्ता समितिलाई वितरण गर्न २६० थान वाटर मिटर खरिद गरी भुक्तानी रु.४१३१२७।- खर्च लेखेको छ । उपभोक्ताहरूलाई वाटर मिटर खरिद गरी वितरण गर्ने कार्य उपभोक्ता समितिको आफनो वजेटबाट गर्नु पर्नेमा कार्यालयको वजेटबाट खरिद गरी खर्च लेखेको उचित देखिएन ।

१५. **भेरियसन आदेश** : ठेक्का नं.SSTWSSDP/ICB-18 सिमाली खोला मारसिमा मुहानबाट खाँदवारी वजार खानेपानी ल्याउन खाँदवारी खानेपानी तथा सरसफाई उपभोक्ता समिति, दोश्रो साना सहरी खानेपानी आयोजना व्यवस्थापन कार्यालय र एक निर्माण व्यवसायीविच जनवरी ३१, २०१५ मा रु.३४,८३,७६,५२४।- मुल्यमा आयोजना सम्पन्न गर्न संझौता मे २३ ,२०१३ मा भएपनि एलाईनमेन्ट परिवर्तन गर्नुपरेको र प्राविधिक त्रुटीका साथ लागत अनुमान भएकोले दोश्रो भेरियसन अडर स्वीकृति सम्म ११.९८ प्रतिशतले वृद्धि भई रु.३८९९६३४५६।- भएको देखिन्छ । एलाईनमेन्ट परिवर्तन गर्नुपरेको र पाईप सुरक्षार्थ कंकृट व्लक बनाउनु पर्ने भएकोले २०७३।१०।- मा रु.१११,३०,६९१।- को तेस्रो भेरियसन आदेश  विभागीबाट स्वीकृत भएको छ । सो स्वीकृति सँगै १४.९७ प्रतिशतले वृद्धि भई ठेक्का मुल्य अहिले सम्म रु.४०,०५,१४,४१९।- पुगेको छ । तेश्रो

भेरियसन अर्डर नभई आई.पि.सि. १९ बाट २०७३।१।- मा रु.१,१०,५३,८५९।- भुक्तानी भएको नियम सम्मत देखिएन । भेरिएसन स्वीकृत नगराई भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

१५.१ **भेरियसन भुक्तानी :** पूर्वानुमान गर्न सकिने केही पाईप फिटिंगहरू लागयत अनुमान तथा डिजाईनमा समावेश नगर्नाले साथै लागत अनुमान, डिजाईन र ड्रईग पनि अनुकुलन(कन्सिष्टेन्ट) नहुनाको कारणले तेश्रो भेरियसन सम्म रु.५,२१,३७,८९४।- को स्वीकृति भएको देखिन्छ । शुरुको डिजाईन अनुसार पाईपको लम्वाई तथा प्रेसर रेटिर नमिलेको कारणबाट एलाईन्टमेन्ट परिवर्तन तथा डिजाईन परिवर्तन  गरी काम गर्नु परेकोले पहुच मार्ग निर्माण र छुट भएको फिटिंगको सामान खरिद गर्नु परेको देखिन्छ । यसो हुनुको कारणमा सर्वेक्षण, डिजाईन, एवं लागत अनुमान तयार गर्ने एक डिजाइन सुपरीभिजन कन्सलटेन्सी प्रा.लि.को लापरवाही एवं कमी कमजोरी देखिन्छ । यस्तो लापर्वाहीबाट क्षति भएको रकम छानविन गरी नियमानुसार क्षतिपूर्ति असुल गर्नु पर्दछ ।

१५.२ **गुणस्तरीयता एवं दिगोपन :** कार्यमा गुणस्तरीयता एवं दिगोपन हुनुपर्दछ । यस कार्यालयले खानेपानी तथा ढल निकास विभाग दोश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना व्यवस्थापनको कार्यालय पानी पोखरी, काठमाडौमा २०७३।१०।१७ गते एक कन्सल्टेन्सी फर्म प्रा.लि.को प्राविधिक प्रतिनिधि कार्यक्षेत्रमा उपस्थित नभएको व्यहोरा उल्लेख छ । पुनः २०७३।३।२४ मा खानेपानी तथा ढल विकास विभागमा पठाएको पत्रमा परामर्शदाताका प्रतिनिधि साथै निर्माण व्यवसायी कम्पनीको प्राविधिक हेर्ने प्रतिनिधि समेत कार्य क्षेत्रमा नरहेको उल्लेख छ । जसको कारणबाट वेलैमा गुणस्तरीय काम र सुपरीवेक्षण नहुने देखिन्छ । खाँदवारी खानेपानी उपभोक्ता तथा सरसफाई संस्था (खाँदवारी दोश्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना) का अध्यक्षका अनुसार कुवापानी देखि मानेभञ्ज्याङ्ग सम्म लगभग ३० किलोमिटर क्षेत्रमा सडक विस्तारको क्रममा खानेपानी पाइप लाइनलाई असर पुराएको  जानकारी हुन आएको एवं स्थलगत निरीक्षणको क्रममा खानेपानीको पाइप सडक विस्तारको क्रममा अधिकांश ठाँउमा सडक विस्तारको क्रममा पुरिएको र मानेभञ्ज्याङ्ग क्षेत्रमा  लगभग ५।६ मिटर तल सडक विचमा खानेपानी पाईप पुरीएको देखिन्छ । यसो हुनुको टाउन प्लानिर नहुनु, सडकको विस्तार क्षेत्र (क्याचमेन्ट एरिया)थाहा नहुनु, एकीकृत विकास योजना नहुनु र संस्थागत समन्वयको अभाव रहनु आदि कारण देखिएबाट यस आयोजनाको  दिगोपन हासिल गर्नका लागि  तथ्यगत एवं यथार्थपरक प्राविधिक पुष्टाई  एवं दीर्घकालिन आंकलन सहितको योजना तयार पारी  कार्य अगाडी वढाउनु पर्दछ ।

१६. **स्थलगत निरीक्षण** : खाँदवारी दोश्रो साना सहरी खानेपानी आयोजन को खाँदवारी वजार देखि कुवापानी सम्म स्थलगत निरीक्षण गर्दा केही केही ठाँउमा खानेपानीका पाईप सडक पेटीमा बाहिरै देखिने गरी रहेको, सडक निर्माण विस्तारको क्रममा पाईप विभिन्न ठाँउमा सडकबीचमा पर्न गई मानेभञ्ज्या□मा करिव ७ मिटर तल गहिरो पुरिएको, सडक निर्माण विस्तारको क्रममा मेशिन औजार चलाउदा खानेपानी प्रसार लाईनमा टुटफुट भईरहेको, सडक निर्माण विस्तारको क्रममा कुनै कुनै ठाँउमा पहिरो गई पाईप लाईनमा क्षती पुराएका, पाईप टुटफुट भई काम नलागेको अवस्थामा चिचिला वजारको चौरमा राखेको अवस्था देखिएको र पानी प्रशोधन केन्द्रमा पहिरो गई पर्खाल भत्काएको अवस्था साथै सो पहिरोले पुरै साईटलाई वगाउने खतरा देखिएकोले उल्लेखित विषयमा सुधार गर्नुपर्दछ  ।

१७. **पेश्की वाँकी** : अर्थिक वर्षको अन्तसम्म निर्माण व्यवसायी तथा कर्मचारीको नाममा रहेको पेश्की बाँकी रु.२४८२६२४।- सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ११३ र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ अनुसार फछ्र्यौट हुनुपर्दछ ।

## जिल्ला कृषि विकास कार्यालय

१. **आन्तरिक नियन्त्रण:** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। यस कार्यालयले जिन्सी निरीक्षण प्रतिबेदनमा उल्लेख भएका मर्मत गर्नुपर्ने तथा लिलाम बिक्री गर्नुपर्ने सामानहरू लिलाम एबं मर्मत बिक्रिको कारबाही गर्न सकेको देखिएन। भ्रमण अभिलेख खाता तथा निरीक्षण पुस्तिका पनि राखेको पाईएन। तसर्थ यसमा सुधार हुनुपर्दछ।

२. **तेस्रो चौमासिक र असारको खर्च** : विभिन्न कार्यक्रम खर्च रु.३,८७,१०,८७५।- मध्ये तेश्रो चौमासिकमा रु.२,१९,४२,३६१।- (प्रतिशतमा ५६.६८) र असार महिनामा मात्र रु.१,३९,८६,६५७।- खर्च (३६.१३ प्रतिशत) गरेको देखिन्छ। यसरी तेश्रो चौमासिक र असार महिनामा मात्र खर्च गर्ने प्रवृत्तिको अन्त गरी तोकिएको समयावधीमा नै कार्यक्रम सञ्चालन गरिनु पर्दछ।

३. **अनुदान :** विभिन्न कार्यक्रमका लागि विभिन्न कृषक समुह र कृषकलाई अनुदान स्वरुप रु.१,३९,०८,७२८।- दिएकोमा के कति कृषि फसल उत्पादन भई कृषकको जिवनस्तर माथि उकासेकोछ सो प्रतिवेदन प्राप्त नभएकोले एकिन गर्न सकिएन। यस सम्बन्धमा कार्यालयले ध्यान दिनु पर्दछ।

४. **विरुवा वितरण** : अलैची नयाँ क्षेत्र विकास कार्यक्रम अन्तर्गत यस कार्यालयले जुके चिया अलैची उत्पादन केन्द्र मत्स्य पोखरीबाट गोलसाई जातको ६५ हजार र रामसाई जातको ६० हजार गरी जम्मा १ लाख २५ हजार विरुवा प्रति विरुवा रु.१२।- का दरले रु.१५,००,०००।-को खरिद गरेकोमा कार्यालयको तर्फ बाट पचास प्रतिशतले हुन आउने रकम रु.७,५,००००।- र कृषकबाट पचास प्रतिशतले हुन आउने रु.७,५,००००।-अंश व्यहोरेको देखिन्छ। एक हेक्टर वा २० रोपनीमा (मोर्टालिटी रेट समेत) १५ हजार विरुवा लाग्ने नर्म्सको आधारमा ८.३३ हेक्टरमा विरुवा रोपन हुन सक्ने देखिन्छ। यस कार्यालयले १८७ जना कृषकलाई बढीमा ५ हजार र घटीमा २ सय विरुवा वितरण गरेको देखिन्छ। अलैची वगानको लागि जग्गा क्षेत्रफल र जनशक्तिको यकिन नगरी विरुवा वितरण गरेको देखिन्छ। यस विषयमा ध्यान दिई अलैची विरुवा वितरण गरिनु पर्दछ।

५. **विरुवा खरिद** : यस कार्यालयले रामसाई गोलसाई जातको अलैची प्रति वोट रु.८ र रु.१२ फरक फरक मुल्यमा खरिद गरेको देखिन्छ। यसरी नोरोङ खोला नर्सरी उद्योग पूवाखोला माईपोखरी इलामको दर रु.८ प्रतिविरुवाको सट्टा जुके चिया अलैची उत्पादन केन्द्र मत्स्य पोखरी ईलामबाट रु.१२ प्रति विरुवा का दरले १ लाख २५ हजार विरुवा खरिद गर्दा रु.५ लाख वढी व्ययभार परेको छ।

६. **उपकरण वितरण** : कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत पावर टिलर खरिद खर्चमा कृषकलाई ५० प्रतिशत अनुदान दिइने नीति अनुसार २० कृषकका लागि रु.८,००,०००।- वजेट व्यवस्था भएकोमा २२ वटा पावर टिलर रु.६५०००।-को दरले रु.१४,३०,०००।-मा खरिद गरेकोमा कार्यालयको तर्फबाट रु.७,१५०००।- सो पावर टिलरको लागि खर्च भएको देखिन्छ। पावर टिलर वितरणे पहिलो सम्पर्क गर्नेलाई पहिलो प्राथमिकता दिएर वितरण गरेको देखिन्छ। जिल्ला कृषि विकास समितिको निर्णय कार्यविधि विना यसरी वितरण गरिनु उचित देखिएन।

७. **वीउ वितरण** : कृषि प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका तथा नर्म्स २०७२।७३ अनुसार एक हेक्टरमा २० के.जी. विउ लाग्ने उल्लेख छ। विभिन्न किसिमको मकै वीउ १२२८१ के.जी. को रु.८६०९६०।- मा खरिद गरी ५० प्रतिशतले हुन आउने रु.४३०४८०।- कार्यालयको तर्फबाट अनुदान उपलब्ध गराएको छ। सो मकैको विउ चैनपुर, खाँदवारी, सितलपाटी, दिदिंग, नुम,

मांगतेवा, धुपु, याफु, स्यावुन, जलजला गा.वि.स.हरूमा बढीमा ५० के.जी. सम्म वितरण गरको देखिन्छ । मकै विउ प्राप्त गर्ने कृषकको जग्गा क्षेत्रफल, जनशक्ति, तथा अनुकुल क्षेत्र आदिको निर्क्योल विना वितरण गर्नु उचित देखिएन ।

८. **बढी भुक्तानी** : अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७० अनुसार तालीम प्रतिष्ठान वाहेक अन्य निकायबाट संचालीत तालीम तथा कार्यक्रम संचालन गर्दा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालीममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिएवापत पारीश्रमीक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था रहेको छ । जस अनुसार जिल्लास्तर कार्यक्रमको लागि सहायक स्तरका कर्मचारीहरूको लागि कार्यपत्र वापत रु.६००।- को दरले भुक्तानी दिनुपर्नेमा कक्षा लिएवापत रु.१५००।- को दरले भुक्तानी दिएको देखियो । कार्यालयले विभिन्न तालिम कार्यक्रम सञ्चालन गर्दा ६ व्यक्तिलाई तोकिएको रकम भन्दा वढी भूक्तानी दिएको रु.१,३१,५८०। असुल गर्नु पर्दछ ।

९. **मुहान विवाद** : कृषि प्रसार कार्यक्रम कार्यान्वयन निर्देशिका तथा नर्म्स २०७२।७३ को साना सिचाई विशेष कार्यक्रमले पहाडमा वढीमा २५ हेक्टर सिचाई हुने गरी नेपाल सरकारको तर्फबाट वढीमा रु.१ लाख ५० हजार सम्मको अनुदान दिने व्यवस्थाअनुसार १५ कृषक समुहलाई छनौट गरेको देखिन्छ । एक कृषक समूहसँग रु.१३८०२१।- को संझौता गरिएकोमा मुहान विवादको कारणले योजना कार्यान्वयन गर्न नसकेको देखिन्छ । साना सिचाई अनुदान वितरणका लागि समुह छनौट गर्दा स्थलगत निरीक्षण गरी वास्ववकिता वुझि मुहान एकिन गरी मात्र संझौता गर्नुपर्दछ ।

१०. **रकमान्तर** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(१) मा रकमान्तर गर्ने अधिकार अर्थमन्त्रालयको हुने व्यवस्था छ । एक गाँउ एक प्राविधिक छनौट गर्न लोक सेवा आयोगको कार्यविधि अनुसार खर्च गर्न सचिव स्तरीय २०७३।१।२० का निर्णयबाट खर्च गर्न मिल्ने शीर्षकबाट खर्च लेख्ने ,पछि रकमान्तर हुने तथा रकमान्तर भई आएपछि कृषि विभागले सोधभर्ना गर्ने उल्लेख भएकोमा सचिव स्तरीय निर्णयलाई आधार वनाई कृषि प्रसार कार्यक्रमको तलव शीर्षकबाट सो कार्यक्रममा रु.८७०८५।- खर्च लेखेको देखिन्छ । अर्थ मन्त्रालयबाट रकमान्तर भई सोधभर्ना नभएकोले सो खर्च नियमित देखिएन।

११. **लेखापरीक्षण** : विभिन्न तालुक ३ कार्यालयबाट यस कार्यालयमा कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत डाफ्ट तथा चेकबाट प्राप्त रु.३८१,५५०।- विविध खातामा देखाई कार्यक्रम सञ्चालनको विल भरपाई सहितको फाँटवारी सोही निकायमा पठाएको जनाई लेखापरीक्षणको लागि पेश हुन आएन ।

## जिल्ला प्राविधिक कार्यालय

१. **आन्तरिक नियन्त्रण** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । जिन्सी मालसमानको यथार्थ अवस्था चित्रण गर्ने गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको,भ्रमण अभिलेख खाता तथा निरीक्षण पुस्तिका नराखेको, एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाका लागि खरिद गर्दा खरिद गरुयोजना तयार नगरेको र वार्षिक दस लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्नु पर्दा वार्षिक खरिद योजना तयार नगरेको र खर्च भएका सवै विल भौचरहरूमा सिलसिलेवार नम्वर राखी प्रमाणित गरी भुक्तानी भयो भन्ने छाप लगाउने गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

२. **आषाढको खर्च** : बजेट तथा कार्यक्रम एवं चौमासिक कार्य लक्ष्य अनुसार अपेक्षित प्रगति प्राप्त हुनुपर्दछ । अख्तियारी ढिलो प्राप्त हुनु, चौमासिक कार्यक्रम र अपेक्षित लक्ष्य प्रगतिबीच समन्वय

कायम नहुनु, कार्यक्रम निर्धारित समयमा संचालन नहुनु, आदि कारणले रु.४,९३,२२०००।- मध्ये तेस्रो चौमासिकमा रु.३,५७,४४०००।- र असार महिनामा रु.१,८३,६६,०००।- खर्च भएको देखिएको छ । जम्मा खर्चको ७२.४७ प्रतिशत तेश्रो चौमासिकमा र अषाढ महिनामा मात्र ३७.२७ प्रतिशत खर्च भएको देखिएकाले चौमासिक खर्च र प्रगतिबीच तालमेल देखिदैन । अतः चौमासिक लक्ष्य, बजेट, कार्यक्रम एवं प्रगति बीच समन्वय ल्याई कार्यक्रम खर्च गरिनु पर्दछ ।

३. **खर्च शीर्षक** : खर्च संकेत बर्गीकरण अनुसार खर्च संकेत नं २२५११ मा कर्मचारी तालिम भनेर उल्लेख गरेकोछ र यस अन्तर्गत कर्मचारीको वृत्ति विकास तथा क्षमता वृद्धिका लागि दिईने तालिम, गोष्ठी, कार्याशाला सञ्चालन वापतको खर्च तथा दैनिक भ्रमण खर्च, प्रशिक्षक, श्रोत व्यक्तिको भत्ता समावेश गर्न सकिने उल्लेख छ । यस कार्यालयमा २०७२।१२।०२ मा खर्च शीर्षक नं. २२५११ मा कर्मचारी तालिममा रु.२० लाखको अख्तियारी प्राप्त भएकोमा सो उल्लिखित काम नगरी ल्याव टेक्निसियन असिष्टेन्ट, सुपरभाईजर, कार्यालय मसलन्द, वैठक भत्ता जस्ता कार्यमा रु.४५६८८७।- खर्च गरेको देखिन्छ । यसरी तोकिएको खर्च शीर्षक विपरित खर्च गरेकोले अनियमित देखिन्छ । नियम निर्देशिकाको पालना गरी कार्यक्रम खर्च गर्नु पर्दछ ।

४. **कार्य प्रारम्भ नगरेको** : एक निर्माण व्यवसायी र यस कार्यालय विच चैनपुर वाह्रविसे (०+००० देखि १६+०००) सडक स्तरोन्नती गर्न भ्याट सहित रु.९०५७६९७६।- मिति २०७२।१२।२३ मा भएको संझौतानुसार काम शुरु संझौता भएको मितिले १५ दिन भित्र कार्य शुरु गर्नुपर्ने व्यवस्था भएकोमा हाल सम्म पनि कति काम के भएको छ भन्ने विवरण प्राप्त नभएको र आषाढ मसान्त सम्म पनि कुनै भुक्तानी भएको देखिदैन । यस कार्यालयले उक्त निर्माण व्यवसायीको नाममा २०७३।७।७मा जारी गरेको पत्र अनुसार प्रथम माइलस्टोन मा ठेक्का संझौता मुल्यको १५ प्रतिशत भौतिक प्रगती कार्य शुरु गरेपछिको ५ महिना भित्र गर्नु पर्नेमा शुन्य प्रगती भएको वारे सजग गराएको व्यहोरा उल्लेख छ । कार्यालयले उक्त निर्माण व्यवसायीलाई तोकिएको शर्त वमोजिमको काम कार्वाही गराउन पहल गर्नु पर्ने देखिन्छ । कार्य गर्न नसक्ने भए संझौता बमोजिम कार्य प्रक्रिया अपनाई ठेक्का तोडी नयाँ ठेक्काको प्रक्रिया अगाडी वढाउन पर्दछ ।

५. **पारिश्रमिक** : एस.एन.आर.टि.पी.को नर्म्स कार्यविधि अनुसार १ देखि २ कि.मि.बराबरको लागि १ जना, महिनाको २६ दिनको जिल्ला दर रु.५१० प्रति दिनको दरले भुक्तान गरेको पाइन्छ । सोही प्रकृतिको सडकको लागि आर.ए.पि. ले १ देखि १.५ कि.मि.को लागि १ जना र महिनाको शनिवार वाहेक अन्य दिनको आधी दिन मात्र काम गर्ने गरी २६ आधा दिनको १३ पूर्ण कार्यदिनको कार्यकर्ताको जिल्ला दर रु.५१० प्रति दिनको दरले पारिश्रमिकता दिने नर्म्स कार्यविधि अनुसार जि.वि.स.ले भुक्तान गरेका देखिन्छ । यस कार्यालयले वार्षिक सडक मर्मत योजना २०७२।७३ अनुसार निम्न ६ सडकको १४२ कि.मि सडक खण्डमा . ७२ ग्रामिण सडक कार्याकर्ताको लागि रु.१०६१६२३८।- पारिश्रमिकता भुक्तानी गरेको छ । यसरी एस.एन. आर.टि.पि.को भन्दा आर.ए.पि. को नर्म्स अनुसार १४२ कि.मि. को लागि सडक कार्याकर्ता ७२ को ठाँउमा ९४ कार्यकर्ता भर्ना गरी रोजगार दिन सकिने साथै रु.३९७८०००।- वचत हुने पनि देखिन्छ । यस सम्बन्धमा कार्यालयले ध्यान दिनुपर्दछ ।

६. **कार्यसम्पन्न** : माल्टा खोला पुल एक प्रा.लि. ले भ्याट वाहेक रु.७३२०००। मा २०७२।१०।२३ मा सम्पन्न गर्ने गरी २०७२।९।७ मा र अर्को पांगमा खोला पुल ग्रीड कन्टक्सनले भ्याट वाहेक रु.५२२०००।- मा ६ फेव्रुवरी २०१६ मा सम्पन्न गर्ने गरी २७ डिसेम्वर २०१५ मा संझौता भएकोमा हाल सम्म डि.पि.आर.तयारी गरेको देखिदैन । यसले गर्दा पुल निर्माण कार्यमा वाधा पर्ने देखिन्छ । डि.पि.आर.तयारी गर्न ताकेता गरी कार्य अगाडी वढाउन पर्ने देखिन्छ ।

७. **नर्म्स भन्दा वढी भुक्तानी** : Technical Handbook, Guideline for Survey, Design & construction मा short span trail bridge वनाउन cost per m3 for collecting and hauling sand को लागि १.५१ मानिस दिन (म्यानडेज ) लाग्ने उल्लेख छ। दर विश्लेषण गर्दा १ घनमिटर वालुवा संकलन र ढुवानी गर्दा ३ मानिस कार्यदिनलाई आधार मानी झोलुंगे पुलको दर निर्धारण भई सोही अनुसारको कार्य भई भुक्तानी गरेकोछ । नर्म्स भन्दा वढी भएको रु.७६,६९४।- असुल हुनुपर्दछ ।

८. **पेश्की बाँकी :** अर्थिक वर्षको अन्तसम्म १५ विभिन्न निर्माण व्यवसायी , व्यक्ति, र उपभोक्ता समितिको नाममा रहेको पेश्की बाँकी रु.२४८२६२४।- क्रमशः सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट हुनुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **वित्तीय विवरण :** सार्वजनिक निकायले नियममा तोकेको ढाँचाबमोजिम लेखा राखी तयार गरेको वित्तिय विवरणले कारोबारको वास्तविक र यथार्थ चित्रण गर्नुपर्दछ । कार्यालयको बैंक नगदी किताब, जिन्सी खाता, आय खातालगायतका विवरणहरू लेखापरीक्षण अवधिसम्मसमेत प्रमाणित अवस्थामा नरहेको, समपुरक कोषका लागि उपलब्ध गराएको रकमलाई समेत आम्दानी देखाउने गरेको, एक अर्को खातामा रकम ट्रान्सफर गर्ने वा एक कार्यक्रमबाट खर्च लेखी अर्को कार्यक्रममा लैजाँदा हुने आन्तरिक कारोबारहरूलाई वित्तिय विवरण तयार गर्दा शून्य प्रभाव देखाउनुपर्नेमा हरेक पटक आम्दानी खर्च देखाउने, कतिपय शीर्षकमा हस्तलिखित भौचर र सफ्टवेयरमार्फत निकालेको भौचरबीच मिति फरक रहेको, कर तथा धरौटी कट्टा गरेको रकम तत्काल दाखिला नगरी पछि जोडेर एकमुष्ट दाखिला गर्ने गरेको, चालू वर्षको पेश्की बाँकीलाई फछ्र्यौट गर्ने मिति उल्लेखगरी सो आधारमा म्याद नाघे ननाघेको उल्लेख नगरी सबै पेश्कीलाई म्याद ननाघेकोमा बर्गीकरण गरेको जस्ता व्यहोरा देखिएकोले प्रस्तुत एकीकृत आय-व्यय विवरणले आर्थिक कारोवारको सही र यथार्थ चित्रण गरेको छैन । अतः तोकेको ढाँचा बमोजिम लेखा राखी वित्तीय विवरण तयार गर्नु पर्दछ ।

१.१ स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ अनुसार आम्दानी ठेक्का वापतको कवोल अंकमा मूल्य अभिवृद्धि कर समेत जोडी लिनु पर्ने व्यवस्था छ । जिल्ला निकासी कर वापत न्यूनतम कवोल अंक रु.५२३५३०३।- राखी मिति २०७२।२।२० गते सूचना अनुसार वोलपत्र प्रतिस्पर्धाको माध्यम बाट सवभन्दा वढी कवोल गर्ने एक व्यवसायीलाई कवोल अंक रु.८४९७७७७।- र भ्याट वापत रु.११०४७११।- गरी जम्मा रु.९६४२४८८।- भ्याट सहितको ठेक्का प्रदान गरिएकोमा कार्यदेश लिन अगाडी ठेक्का रकमको एकमुष्ठ वुझाउदा १० प्रतिशत छुट पाउने प्रावधान अनुसारको सुविधाको लागि ०७३।३।२० र ३० गते क्रमशः रु.५६०००००।- र रु.२०४८०००।- गरी जम्मा रु.७६४८०००।- गरेको देखिन्छ । भ्याट सहितको ठेक्का रकम रु.९६४२४८८।- मा १० प्रतिशतले हुन आउने रु.९६४२४९।- छुट कट्टा गरी रु.८६४२२३९।- जम्मा गर्नुपर्नेमा रु.७६४८०००।- मात्र जम्मा गरेकोले रु.९९४,२४०।- रुपैयाँ घटी जम्मा गरेको रकम रु.९९४२४०।- असुल गरी सर्वसञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

१.२ उक्त निकासी कर व्यवसायीले करको दर फरक पारी कर असुल गरेको भन्ने विषयमा जानकारी माग गर्दै २०७२।१२।१० मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग पूर्वाञ्चल क्षेत्रिय कार्यालय धनकुटाले पठाएको पत्र अनुसार यस जि.वि.स.बाट २०७३।१।२२ मा उत्तिस गोलीया काठ प्रति ट्रक रु.२००।- मा लिन पर्नेमा रु.१२००।- र रुद्रक्षा दानामा प्रति केजी. रु.०.२५ लिनु पर्नेमा रु.१ लिई तोकिएको दर भन्दा वढी कर लिएको उल्लेख गरेकोमा कति परिमाण वापत रसिद नं ००१ देखि

५००० सम्मको नगदी रसिद मध्येबाट कति बढी असुल गरेको खुल्न नसकेको हुदा सो छानविन गरी यकिन गर्नु पर्दछ ।

२. **बिल भरपाई :** निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८ (पाँचौ संसोधन २०७१) को नियम ९ (१) मा कार्यक्रममा भएको खर्चको विल भौचर सहितको विवरण सम्बन्धित उपभोक्ता समिति वा कार्य सम्पन्न गर्ने निकायले जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। सो कार्यक्रम अन्तर्गत जिल्लाको विभिन्न ५९ निकाय एवं संघ संस्थालाई रु.६३६००००।- भुक्तानी गरेको देखिन्छ । लेखापरीक्षण अवधी सम्म पनि कुनै पनि संस्था एवं निकायले नियममा उल्लेखित खर्चको विल भपाई जिल्ला विकास समितिमा उपलब्ध गराएको छैन । विल भपाई सहितको श्रेस्ता राखी हिसाव फरफराक गरिनु पर्दछ ।

३. **अग्रीम कर :** आयकर ऐन, २०५८ को दफा ८९ अनुसार १.५ प्रतिशतका दरले अग्रीम कर कट्टी गर्नु पर्ने व्यवस्था छ। कार्यालयले निम्नलिखित ३ संस्थालाई जिविस मार्फत सञ्चालन हुने स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम सञ्चालन गरी पेश्की फछ्र्यौट गर्दा आयकर ऐन, २०५८ को दफा ८९ अनुसार १.५ प्रतिशतका दरले अग्रीम कर कट्टी गर्नु पर्नेमा अग्रीम कर वापतको रकम कट्टा नगरी ३ संस्थालाई भुक्तानी गरेको पाइएकोले छुट कर वापतको रकम रु. ९०००।- असूल हुनुपर्दछ ।

४. **उपभोक्ता समिति :** जिल्ला विकास समितिलाई ग्रामीण खानेपानी तर्फको रकम खर्च गर्ने र सोको लेखापरीक्षण समेत गराउने गरी अख्तियारी प्राप्त भएकोमा दुई उपभोक्ता समितिहरूको नाममा रु.१५५००००।-अन्तिम लेखापरीक्षण समेत गराउने गरी निकासा खर्च लेखेको पाइयो । यसरी खर्च गर्दा सरकारी रकमको सही सदुपयोग तथा तोकिएको कार्यमा रकम खर्च नहुन सक्ने तर्फ जिल्ला विकास समिति चनाखो हुन आवश्यक छ भने रकम खर्च गर्ने तथा सोको अन्तिम लेखापरीक्षण समेत जिल्ला विकास समितिले नै गर्ने गरी विल भर्पाई अध्यावधिक गरी राख्नु पर्दछ ।

५. **संस्कृति प्रवर्द्धन कार्यक्रम :** जिल्ला विकास समितिले रकम खर्च गर्ने र सोको लेखापरीक्षण समेत गराउने गरी संस्कति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयबाट अख्तियारी प्राप्त भएकोमा ९ उपभोक्ता समितिहरूको नाममा अन्तिम लेखापरीक्षण समेत गराउने गरी रु.२१,५०,०००।- निकास खर्च लेखेको पाइयो । यसरी खर्च गर्दा सरकारी रकमको सदुपयोग तथा तोकिएको कार्यमा रकम खर्च नहुन सक्ने तर्फ जिल्ला विकास समितिले ध्यान दिनु आवश्यक छ भने रकम खर्च गर्ने तथा सोको अन्तिम लेखापरीक्षण समेत जिल्ला विकास समितले नै गर्ने गरी विल भर्पाई अध्यावधिक गरी राख्नु पर्दछ ।

६. **स्थानिय सडक :** स्थानीय स्तरका सडक पुल तथा सामुदायिक पहुँच सुधार परियोजनाको परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन :

६.१ कार्यालयले लागत अनुमान तयार गर्दा मोटर साइकल तथा ल्यापटप वि.ओ.क्यु (मूल्य सूँची) मा समावेश गरी रु.३८४२००।- निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ। बास्तबिक कामभन्दा अन्य सामानहरू समाबेस गरी लागत अनुमान तयार गर्दा योजनाको बास्तबिक लागत समेत एकिन नहुने अबस्था देखियो । यस्तो खर्च उचित देखिएन ।

६.२ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले निकुञ्ज भित्र बाटो लगायतका काम गर्न निशेध गरेको छ । अधिकारप्राप्त अधिकारीको लिखित अनुमति नलिई कुनै व्यक्ति समेत निकुञ्ज क्षेत्रमा प्रवेश गर्न नपाउने व्यवस्था ऐनले गरेको छ । मकालु ६ देखि वेश क्याम्प सम्म रु.१२१५०४३।- मकालु ७ देखि वेश क्याम्प रु.४७५०००।-बरुण किनार हुँदै मकालु बेश क्याम्प

रु.२६२१७६६। मा गरी जम्मा रु.४३११८०९।- को तीन सडक योजना मकालु बरुण राष्ट्रिय निकुञ्ज भित्र निर्माण गराउन संझौता गरेकोमा समितिले कानून अनुसार स्वीकृति लिएको पाइएन ।

६.३ बाटो मर्मत तथा सुधार र निर्माण गर्दा बाटोको कुल लम्वाई, चौडाई चेनेज नम्बर अनुसार खुलाउनु पर्नेमा चनेजमा भएको कामको परिमाण स्पष्ट छैन । कामको डिटेल क्वान्टिटी इस्टिमेट सिट समेत अनुमानमा आधारित भएकोले वास्तविक काम र अनुमानित परिमाणबीच मेल नखाने अवस्था रहेकोले जिल्ला विकास समितिले वास्तविक कामको नापजाँच गरेर मात्र अन्तिम भुक्तानी दिनु पर्ने देखिन्छ ।

६.४ पर्यटन पूर्वाधार चालू शीर्षकबाट भएका दुईवटा बाटो निर्माण मकालू ६ देखि बेसक्याम्प र मकालु ७ देखि वेशक्याम्प भन्ने उल्लेख गरी एउटै उपभोक्ता समिति मार्फत एकै स्थानमा रु.१६,९०,०००।- हजार काम गराएको देखिएकोले कामको स्पष्ट विभाजन देखिने गरी चेनेज अनुसारको बाटो निर्माणको अवस्था खुलाउनु पर्ने देखिन्छ ।

६.५ तुम्लिङ्गटार-हेलुवावेसी-चित्र-मेरापिक पदमार्ग निर्माण गर्दाको डिटेल क्वान्टिटी इस्टिमेट सिटमा कुल ३३८ मिटर सडक निर्माण गर्दा २८७.२ घनमिटर माटो काट्ने गरी क्वान्टिटी इस्टिमेट गरेको छ । यसरी क्वान्टिटी इस्टिमेट गर्दा जमिनको न्यूनतम उचाई र अधिकतम उचाईको औसत गणना नगरी सडकको लम्वाई, चौडाई र उचाईको आधारमा माटो काट्ने परिमाणको गणना गरिएकोले १४३.६ घनमिटर परिमाण कार्य प्रति घनमिटर रु.३९६।- का दरले वढी भुक्तानी भएको रु.५६९४७।- असुल गर्नु पर्दछ ।

७. **सामाजिक सुरक्षा कार्यक्रम :** सामाजिक सुरक्षा कार्यक्रमको परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन् :

७.१ जिल्ला विकास समितिबाट सामाजिक सुरक्षाको भत्ता वितरण गर्नको लागि गाउँ विकास समितिहरूले पेश्की स्वस्प रकम निकासा प्राप्त गरी सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्य विधि २०६९ मा भएको प्रावधान अनुसार सम्बन्धित नागरिकहरूलाई बितरण गर्ने र सम्बन्धित नागरिकलाई वितरण पश्चात सो को भपाई र उक्त कार्यविधिको अनुसूची ९ बमोजिमको प्रगति विवरण जिल्ला विकास समितिमा पेश गर्नु पर्ने व्यवस्था भए बमोजिम सोही प्रगति विवरणको आधारमा पेश्की उपलब्ध गराउनु पर्नेमा सो भए गरेको पाईएन । कार्यालयले गाविसहरूबाट अघिल्लो किस्ता भत्ता वितरणको चौमासिक प्रगति विवरण लिएर मात्र सामाजिक सुरक्षा भत्ता पेश्की निकासा दिनु पर्ने देखिन्छ ।

७.२ खाँदवारी नगरपालिकालाई एकल तथा बिधुवा महिला भत्ता बितरण गर्न पहिलो चौमासिकको ५८९ जनाको रु.२०००।- का दरले रु.११,७८,०००।- खर्च लेखेकोमा MIS Data प्रणाली अनुसार कूल ५१२ जना एकल तथा बिधवा महिलाको मात्र नाम नमेसी भएबाट वास्तविक भन्दा बढी संख्याको भत्ता खर्च लेखेको रु.१५४०००।- रकम असुल गर्नुपर्दछ ।

७.३ सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत गा.वि.स. र न.पा.लाई पेश्की दिएकोमा लेखापरीक्षण अवधि सम्म फछ्यौट हुन वाँकी रु.६,६४,७६,०००।- रहेको हुँदा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७७ अनुसार फछ्यौट गर्नुपर्दछ ।

८ **स्थानीय यातायात पूर्वाधार क्षेत्र :** स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्य क्रमको परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन :

८.१ सडक निर्माण कार्य अर्न्तगत ग्याविन वक्स भर्ने कार्यको लागि आवश्यक ग्याविन तारको परीक्षण कार्य गर्न लागत अनुमानमा समावेश गरी सोही अनुसार निर्माण व्यवसायीलाई भुक्तानी भएकोमा परीक्षण गरेको प्रमाण नभएबाट उक्त कार्य वापत ५ निर्माण व्यवसायीलाई भुक्तानी गरेको रकम रु.१२५९२ असुल हुनुपर्दछ ।

८.२ ओखरवोटे मुलखर्क मंगलवारे सडकको एक निर्माण व्यवसायीलाई सडकको निर्माणको लागि बीमा वापत रु.२२९५०।- भुक्तानी गरेकोमा एक ईन्स्योरेन्स कम्पनी लिमिटेडको रु.८४८०। बीमा प्रिमियम बुझाएको रसिद पेश भएबाट सो बीमा प्रिमियम रसिद वरावरको मात्र बीमा वापत भुक्तानी दिनुपर्नेमा रु.२२९५०।- भुक्तानी गरेबाट बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ ।

८.३ नुम मकालु सेडुवा सडक निर्माण कार्य गर्न कूल लागत अनुमान रु.१२८१२६४।- मध्ये जि.बि.स.बाट रु.११४००००।- र उपभोक्ताले रु.१४१२६४।- (११.०२ प्रतिशत)व्यर्होने गरी कूल उपभोक्ता समिति सँग २०७३ जेष्ठ २५ गते सम्ममा कार्य सम्पन्न गर्ने गरी २०७२ चैत्र २५ गते सम्झौता भए अनुसार कार्यालयको तर्फ रु.१०९७७२१।- खर्च लेखेको छ । उपभोक्ता समिति संग भएको सम्झौता अनुसार उपभोक्ताले कूल लागतको ११.०२ प्रतिशत जनसहभागीता अर्थात कूल कार्य सम्पन्न भएको रु.१२१९६९०।- को रु.१३४४१०।- अंश कट्टा गरी बाकी रु.१०८५२८०।- मात्र कार्यालयको तर्फबाट खर्च लेख्नु पर्नेमा रु.१०९७७२१।- खर्च लेखेबाट बढी खर्च लेखेको रु.१२४४०।- असुल गर्नुपर्दछ ।

८.४ हेलुवा बेशी सिसुबाटार बुधवारे वाला सडकको निर्माण कार्यको लागत अनुमान रु.३३,३५,०६२।- मध्ये जिल्ला बिकास समितिबाट रु.३००००००।- र जनसहभागीता वापत उपभोक्ता समितिको रु.३३५०६२।- समेत लागत भएको उक्त सडकको निर्माण कार्य सम्पन्न गरेको छ । उक्त निर्माण कार्य गर्न उपभोक्ता समितिले पेश गरेको बिल भरपाई परीक्षण गर्दा सिमेन्ट प्रयोग हुने आईटम कार्य सम्पन्न गर्न स्वीकृत नर्मस अनुसार ४०८.५५ वोरा सिमेन्ट आवश्यक हुनेमा उपभोक्ता समितिले एक स्टोरको बिल नं ३ मिति २०७२।१०।१८ बाट १२० वोरा र सोही स्टोरको बिल नं ८ मिति २०२।१२।२९ बाट २०५ वोरा गरी ३२५ वोरा मात्र सिमेन्ट खरिद गरको देखिन्छ । यसरी कार्य सम्पन्न गर्न चाहिने परिमाणको सिमेन्ट खरिद नै नगरी उक्त कार्य सम्पन्न भयो भनी कार्य सम्पन्न प्रतिवेदन तयार गरेकाले सो कार्य यथार्थ र स्तरीय छ भन्न सकिने अवस्था रहेन ।

९. **साना सिंचाई :** साना सिचाई तथा नदी नियन्त्रण कार्यक्रमको परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन् :

९.१ लंखुवा खोला लघु जल बिद्युत योजनाको बिभिन्न सामग्री एक इन्जिनियरिगंबाट खरिद गरेकोमा उक्त कम्पनीको कर बिजक अनुसार रु.२२९१६१७।- भुक्तानी गरेको छ । कार्यालयले उक्त सामान आर्थिक वर्षको अन्तमा प्राप्त भएकोमा कार्यालयको जिन्सीखातामा आम्दानी एवं उपभोक्ता समितिलाई समेत बुझाएको छैन । यसरी कार्यालयले सामानको भुक्तानी गरी सके पछि पनि कार्यालयको स्वामित्वमा सामान प्राप्त गरेको नदेखिएकाले जिन्सी खातामा आम्दानी वाँधिएको र सोको उपभोक्ता समितिलाई वुझाएको प्रमाण पेश हुनुपर्दछ ।

९.२ त्रिवेणीवेसी सिचाई योजनाको लागत अनुमान रु.११,०६,३०१।- मध्ये कार्यालयले रु.१०,००,०००।- र उपभोक्ताले रु.१,०६,३०१।- व्यहोर्ने गरी उपभोक्ता सँग भएको सम्झौता अनुसार कार्यालयले रु. ९,५०,०००।- खर्च लेखेको छ । लागत अनुमान अनुसार एच.डि.पि. पाईप बिराटनगर देखि खाँदवारी सम्म २८९५.१० के.जी. ढुवानी गर्न रु.२५,५९२।- खर्च लेखेकोमा एच.डि.पि.ई. ११०।४ को १७०० मिटर सामान खाँदवारीको एक स्टोरबाट २०७३।३।१६ को विल अनुसार खरिद भएको देखिंदा

खाँदवारीमा नै सामान खरिद गरी बिराटनगरबाट ढुवानी खर्च देखाएको रु.२५५९२। असुल गर्नुपर्दछ ।

९.३ पिखुवा खोला सिचाइ योजनाको लागि एच.डि.पि.ई. पाइप खरिद एवं ढुवानी कार्यको लागि कार्यालयले रु.८,००,०००।- र उपभोक्ताको रु.१३,०२९।- समेत कूल रु.८,१३,०२९। को लागत अनुमान अनुसार २०७२।९।२७ मा उपभोक्तासँग भएको सम्झौता अनुसार रु.८,००,०००।- खर्च लेखेकोमा ३४० मिटर पाईप खरिद गर्ने गरी सम्झौता भएकोमा नेपाल प्लास्टिक्स प्रा.लि. धरानको बिल अनुसार ३०९ मिटर मात्र पाईप खरिद गरेको छ । यसरी सम्झौता भन्दा ३१ मिटर पाईप घटी खरिद भएको छ । प्रोजेक्ट साईन वोर्ड खरिद गर्न रु.४,०००।- को भुक्तानी खर्च लेखेकोमा रु.२५०० को मात्र बिल भरपाई संलग्न भए बाट बिल भरपाई भन्दा बढी खर्च लेखेको रकम रु.१५००।- असुल गर्नुपर्दछ। साथै सम्झौता अनुसार २०७२।१२।२० सम्ममा कार्य सम्पन्न गर्नुपर्नेमा २०७३।१।२४ मा मात्र पाईप खरिद भएको देखिंदा तोकिएको अवधि भन्दा ३५ दिन ढिला गरी खरिद कार्य सम्पन्न भएको सम्वन्धमा स्पष्ट हुनु पर्दछ ।

९.४ आर्थिक केन्द्र तथा दुई जिल्ला जोडने सडक अन्तर्गत लेगुवा तुम्लिङ्गटार सडक मर्मत चेनेज ०+०००-४+००० को लागत अनुमान रु.६६,९७,७९३।५८ (मू.अ. कर सहित) को एक निर्माण सेवासँग कवोल अंक रु.३८,१७,२७५।- को सम्झौता २०७३ असार २५ भित्र कार्य सम्पन्न गर्ने गरी २०७३।२।१४ मा सम्झौता भएकोमा कार्य सम्पन्न भएको छैन । उक्त निर्माण व्यवसायीलाई बिल रकम रु.२०,५७,३९५।- को मू.अ.कर रु.२,६७,४६१।- समेत रु.२३,२४,८५६।- हुनेमा रु.२३,२६,८५६।- भुक्तानी गरेबाट बिल भन्दा बढी भुक्तानी गरेको रकम रु.२०००।- असुल गर्नु पर्दछ ।

९.५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नमिल्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु.३ लाख देखि १० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्र आव्हान गरेर तथा नियम ३१(१) अनुसार रु.१० लाख भन्दा बढी लागत अनुमान भएको मालसामान वा सेवा खरिद गर्दा बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले नियमावलीको उक्त व्यवस्था अनुसार एकमुष्ट खरिद प्याकेज बनाइं सिलबन्दी दरभाउपत्र, बोलपत्रको माध्यमबाट लेगुवा तुम्लीगंटार सडक मर्मत कार्य गराउनु पर्नेमा लागत अनुमान टुक्रायाई रु.५ लाख भन्दाघटीको लागत अनुमान तयार गरी ५ निर्माण व्यवसायीहरूबाट सिधै मर्मत कार्य गराई रु.१७५१३३९।- भुक्तानी गरेको नियम सम्मत देखिदैन । उक्त निर्माण कार्य गराउन निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार मर्मत सम्भार अवधि ६ महिना हुने र सो समय भित्र निर्माण कार्य विग्रेमा, भत्केमा सो को मर्मत सम्भार ठेकेदारले गर्नुपर्ने सम्झौता भएतापनि कार्यालयले भुक्तानी गर्दा धरौटी कट्टा गरेको छैन । यस तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

९.६ महभीर बाटो मर्मत कार्य गर्न रु.३०५,४८४।- को लागत अनुमान भएको मध्ये कार्यालयको तर्फबाट रु.२०००००।- तथा उपभोक्ता समितिको रु.१०५,४८४।- व्यहोंने गरी मिति २०७३।३।१० मा कार्य सम्पन्न गर्ने गरी मिति २०७३।२।५ मा सम्झौता भएकोमा उक्त कार्यको प्रथम रनिगं बिल वापत रु.१५०,२४९।- भुक्तानी भएको छ भने सम्झौताको अवधि समाप्त भै सकेको तथा म्याद थप समेत नभएको कारणले कार्य अधुरो रहेको छ । यसरी समय मै सम्झौता अनुसार कार्य सम्पन्न गरी तोकिएको लक्ष्य हासिल गर्नु पर्नेमा सो अनुसार भएको नदेखिंदा कार्यालयले तोकिएको लक्ष्य हासिल गर्ने तर्फ अग्रसर हुनुपर्ने देखिन्छ ।

१०. **बिल भरपाई :** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६ (३) मा यस नियमावली बमोजिम खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था रहेको छ। कार्यालयले २०७३।२।२८ को जिल्ला शिक्षा समितिको बैठकको निर्णय अनुसार भनी ५ बिद्यालयको लागि जस्तापाता खरिद गर्न बिद्यालयको खातामा रु.३,१०,०००।- अनुदान रकम जम्मा गरी खर्च गरेको छ । विल भपाईसहितको खर्च विवरण कार्यालयबाट पेश भएन । उल्लेखित नियमको पालना गरी यसमा सुधार गर्नु पर्दछ ।

११. **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा यस नियमावली बमोजिम खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले ५ बौद्ध गुम्वाको मर्मत कार्य गर्न रु. ५,००,०००।- सम्बन्धित गा.वि.स को खातामा उक्त अनुदान रकम जम्मा गरेकोमा सो को बिल भरपाई पेश भएको छैन ।

११.१ आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३६ (३) मा यस नियमावली बमोजिम खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था छ। कार्यालयले रुप्लुङ्ग सामुदायिक भवन जस्तापाता खरिद रु. १,००,०००।- माङ्तेवा सामुदायिक स्वास्थ्य क्लिनिक भवन छाना छाउने रु.१,००,०००।- वाना महोत्सव २०७३ मनाउन रु.२,००,०००।- गरी रु.४,००,०००।- अनुदान रकम सम्बन्धित गा.वि.स.को खातामा जम्मा गरेको आधारमा खर्च लेखेकोमा सो को विल भरपाई पेश भएको छैन । नियममा भएको व्यवस्थाको पालना गरिनु पर्दछ ।

**१२. अनुदान :** जिल्ला विकास समिति अनुदान तर्फको परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन :

१२.१ आइतेवार दोभानटार होक्से पिप्लेटार सडक निर्माण कार्य गर्न उपभोक्ता समितिसंग गत आर्थिक वर्ष सम्झौता भए अनुसार उक्त निर्माण कार्य एक निर्माण व्यवसायीबाट ५५.९६ घण्टा सडक खोल्ने कार्य गरेको प्रति घण्टा को रु.६७८०। मू.अ. कर सहित रु.३७३५२०।- को बिल पेश गरेको मध्ये कार्यालयको तर्फबाट रु.३३४४२५।- भुक्तानी गरेको छ। उक्त निर्माण व्यवसायी आयकर एवं मू.अ.करमा दर्ता भएको नदेखिएबाट निर्माण व्यवसायीले पेश गरेको बिल पनि यर्थाथ छ भन्न सकिने अवस्था नरहेकोले कार्यालयले रु.३३४४२५।- भुक्तानी गरेको रकमको सम्बन्धमा आवश्यक प्रमाण पेश हुनुपर्दछ ।

१२.२ आयकर ऐन २०५८ को दफा ८९ अनुसार रु.५०,०००।- भन्दा बढीको भुक्तानीमा १.५ प्रतिशत आयकर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयको गाडी मर्मत गरेको भनी गाडी मर्मत पेश्की रु.४,००,०००।- फछ्यौट् गरेकोमा गाडी मर्मत गर्न बिभिन्न फर्महरूबाट सामान खरिद गरेको बिलहरूको भुक्तानी मा आयकर ऐन अनुसार आयकर कट्टा गर्नु पर्नेमा आयकर कट्टा नगरेबाट रु.४००,०००।- को रु.६०००।- आयकर रकम असुल गर्नुपर्दछ ।

१२.३ अर्थिक वर्षको अन्तसम्म विभिन्न १७ निर्माण व्यवसायी तथा कर्मचारीको नाममा रहेको पेश्की बाँकी रु.७७६९६६०।- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ अनुसार फछ्र्यौट हुनुपर्दछ ।

१२.४ लिफ्ट सिष्टम खानेपानी योजना सम्पन्न गर्नको लागि बृहत तुम्लिंगटार खानेपानी उपभोक्ता तथा सरसफाई समिति, खा.न.पा. १३ तुम्लिंगटार र यस कार्यालय विच २०७२र१२।- मा भएको संझौता अनुसार रु.२०१४७८७।- निर्माणको काममा निकास खर्च भएको छ । त्यसै गरी खानेपानी तथा सरसफाई सव डिभिजन कार्यालयले पनि पाईप अनुदान दिएको देखिन्छ। स्थलगत अवलोकन गर्दा विद्युत जेनेरेटर खुल्ला ठाँउमा राखेको साथै पानीको लेवल घटेको कारणले लिफ्ट् छेउसम्म नदीको पानी आउने कुलेसो वनाई पानी जम्मा गरेको देखिन्छ। भोलिको दिनमा यसरी नै पानीको लेवल

(श्रोत) भेट्न कुलो वनाई लगाउनु पर्ने स्थिती भएमा दीर्घकालीन रुपमा पानी उपभोगमा समस्या आउने देखिन्छ, साथै अरुणको वहाव पानी भगालो पसी क्षति पुराउने संभावनालाई मध्यनजर गरी सुरक्षा अपनाउनु पर्ने देखिन्छ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । वार्षिक खरिद योजना नवनाएको, अधिकांश खर्च तेश्रो चौमासीकमा गरेको, जिन्सी अभिलेख यथार्थ नभएको, कर्मचारीको कार्यविवरण नभएको पाईयो । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **बजेट तथा खर्च** : कार्यालयको लागि यो वर्ष रु.१३,४८,८५,०००।- बजेट ब्यवस्था भएकोमा रु. ११,७३,३३,०००।-अर्थात ८६.९९ प्रतिशत कुल वित्तिय प्रगति देखिएको छ। एकीकृत जिल्ला स्वास्थ्य चालु कार्यक्रम अर्न्तगतको रु.३७,१२,०००।-को श्रोतगत फुकुवा नआए बाट सो सम्बन्धी कार्यक्रम सम्पन्न भएको देखिएन । बजेटमा व्यवस्था भएको रकम स्रोत फुकुवा नहुँदा वित्तिय प्रगति तथा भौतिक प्रगती कम भएको देखियो । यसैगरी गाभी अनुदान श्रोत तर्फ रु.२,००,०००।-, डब्लु. एच.ओ. सहायता स्रोत तर्फ रु.५८,०००।-, बेलायत सोघभर्ना अनुदान तर्फ रु.४,९४,०००।-, दाताको संयुक्त कोष सोझै भुक्तानी अनुदान स्रोत तर्फ रु. १२७५००।-, जी एफ म्याट अनुदान स्रोत तफ रु.४८,०००।- यु.एस.एड. सोझै भुक्तानी रु. १,४६,०००।- समेत रु.४४,१४,५००।- वजेट विनियोजन भएकोमा निकासा एवं खर्च गरेको देखिएन । बजेटमा व्यवस्था भएको रकम नियमानुसार निकाशा लिइ खर्च गर्नु पर्दछ ।

३. **दरबन्दी र पदपूर्ति** : कार्यालय र सो अन्तरगत अस्पताल १, प्राथमिक स्वास्थ्य केन्द्र २, स्वास्थ्य चौकी, ३६ गरी जम्मा ४० रहेका छन् । उक्त संरचनामा पेश भएको विवरण अनुसार विभिन्न तह र पदका प्राविधिक एवं अप्राविधिक गरी कुल २९२ पदको दरबन्दी मध्ये १३७ पदहरू पूर्ति भै १५५ पदहरू रिक्त रहेका छन् । मे.ज. १, मेडिकल अधिकृत १, सि.अ.हे.ब./हे.अ. २१ जना, अ.हे.ब.४१ जना र अ.न.मी. ३३, अन्य विभिन्न पद ५८ पद रिक्त रहेको देखिन्छ । पदहरू पूर्ति गरी सेवालाई निरन्तरता दिने र भरपर्दो बनाउन आवश्यक छ। प्रबर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक स्वास्थ्य सेवामा गुणस्तरीयता प्रदान गर्न एवं स्वास्थ्य सेवाको पहुँचमा बृद्धि गर्न दरबन्दी बमोजिम रिक्त जनशक्तिको पदपूर्ति हुनुपर्दछ ।

४. **औषधिको आवश्यकता** : वर्षभरिमा प्रा.स्वा.के., स्वा.चौ., उप स्वास्थ्य चौकी एवं पटके शिविर तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक औषधि कार्यालयबाट खरिद भई प्राप्त हुने परिमाण तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधिको वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिष्टमको आधारमा आपूर्ति व्यवस्थापन गरिनुपर्नेमा सो गरेको देखिएन । त्यस्तै ए.एस.एल./ई.ओ.पि. तह नतोकिएको कारण औषधिको मौज्दात कति हुनुपर्ने हो एकिन गर्न सकिएन ।

५. **परीक्षण** : प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका २०७१।०७२ बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरूमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि" भन्ने लोगो लगाउनुपर्ने व्यवस्था छ । त्यसै गरी सार्वजनिक लेखा समितिले म.ले.प. को ४८ औं प्रतिवेदनको निःशुल्क औषधि वितरण लोगोको व्यहोराका सम्बन्धमा सुझावलाई कडाई साथ लागू गर्ने निर्णय समेत गरेको देखिन्छ। कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधि तथा सर्जिकल सामानहरू

मध्ये बढी खपत हुने १० प्रकारका औषधि मध्ये एकमा “निःशुल्क” नलेखिएको, ”संस्थालाई मात्र आपूर्ति गर्ने” लेखिएको र एकमा केहि नलेखेको पाईयो । यसबाट निर्देशिकाले निर्दिष्ट गरेको विषयलाई पालना गरेको देखिएन । यसतर्फ कार्यालयले ध्यान दिइ निर्देशनको पालना गर्नु जरुरी छ ।

६. **हस्तान्तरण :** जिल्ला स्वास्थ्य कार्यालय अन्तरगतका स्वास्थ्य संस्थाहरूमा वितरण गरेको १० वटा हस्तान्त्ररण फारामको नमूना परीक्षण गर्दा सम्बन्धित संस्थाहरूमा हस्तान्तरण भै गएको औषधीहरूको दाखिला भएको नपाइएको र मूल्य नखुलेकोले औषधीको व्यवस्थित प्रयोग हुनेमा विश्वस्त हुन सकिएन ।

७ **लेखापरीक्षण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ (३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजू अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नु पर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औल्याइएका बेरुजूहरू अन्तिम लेखापरीक्षण्को अवधिसम्म पनि फछ्यौट गरेको पाइएन । नियमको परिपालना गर्नुपर्दछ ।

८ **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावलीको, २०६४ को नियम ३६(३) अनुसार खर्चको विल भपाई सहितको लेखा राख्नुपर्नेमा पोष्टमार्टम भत्ता बापत खर्च लेखेको रकममध्ये रु. ८,९२५।- रकम बुझ्केको विल भर्पाइ पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्दछ ।

९ **भत्ता :** कार्तिक महिनाको तलब भत्ता भुक्तानी गर्दा एक मेडिकल अफिसरको कार्तिक महिनाको स्थानीय भत्ता बापत् रु. ३,७५०।- तथा नन प्राक्टिस भत्ता बापत् रु. ६,४५०।- गरी जम्मा रु. १०,२००।- समेत खर्च लेखेकोमा हाजिरी रजिष्टर अनुसार निज कार्तिक महिनामा हाजिर भएको नदेखिएको हुँदा उक्त रकम असूल गर्नु पर्दछ ।

१० **स्थानीय भत्ता** : एक स्टाफ नर्स २०७२ माघ देखि फागुन १८ सम्म तालिमको सिलसिलामा काठमाडौं बसेको देखिन्छ । उक्त अवधिको स्थानीय भत्ता बापत् रु. ४,८९६। समेत भुक्तानी दिएको देखिएकोले उक्त रकम असूल गरी दाखिला गर्नु पर्दछ ।

११ **छूट** : एक छापाखानालाई कार्यालयको रासन खरिदको लागि टेण्डर आह्वानको सूचना एक समाचारपत्रमा प्रकाशन वापतको बिल भुक्तानी गर्दा जम्मा रु. ५७०००।- (भ्याट बाहेक) भुक्तानी गरेकोमा १५ प्रतिशतले संस्थागत छुट गराई बाँकी रकम भुक्तानी गर्नुपर्नेमा सो बमोजिम गरेको नपाइएको रु. ८८५०।- असुल गर्नु पर्दछ ।

१२ **तलवबाट सेवा करारको खर्च** : खर्च शीर्षकगत संकेत तथा वर्गिकरण, २०७० अनुसार सम्बन्धित खर्च शिर्षकमा लेखांकन गर्नुपर्ने व्यवस्था छ । खर्च शीर्षक नं. २२४१२ अन्य सेवा शुल्कबाट खर्च लेख्नु पर्ने सेवा करारका कार्यालय सहयोगी ६ जनाको रु. १२,०००।- को दरले १२ महिनाको रु.८६४,०००।- पारिश्रमिक रकम खर्च शीर्षक नं. २१११९ तलव बाट खर्च लेखेकोले रु. ८६४,०००।- नियमित देखिएन । कार्यालयले नियमको व्यवस्थानुसार खर्च गर्नु पर्दछ ।

१३ **राशन सिदा ठेक्का :** एक ट्रेड एण्ड सप्लायर्सलाई गत विगतदेखि अस्पतालका विरामी तथा कुरुवालाई राशन सिदा खुवाउने गरी सम्झौता भएकोमा २०७२ माघदेखि पुनः अर्को ठेक्का नलागेकोले साविकको दररेटमा राशन सिदा उपलब्ध गराउने गरी कार्यादेश दिएको पाइयो । कार्यालयले विरामी तथा निजका कुरुवालाई गुणस्तरीय खाद्यबस्तु आपूर्तिको सुनिश्चिततको लागि नियमानुसार राशन ठेक्का गर्नु पर्दछ ।

१४ **सट्टा/अतिरिक्त सेवा बिदा** : स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५५ मा स्वास्थ्य संस्था, अस्पताल, हेल्थपोष्ट जस्ता सार्वजनिक बिदाको दिनमा काम गर्नु पर्ने कार्यालयहरूमा कार्यरत कर्मचारीहरूले सार्वजनिक बिदाको दिन काम गरे वापत सट्टा बिदा पाउने र नियम ५६ मा हप्तामा चालीस घण्टा भन्दा बढी काम गर्नु पर्ने कर्मचारीहरूले बढी समय काम गरे वापत अतिरिक्त सेवा बिदा पाउने, तीन महिना भित्रमा पालो मिलाई बस्नु पर्ने, पालो मिलाई सट्टा बिदा लिन सकेको जति अवधिको तलब बराबरको भुक्तानी दिने नियमावलीले व्यवस्था गरेको छ । सट्टा बिदा र अतिरिक्त सेवाको अभिलेख सम्बन्धित कार्यालय प्रमुखले अद्यावधिक गरी राख्नु व्यवस्था रहेको छ। यस कार्यालयका मे.अ., अनमी, सि.अनमी, स्टाफनर्स, अहेव तथा सि अहेव लगायतका १८ जना कर्मचारीलाई सट्टा बिदा र अतिरिक्त सेवा बिदा वापत २०७२ साउन १ देखि २०७२ चैत मसान्तसम्मको रु.६११८२९।- मा १५ प्रतिशत कर कट्टा पश्चात रु.५२००५५।- भुक्तानी गरेको छ । यसरी रकम भुक्तानी गर्दा तोकिएको अवधिमा विदा वस्न नसक्ने कर्मचारीलाई मात्र यस्तो सुविधा उपलब्ध गराउने र अभिलेख प्रणालीलाई चुस्त दुरुस्त बनाएर खर्च लेख्नु पर्दछ । कर्मचारीलाई सिफ्टको आधारमा काम तोक्ने र आरामको लागि विदा वस्ने वातावरण मिलाएर यस्तो खर्चमा समेत कमी ल्याउन कार्यालयले पहल गर्नु पर्ने देखिन्छ ।

१५ **सुरक्षित मातृत्व कार्यक्रम** : कार्यक्रम नं. ३५ मा संस्थागत रुपमा सुत्केरी कम हुने जिल्लाहरूमा पि पि एच रोकथामको लागि मातृसुरक्षा चक्की कार्यक्रमको प्रशिक्षक प्रशिक्षण तथा विस्तार कार्यक्रमको लागि रु.१९ लाख ५५ हजार व्यवस्था भएकोमा एक प.हे.न.लाई पेश्की दिई रु.१६८९६५५ ।- फछ्यौट गर्दा देखिएको व्यहोरा निम्न छन् ।

१५.१ पि.पि.एच. रोकथामको लागि मातृसुरक्षा चक्की कार्यक्रमको प्रशिक्षक प्रशिक्षण तथा विस्तार कार्यक्रमको लागि आएको वजेट तथा निकासा क्यामारा, कम्प्युटर, व्याक अप, इर्न्भटर लगायत सामग्री रु.१५८९४०।- एक सप्लायर्सबाट खरिद गरी खर्च लेखेको देखिन्छ । यसरी असम्बन्धित शीर्षकको लागि भएको खर्च नियमित भएको देखिएन ।

१५.२ कार्यक्रम सञ्चालन निर्देशिका २०७२।७३ को कार्यक्रम बाँडफाँड र वजेट व्यवस्था प्रत्येक कार्यक्रमको अनुमानित लागत, खर्च आयोजना,बाँडफाँड गर्नुपर्नेमा सो आईटमहरूमा ईन्धन खर्च उल्लेख छैन । यस कार्यक्रमबाट इन्धन वापत लेखेको खर्च भुक्तानी रु. ४००००।- अनियमित भएको देखिन्छ । निर्देशिकामा उल्लेख भए बमोजिम पालना गर्नुपर्दछ ।

१५.३ आमा सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५ (दोश्रोसंसोधन २०६९) को दफा ५ को २ (क) प्रोटोकल अनुसार चार पटक गर्भवती सेवा (चौथो भिजिट पुरा गरेको) लिई स्वास्थ्य संस्था मै प्रसुती गराउने महिलालाई स्वास्थ्य संस्थाबाट डिस्चार्ज भै जाने वेलामा रु.४००। गर्भवती तथा प्रसुती उत्प्रेरणा सेवा बापत भुक्तानी दिनुपर्दछ । यस कार्यालयले जम्मा १०३८ जनालाई प्रसुती उत्प्रेरण सेवा वापत रु.४१५२०० मध्ये खाँदवारी अस्पताल वाहेकको २८ स्वास्थ्य केन्द्र र चौकीबाट चार पटक गर्भवती सेवा (चौथो भिजिट पुरा गरेको) लिएको प्रमाण विना नै ६२७ जनाको लागि खर्च लेखेको रु.२५०८००।- नियम संगत देखिएन । निर्देशिकाको पालना गरी कार्यक्रम तथा खर्च गर्नुपर्दछ ।

१५.४ जुन कार्यक्रम तथा प्रयोजनको लागि आएको वजेट तथा निकासा छ सोही कार्यक्रममा खर्च गरिनुपर्दछ । विपन्न नागरिक औषधी सिफारिस जिल्ला समन्वय समितिको वैठक भत्ता खर्च रु.२३९०००।- आमा सुरक्षा कार्यक्रम (सेवा प्रदान शोधभर्ना तथा यातायात खर्च) बाट खर्च लेखेको देखिन्छ । नियमको पालनामा ध्यान दिई उक्त रकम नियमित गर्नुपर्दछ ।

१६ **जापानिज इन्सेफ्लाईष्टिस खोप अभियान** : जापनिज इन्सेफ्लाईटिस खोप अभियान २०७२।७३ कार्यक्रम निर्देशिका को ३.५ अभियान सञ्चालन सम्बन्धी कार्यनीतिमा १ जना खोप कर्मिले १ दिनमा १२५ जनालाई खोप लगाउन सक्ने उल्लेख छ । १ देखि ५ वर्षका १३७४२ जना र ५ देखि १५ वर्ष ४०९५४ गरी जम्मा ५४६९६ वालवालिकालाई ५०० जना खोप कर्मिले खोप लगाए वापत रु.६००।- का दरले रु.३०००००।- खर्च लेखेको छ । निर्देशिका अनुसार ५४६९६ जनालाई खोप लगाउन ४३८ जना लाग्नेमा निर्देशिका विपरित ६२ जना खोप कर्मिको खर्च लेखि रु.३७२००।- वढी व्ययभार परेको देखिन्छ। यसमा निर्देशिका वमोजिम सुधार गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१७. **दादुरा रुवेला खोप अभियान** : राष्ट्रिय खोप कार्यक्रम दादुरा रुवेला खोप अभियान २०७२।७३ कार्यक्रम निर्देशिन ७.५ अभियान सञ्चालन गर्ने कार्यनीतिमा १ दिनमा एक स्वास्थ्यकर्मीले १२५ जनालाई खोप दिन सक्छ भन्ने उल्लेख छ । ९ महिना देखि २ वर्षका ३९९२ जना र २ वर्ष देखि ५ वर्ष सम्मको १०९०७ जना गरी जम्मा १४८९९ जना बालबालिकाहरूलाई ३६४ जना खोपकर्मिले खोप लगाए वापत रु.६०० का दरले रु.२१८४००। खर्च लेखेको छ। निर्देशिका अनुसार १४८९९ जनालाई खोप लगाउन १२० जना लाग्ने देखिन्छ । निर्देशिका विपरित २४२ जना खोप कर्मिको खर्च लेखि रु.१४६४००।- वढी व्ययभार परेको देखिन्छ। यसमा निर्देशिका वमोजिम सुधार गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१८. **एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम** : यसमा देखिएका व्यहोराहरु निम्न छन् :

१८.१ एक व्यक्तिले विभिन्न औषधि तथा बालभिटा ढुवानी गर्न भनी गत आ.ब.मा लिएको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ बमोजिम लिएको पेश्की हो, सो काम सम्पन्न भएको एक्काइस दिन भित्र सोही आ.ब.मा फछ्र्यौट गरिसक्नुपर्नेमा सो नगरी अर्को आ.ब.मा पेश्की फछ्र्यौट रु.४,४५,६१८।- गरेकोछ । प्रचलित कानुनी व्यवस्थाको पूर्ण परिपालना गरी आर्थिक सुशासन कायम गर्ने तर्फ कार्यालयको ध्यान जानु जरुरी देखिन्छ ।

१८.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ बमोजिम स्वीकृत नर्म्स अनुसार स्टिमेट तयार गरी सो अनुसार मात्र पेश्की दिनुपर्नेमा विभिन्न कार्यक्रममा रु.७०९२०० ।- पेश्की दिदा सो अनुसार नभएको साथै रु. ३,३८,०००। खाँदवारी अस्पतालको नाममा भुक्तानी खर्च लेखेकोमा बुझाएको भरपाई संलग्न भएको नदेखिएको हुँदा जम्मा रु. ११,५५,९४२।- को प्रमाण पेश हुनुपर्दछ ।

१८.३ पोर्टेवल हार्डडिस्क २ थान खरिद वापतको रु. १५,०००।- (मू.अ.कर बाहेक) का दरले जम्मा रु. ३३९००। भुक्तानी गरेकोमा उक्त सामानहरू खर्च भएर जाने जिन्सी खातामा आम्दानी बाँधेको देखिएको हुँदा उक्त सामानहरूलाई खर्च भएर नजाने जिन्सी खाता, म.ले.प. ४७ मा आम्दानी बाँधी श्रेस्ता नियमित गर्नु पर्दछ ।

१८.४ व्यवस्थापन सूचना कार्यक्रमबाट जिल्ला स्तरीय वार्षिक समिक्षामा सहभागी भएका कर्मचारीहरूलाई भ्रमण खर्चको रकम भुक्तानी भनी रु.१,३९,३२५। खर्च लेखेकोमा दै.भ्र.भ. विल, भ्रमण आदेश, कार्यक्रमको हाजिरी लगायत कुनै कागजात संलग्न भएको पाइएन । साथै उक्त भौ.नं. बाट कार्यक्रममा सहभागी सहजकर्ता र सहयोगीलाई खाजा वापत् एक होटल एण्ड लजको दुई थान पान विलबाट जम्मा रु.२२,८००। भुक्तानी खर्च लेखेको देखिन्छ । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम रु. पाँच हजार भन्दा बढी रकमको खरिदमा अनिवार्य रुपमा भ्याट दर्तावाला फर्मसँग मात्र कारोबार गर्नुपर्नेमा सो व्यवस्थाको परिपालना भएको पाइएन । साथै स्वीकृत नर्म्स अनुसार कार्यक्रम सञ्चालन तालिका, सहभागीहरूको हाजिरी, खर्च विवरण, प्रतिवेदन लगायतका कागजात बेगर रु.१,३९,३२५।- खर्च गरेको नियमसम्मत देखिएन ।

१९ **दोहोरो खर्च :** एक प.हे.न.लाई दिएको अब्स्टेटिक फिष्टुला र पाठेघर खसेको महिलाहरूको निःशुल्क स्किनिङ शिविर सञ्चालन गरी रु. १२०,०००।- पेश्की फछ्र्यौट गरेको देखिन्छ, । उक्त शिविरको लागि विभिन्न ३ विलबाट जम्मा रु.३७,९८२।५० को औषधी तथा स्वास्थ्य सामग्री खरिद भएकोमा विरामीलाई बाँडी खर्च भएको विवरण अभिलेख तथा बाँकी रहेको भए स्टोर दाखिला भएको विवरण संलग्न भएको नदेखिएकोले यथार्थ खर्च हो भन्ने अवस्था देखिएन । त्यसै गरी उक्त कार्यक्रमको लागि अफिसको गाडी प्रयोग गरेको भनी ३० लि. डिजलको रु. २,५५०। को विल तथा सवारी लगबुक संलग्न छ । साथै उक्त शिविरको लागि जिल्ला स्वास्थ्य कार्यालयबाट औषधी, औजार, उपकरण तथा अन्य सामग्रीहरू ढुवानी गरे वापत् भनी विभिन्न व्यक्तिहरूलाई रकम बुझाएको भरपाई संलग्न राखी ७,५७३।५० खर्च लेखेको देखिन्छ । एउटै प्रयोजनको लागि दोहोरो खर्च लेखेको देखिएको हुँदा सो रकम रु.७,५७३।५० असुल गर्नु पर्दछ । उक्त कार्यक्रमको पेश्की फछ्र्यौट गर्दा संलग्न विल भरपाई अनुसार मटितेल ४५ लि. को रु. ४,९५०।- खर्च लेखेकोमा कहाँ कति प्रयोग भयो, के को लागि मट्टितेल खरिद तथा खर्च भयो भन्ने खुल्न नसकेकोले उक्त खर्चको प्रमाण भए पेश गरी नियमित गर्ने अन्यथा सो समेत असुल गर्नु पर्दछ ।

२० **बिल भरपाई :** शहरी महिला स्वयंसेविकाहरूको अर्धवार्षिक समिक्षा कार्यक्रम वापत रु.२३,६९९।- खर्च लेखेकोमा सहजकर्ता तथा प्रशिक्षकरुले रकम बुझेको भरपाई संलग्न राखि विभिन्न कर्मचारीहरूलाई बुझाएको जम्मा रकम ५,२७०।- कार्य सञ्चालन निर्देशिकामा व्यवस्था भएको देखिएन । साथै उक्त कार्यक्रमको टिप्पणी आदेश, निर्णय, कार्यक्रम सञ्चालन तालिका, प्रशिक्षण सामग्री तथा कार्यक्रम प्रतिवेदन समेत संलग्न भएको नेदेखिएको हुँदा उल्लेखित कागजातहरू भए संलग्न राखी श्रेस्ता नियमित गरी पेश गर्नुपर्ने देखियो ।

२१. **न्यानो झोला :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ अनुसार बोलपत्र छनौट भएपछि स्वीकृत गर्ने आशयको सूचना दिनुपर्ने व्यवस्था भएकोमा सोको परिपालना भएको पाइएन । एक कन्सर्नसँग न्यानो झोला खरिद गर्न रु. २०,६५,८६६।- (मूअ.कर समेत)मा भएको सम्झौताको बुदा नं. ९ मा विल भुक्तानी गर्दा ५% धरौटी कट्टी गर्ने व्यवस्था भएकोमा सोको परिपालना भएको देखिएन । सो कन्सर्नबाट पेश भएको वील भुक्तानी माग निवेदनमा स्टोरकिपर, प्रशासन र प्राविधिकको टिमले गुणस्तर परिमाण चेक गरी प्रतिवेदन पेश गर्ने भनी तोक आदेश भएको देखिए तापनि उल्लेखित कार्य गराई प्रतिवेदन पेश भएको नदेखिएको हुँदा प्रचलित कानुन अनुसारका प्रक्रिया पुर्‍याई, खर्च पुष्टि हुने आधार प्रमाण संलग्न राखी श्रेस्ता नियमित गर्नुपर्ने देखिन्छ ।

२२ **औषधी खरिद :** यस वर्ष कार्यालयले बोलपत्रको माध्यमबाट एक डिष्ट्रिव्यूर्टस संग रु.३४,६२,९१५।- को सम्झौता गरी रु. २२,६६,५६७- मुल्य बरावरको औषधी खरिद गरेको देखिनयो । औषधी खरिद गरी भुक्तानी गरेको फाँटवारी परीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छन् :

२२.१ आपूर्तिकर्तासँग सम्झौतामा आपूर्तिको औषधी गुणस्तरयुक्त हुनुपर्ने र आपूर्ति गर्दाको अवस्थामा १८ महिना म्याद भएको हुनुपर्ने भन्ने उल्लेख छ तर उक्त औषधी प्राविधिक दृष्टिकोणले गुणस्तरिय भए नभएको सम्बन्धीत प्राविधिकबाट प्रमाणित भएको देखिएन र आपूर्तिकर्ताले औषधी आपूर्ति गर्दा औषधीको ब्याच नम्बर, जेनेटिक नाम, उत्पादन मिति, एक्स्पायर मिति समेत खुल्ने कागजात दिएको छैन जसको कारण प्राप्त औषधीको १८ महिना म्याद भए नभएको यकिन गर्न सकिएन ।

२२.२ वोलपत्रदाताले बिभिन्न ७९ आईटमका रु.३०,३५,५४४।- का मूल्य वरावरका औषधि कार्यालयमा बुझाएकोमा कार्यालयबाट बिभिन्न २८ आईटमका औषधिहरू मूल्य रु.२८६६७५।- का औषधिहरूको सम्झौता अनुसार उपलव्ध गराउन नसकेको तथा बोलपत्रदाताले बुझाएका ७९ आईटम मध्ये पनि २० आईटमका औषधिहरू १८ महिनाको म्याद नपुग्ने भएको कारण कार्यालयले रु.७५०३९४।-

मूल्य बराबरको औषधि फिर्ता गरेको छ । बोलपत्रदाताले बोलपत्र अनुसारको औषधि उपलब्ध नगराएको कारणले बिभिन्न स्वास्थ संस्थाहरमा औषधिको अभावलाई मध्येनजर गरी सार्वजनिक खरीद नियमावली २०६४ को परिच्छेड १५ नियम १४५ बमोजिम वजारबाट सौभै खरीद गर्ने निर्णय गरी रु.८१३,२६५।- बराबरका औषधि तथा सर्जिकल सामानहरू बिभिन्न औषधि फर्महरूबाट खरीद गरेको देखियो । संभौता गर्दा नियमानुसारको व्यवस्था गरी ठेक्का व्यवस्था चुस्त बनाउनु पर्दछ ।

२२.३ कार्यालय र आकाश मेडिसिन डिष्ट्रिव्युटर्सबीच मिति २०७२।९।१८ मा भएको सम्झौताको शर्तको बुदा नं. ६ मा ३५ दिन भित्र औषधिहरू कार्यालयमा आइपुग्ने गरी पठाउनुपर्ने उल्लेख छ। साथै सम्झौता म्याद थप सम्बन्धमा कुनै व्यवस्था भएको देखिदैन । मिति ०७३।१।१५ को म्याद थप निवेदन अनुसार ०७३।२।१० सम्म ०७३।२।९ को अर्को पत्रानुसार ०७३।३।५ सम्म गरी पटक पटक म्याद थप भएको देखिन्छ । तर कार्यालयले म्याद थप गर्दा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० अनुसार म्याद थप सम्बन्धमा विचार विश्लेषण तथा निर्णय गरेको पाइएन । सिधै तोक आदेशको आधारमा म्याद थप भएको उपयुक्त देखिएन ।

२३. **ढुवानी खर्च** : एक खोप सुपरभाईजरले बिभिन्न स्वास्थ्य केन्द्रहरूमा खोप कार्यक्रम संचालन गर्न खोप सामग्री ज्यामीबाट बोकानी गरी ढुवानी गरेको भनी ज्याला खर्च लेखेकोमा कति परिमाणका सामाग्री कुन दरले प्रति किलो कति दरले ढुवानी गरी खर्च लेखेको हो सो खुल्ने प्रमाण वेगर रु. ३२१०००।- ढुवानी खर्च नियमित नभएकोले खर्च गर्दा नियमअनुकुल हुने गरी खर्चगर्नुपर्ने देखिन्छ ।

२४. **बैठक भत्ता :** अर्थ मन्त्रालय, कार्य सचालन निर्देशिका, २०७० अनुसार एउटै निकाय र अर्न्तगतका पदाधिकारी कर्मचारी मात्र बस्ने वैठकमा वैठक भत्ता दिन नमिल्ने उल्लेख छ तर कार्यालयले फोहरमैला व्यवस्थापन समितिको बैठक बसेको भनि विभिन्न १९ कर्मचारीलाइ बैठक भत्ता बापत भुक्तानी रकममा १५ प्रतिशत कर कट्टा गरी भुक्तानी भएको रकम रु. २९२४०।- असुल गर्नु पर्दछ ।

२५. **भत्ता** : एक खोप सुपरभाईजरको खोप सुद्दढीकरण तथा दिगोपन कार्यक्रम संचालन गरेवापत रु.२०००००।- खर्च लेखेकोमा कार्यालयका ८ जना कर्मचारीहरूको खोप सुद्दढीकरण कार्यक्रम तथा सुपरभिजन भनी दैनिक भ्रमण भत्ता वापत रु.५००००।- खर्च लेखेको छ । उक्त कार्यक्रम संचालन निर्देशिका अनुसार जिल्ला तथा स्थानीयस्तरको गोष्ठी तथा बैठक संचालन गर्न खाजा, म.स्वा.से. लाई यातायात खर्च र वजेटको परिधिमा रही सार्वजनिकरणको दिन आईपर्ने बिबिध खर्च लेख्न सकिने भनी उल्लेख भएबाट निर्देशिका बिपरित दैनिक भ्रमण भत्ता खर्च लेखेको नियम सम्मत देखिएन ।

२६. **भरपाई :** स्वास्थ्य स्वंय सेविकाहरूले समुदायमा पुराएको अमूल्य योगदानको कदर गर्दै ६० वर्ष उमेर पुगेका र शारिरीक रुपमा असक्त म.स्वा.स्व.सेविकाहरूलाई एकमुष्ठ रु.१००००।- का दरले सम्मानजनक बिदाई गरेको भनी बजेट रकम नं २२५२२ बाट ७ जनाको रु.७००००।- खर्च लेखेकोमा उक्त रकम सम्बन्धित व्यक्तिहरूलाई बुझाएको भरपाई हुनुपर्नेमा स्वास्थ्य चौकी इर्न्चाजहरूले उक्त रकम बुझेको देखिंदा सम्बन्धित व्यक्तिहरूले नै बुझेको भरपाई प्रमाण पेश हुनु पर्दछ ।

२७ **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार रु.३०००००।- भन्दा बढी रकमको सामान खरिद गर्नुपर्दा सिलवन्दी दरभाउको माध्यामबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्न बिभिन्न सामान एक ट्रेडको निम्न बिल नं. र मितिको बिलबाट सोझै खरिद

गरेको रु. ३६३२९५।- कार्य नियम सम्मत नभएको भनी आ.ले.प.बाट समेत औंल्याइएकोमा हाल सम्म स्थिति यथावत नै रहेको छ ।

२८ **टुक्रा गरी खरिद** : सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १९(२) अनुसार रु.५०००।- भन्दा बढी मूल्यका सामान खरीद गर्दा मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्मबाट सामान खरीद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले एक किराना पसल एण्ड सप्लायर्सको १० बिल अनुसार बिभिन्न सामान २०७३।२।२१ देखि २०७३।३।३ सम्म खरिद गरेको भनी टुक्रा टुक्रा गरी खरिद गरेको कार्य नियम सम्मत नभएको भनी आ.ले.प.बाट समेत औंल्याईएकोमा हाल सम्म बेरुजू फछ्र्यौट गरेको छैन ।

२९ **बढी खर्च :** कार्यालयको स्वीकृत वार्षिक कार्यक्रमको सि.न. ८ अस्पताल सुद्रृढीकरण कम्पोनेन्टमा कूल वजेट रु.३१०००००।- विनियोजन भएको मध्ये निर्देशिका अनुसार प्राप्त रकम विभिन्न ९ आइटममा खर्च गर्ने गरी खर्चको प्रतिशत निर्धारण भएको छ । सो मध्ये क्लिनिकल सेवा विस्तार, औजार उपकरण खरिदमा २५ प्रतिशत निर्धारण भए अनुसार रु.७५००००।- को बजेटको परिधि भित्र रही खर्च गर्नुपर्नेमा रु.९७४२७६।- खर्च गरेबाट निर्धारित बाडफाँड भन्दा रु.२२४२७६।- बढी खर्च गरेको छ । यसरी निर्धारित वजेट भन्दा बढी खर्च गरेको नियम सम्मत देखिएन ।

३० **बढी फछ्र्यौट** : एक पनिअको रु.५३५०००।- पेश्की फछ्र्यौट गर्दा पेश भएको विल भर्पाइ रु. ४४२७४५।- हुनेमा रु. जम्मा ४५६५५००।- पेश्की फछ्र्यौट गरेको पाइएकोले वील भपाई भन्दा बढी रु. १३७५५।- पेश्की फछ्र्यौट भएको असुल गर्नु पर्ने देखिन्छ ।

३१ **कर कट्टी** : आयकर ऐन, २०५८ को अनुसूची १ (क) अनुसार प्राकृतिक व्यक्तिको ३०००००।- सम्मको आयमा १ प्रतिशत कर लाग्ने व्यवस्था छ । जिल्लाका ३२४ महिला स्वास्थ्य स्वयम् सेविकाहरूलाई आर्थिक वर्ष २०७२।७३ को पोषाक भत्ता रु. ६०००।- को दरले रु. १९४४०००।- वितरण गर्दा आयमा समावेश नगरेको कारणले १ प्रतिशतले हुने रु. १९४४०।- कट्टा गर्न छुट भएको असुल गर्नु पर्दछ ।

३२ **छूट** : एक छापाखाना इटहरीलाई कार्यालयको सूचना नेपाल राजधानी दैनिकमा प्रकाशन वापतको बिल भुक्तानी गर्दा जम्मा रु. ५१०००।- (भ्याट बाहेक) भुक्तानी गरेकोमा १५ प्रतिशतले रु. ७६५०।- संस्थागत छुट गराई बाँकी रकम भुक्तानी गर्नुपर्नेमा सो बमोजिम गरेको नपाइएको असुल गर्नु पर्दछ ।

३३ **बहाल कर** : एक प.नि.अ.को नाममा रहेको परिवार नियोजन स्थायी बन्ध्याकरण कार्यक्रम पेश्की फछ्र्यौट गर्दा जम्मा रु.६३००० खर्च लेखेकोमा स्वीकृत नर्म्स पेश हुन आएन । उक्त कार्यक्रम सञ्चालनको लागि कर्मचारीहरू सम्बन्धित फिल्ड र कार्यालय आवतजावत गर्न भनी सम्झौता गरी गाडी भाडामा लिई त्यस वापत् रु.३५,०००। भुक्तानी गरेकोमा बहाल कर (१०%) वापत रु.३,५००।- कट्टी गरी दाखिला गर्नुपर्नेमा सो भएको नदेखिएको हुँदा उक्त रकम असुल गर्नु पर्दछ ।

३४ **प्रतिवेदन :** प्रतिवेदन पारिश्रमिक भनी एक पहेनलाई १,०००।- रकम भुक्तानी गरेकोमा कार्यक्रमको प्रतिवेदन संलग्न भएको नेदेखिएको हुँदा असूल गर्नु पर्दछ ।

३५ **पेश्की बाँकी** विभिन्न स्वास्थ्य संस्था नाममा दिएको पेश्की रकम आ.व.को अन्त्यसम्म पनि रु. २०३४००।- फछ्यौट भएको नदेखिएकोहुँदा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम फछ्यौट गर्नु पर्दछ ।

३६ **निर्देशिका विपरित खर्च :** राष्ट्रिय स्वास्थ्य शिक्षातर्फ एक सि.अ.हे.व.को बिभिन्न कार्यक्रम संचालन पेश्की रु.१०७०००।- फछ्यौंट गरी नपुग रु.८७०००। सोधभर्ना समेत रु.१९४०००।- खर्च लेखेकोमा वार्षिक कार्यक्रमअनुसार क्रियाकलाप नं ४ को स्वास्थ्य सम्बन्धी दिवसहरू मनाउने १० पटकको लागि रु.१३४,०००।- वजेट बिनियोजन भएकोमा ५ वटा बिभिन्न दिवस मनाएको भनी बिनियोजित भएको पुरै बजेट खर्च गरेको छ। स्वीकृत वार्षिक कार्यक्रम अनुसार १० पटक कार्यक्रम संचालन गर्न बिनियोजित भएको बजेटबाट ५ पटक मात्र कार्यक्रम कार्य सम्पन्न भए अनुसार वजेट पनि सोही अनुसार रु.६७,०००।- मात्र खर्च गर्नु पर्नेमा पुरै बजेट खर्च गरेकोले असुल गर्नु पर्दछ ।

३७ **कार्य सम्पन्न अगावै भुक्तानी :** स्वास्थ्य सम्बन्धी एफ.एम.रेडियो कार्यक्रम वा संदेश उत्पादन, प्रसारण कार्यक्रमको संचालन गर्न (८०० पटक) को लागि रु.३०००००।- वजेट विनियोजन भए अनुसार विभिन्न संचारगृहसंग विभिन्न मितिमा सम्झौता गरी भुक्तानी गरेकोमा ती संचारगृहहरूले सम्झौता भएको अवधि सम्मको कार्यावधि सम्पन्न गरी सके पछिमात्र सम्झौता अनुसारको रकम भुक्तानी गर्नुपर्नेमा समयावधि समाप्त नहुदैं पुरै रकम भुक्तानी गर्दा सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने कार्य सम्पन्न भयो भनी यकिन गर्ने आधार भएन ।

३८ **बढी भूक्तानी :** एक टेलिभिजनमा जिल्ला स्वास्थ्य कार्यालयको सूर्ति जन्य पदार्थ सम्बन्धी स्कोलिङ्ग बिज्ञापन २२ दिनको प्रति दिनको रु.१०००। का दरले रु.२२०००। दिने गरी एक एडभरटाईजिङ प्रा लि सँग २०७३।३।१ मा सम्झौता भएकोमा उक्त एजेन्सीको २०७३।३।२१ को बिल अनुसार २४८६०। भुक्तानी दिएबाट सम्झौता भन्दा बढी भुक्तानी दिएको रु.२८६०।- असुल गर्नु पर्दछ ।

३९. **राष्ट्रिय स्वास्थ्य तालिम कार्यक्रम :** संक्रमण नियन्त्रण तालिम कार्यक्रम २०७३।३।१५ देखि २०७३।३।२८ सम्म संचालन गर्दाको खर्च मध्ये केन्द्र तथा जिल्ला स्वास्थ्य कार्यालयबाट अनुगमन वापतको रु.८०१००।- खर्च गर्ने गरी तयार भएको लागत अनुमान अनुसार ईन्धन खरीदमा २०५५०। बजेट भएकोमा एक आयल सेन्टरको ३ थान बिल अनुसार ईन्धन खरीदमा रु.११५००।- मात्र खर्च गरी कार्यालयको मोटर बा.अ.भ. १५४२ मर्मत गरेको भनी अजय स्टोर्सको बिल संलग्न गरी रु.९०५०।- खर्च लेखेको छ। यसरी ईन्धनमा खर्च गर्ने गरी लागत अनुमान तयार भएकोमा मोटर मर्मतमा खर्च लेखेको अनियमित देखिन्छ।

४० **प्राथमिक स्वास्थ्य सेवा :** स्वीकृत भ्रमण आदेश अनुसारको दैनिक भ्रमण भत्ता खर्च लेखिनु पर्दछ तर कार्यालयले जिल्ला स्वास्थ्य प्रमुखलाई मिति २०७२।९।३ देखि २०७२।९।७ सम्मको भ्रमण आदेश नं.९२ अनुसार ४.५ दिनको मात्र दैनिक भत्ता रु.६८००।- दिनुपर्नेमा ६.५ दिनको भुक्तानी गरेकोले २ दिनको दैनिक भत्ता रु.३२००।- असुल गर्नु पर्दछ।

४१ **थप दस्तुर** कार्यालयमा प्राप्त भएको बजेट मितव्ययी तरीकाले खर्च गर्नु पर्दछ। कार्यालयले बिद्युत महसुल वापत २०७२ चैतको बिल रकम रु.५३६३१।- र २०७३ वैशाखको बिल रकमको समय मै महसुल बुझाउनु पर्नेमा ढिला गरी महसुल बझाएबाट अनावश्यक रुपमा थप दस्तुर रु.१३७८९।- भुक्तानी गर्नु परेको देखियो । तसर्थ समय मै महसुल नबुझाएबाट थप दस्तुर भुक्तानी भएको नियम संगत देखिएन ।

४२ **तलव शिर्षकबाट खर्च:** करारका कर्मचारीहरूको तलव सम्बन्धीत बजेट रकम नं बाट खर्च लेख्नु पर्दछ । कार्यालयले २०७२ माघ देखि २०७३ बैसाक सम्मको ८ जना करारका कार्यालय सहयोगीहरूको तलव मासिक रु.१००००।- का दरले रु.४०००००।- बजेट रकम २१११ बाट खर्च लेखेको छ। यसरी बजेट खर्च शीर्षक फरक पारी खर्च लेखेको रकम नियमित देखिएन।

४३ **बिल भरपाई :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा यस नियमावली बमोजिम खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले बिभिन्न खर्च वापत रु.९२५८२। खर्च लेखेकोमध्ये बजेट रकम २२३११ बाट मात्र रु.२७८६२। खर्च लेखेकोमा रु.१९६५०। को मात्र बिल भरपाई संम्लग्न रहेकोले बिल भरपाई भन्दा बढी रु.८२१२।- खर्च लेखेको रकम असुल गर्नुपर्दछ ।

४४ **खर्च शिर्षक फरक :** कार्यालयले २०७२ श्रावणदेखि २०७३ असार सम्मको २ करारका कार्यालय सहयोगीलाई मासिक तलव रु.१२०००।- का दरले रु.३१२०००।- दशैं खर्च समेत बजेट रकम २११११ बाट खर्च लेखेको छ । यसरी बजेट खर्च शीर्षक फरक पारी खर्च लेखेको रकम नियम सम्मत देखिएन ।

४५ **बिल भरपाई :** इन्धन खरिद वापत स्वास्थ्य चौकीहरूको निवेदन, विल तथा भरपाई संलग्न गरी रु.६१,७५०।- खर्च लेखेका छ । उक्त ईन्धन प्रयोगको लगबुक संलग्न गरेको देखिएन ।

४६ **राजश्व** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम अनुसार कार्यालयमा प्राप्त हुने जुनसुकै राजस्व रकमको नगदी रसिद काट्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष प्रशासनिक दस्तुर, परीक्षा शुल्क र बिबिध राजश्व आम्दानी गरेकोमा कार्यालयबाट राजश्व नगदी रसिद काट्ने गरेको भए तापनि लेखापरीक्षणको लागि उक्त नगदी रसिद पेश गरेको छैन । लेखापरीक्षणको समयमा नगदी रसिद माग गर्दा हाल फेला नपरेको भनी पेश नगरेबाट कार्यालयबाट आम्दानी गरेको उक्त राजश्व रकम रु.२१२६४२।- को सम्बन्धमा यकिन गर्न सकिने अवस्था छैन ।

४७ **धरौटी** : आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम अनुसार धरौटी कारोबारको व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले व्यक्तिगत धरौटी खाता राख्ने गरेको पाईएन । कार्यालयको व्यक्तिगत धरौटी अभिलेख नहुँदा के कसको नाममा के कति धरौटी आम्दानी तथा खर्च भयो र कति धरौटी बाँकी छ, धरौटीको वास्तविक अवस्था थाहा पाउन कठिनाइ हुने भनी गत वर्षको प्रतिबेदनमा समेत औंल्याइएकोमा यस वर्षमा पनि स्थिति यथावत छ । अतः नियमावलीमा व्यवस्था भए अनुसार व्यक्तिगत धरौटी खाता राख्नुपर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । जिन्सी मालसमानको यथार्थ अवस्था चित्रण गर्ने गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, वार्षिक खरिद योजना तयार नगरेको र खर्च भएका सबै विल भौचरहरूमा सिलसिलेवार नम्वर राखी प्रमाणित गरी भुक्तानी भयो भन्ने छाप नलगाइएको पाईएन । यसमा सुधार हुनुपर्दछ ।

२. **आषाढको खर्च :** कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पँजीगत बजेट उपशीर्षकको कुल बजेट रु.१०,८३,०००।- मध्ये तेस्रो चौमासिकमा रु. १०,८३,०००। निकासा भएको छ भने असार महिनामा मात्र रु.८,०६,०००।-निकासा भएको छ । आर्थिक वर्षको अन्त्यमा कुल बजेट मध्ये ७४.४२ प्रतिशत खर्च गर्दा कार्यको गुणस्तर तथा सेवा प्रवाहमा असर पर्ने देखिन्छ ।

३. **विद्यालयको सामाजिक परीक्षण :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।०७३ को ५.१.१०.१५(ख) ले सामुदायिक बिद्यालयले शिक्षा ऐन, नियम तथा सामाजिक परीक्षण निर्देशिका, २०६५ मा तोकिए अनुसार सामाजिक परीक्षण अनिवार्य रुपले गर्नुपर्ने व्यवस्था छ । उपरोक्त व्यवस्था अनुसारको लेखापरीक्षण प्रतिवेदन ३३७ विद्यालयको प्राप्त हुनु पर्नेमा २६५ विद्यालयको प्राप्त भएको र बाँकी

११२ विद्यालयको कार्यालयमा प्राप्त भएको देखिएन । लेखापरीक्षण प्रतिवेदन प्राप्त नगरी निमासा दिने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

४. **प्रमाण पेस नभएको :** निरन्तर शिक्षाको अभिमुखीकरण कार्यक्रमका पेश्की फछ्र्यौट गर्दा रु. ३०,५००।- खर्च लेखेकोमा कार्यक्रम सञ्चालन तालिका, प्रशिक्षण सामाग्री, नर्म्स अनुसार स्पष्ट खुल्ने स्वीकृत खर्च विवरण, कार्यक्रम प्रतिवेदन लगायतका कागजात संलग्न भएको नदेखिएकोले उक्त खर्च नियमित देखिएन

५. **प्रमाण पेस नभएको** : सामुदायिक अध्ययन केन्द्र परिचालन कार्यक्रमको पेश्की फछ्र्यौट गर्दा रु. ८६,७००।- खर्च लेखेकोमा कार्यक्रम सञ्चालन तालिका, प्रशिक्षण सामाग्री, नर्म्स अनुसार स्पष्ट खुल्ने स्वीकृत खर्च विवरण, कार्यक्रम प्रतिवेदन लगायतका कागजात संलग्न भएको नदेखिएकोले सम्पूर्ण खर्च रकम नियमित मान्न सकिएन । अतः स्वीकृत नर्म्स बमोजिमका आवश्यक प्रमाण कागजात संलग्न गरी नियमित गर्नुपर्दछ ।

६. **जिन्सी खातामा दाखिला** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(२) अनुसार कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भएबमोजिम ढाँचामा राख्नुपर्ने व्यवस्था रहेको छ । एक विद्यालय निरीक्षकले रु.३५०००।- पेश्की फछ्र्यौट गर्दा पेश गरेको वील भर्पाइ अनुसार टेक्स बुक छपाई वापत एक प्रेशको रु.२००००।- को  वील पेश गरेको आधारमा पेश्की फछ्र्यौट गरेको छ । उक्त किताव छपाउँदा कार्यालय प्रमुखबाट खरिद आदेश स्वीकृत, माग फारम तथा जिन्सी दाखिला गरेको विवरण समावेश गरेको छैन, प्राप्त भएका पुस्तकहरू खर्च भएको समेत देखाएको छैन । नियमानुसार जिन्सी खातामा आम्दानी खर्च लेखांकन गर्नुपर्दछ ।

७. **एसएलसी परीक्षा** : मिति ०७२।१२।१८ देखि २६ गतेसम्म सञ्चालन भएको एस.एल.सी. परीक्षामा विभिन्न परीक्षा केन्द्रहरूको निरीक्षण अनुगमन गरेबापत् १७ जनालाई रु.१५००।- का दरले र ६ जनालाई रु.१,०००। का दरले जम्मा रु. ३१,५००।- भुक्तानी दिएको देखिन्छ । तर कार्यालयबाट सम्बन्धित व्यक्तिहरूलाई अनुगमन गर्ने अवधि, परीक्षा केन्द्र समेत खुलाई जिम्मेवारी तोकिएको पत्र, अनुगमन गरेको अवधि तथा दर समेत संलग्न नराखी एकमुष्ठ रुपमा रकम बुझाएको भरपाईको आधारमा खर्च लेखेको रकम नियमित देखिएन ।

८. **कर** : एस.एल.सी.परीक्षा सञ्चालन गर्न एक प्रा.स.लाई दिइएको पेश्की फछ्र्यौट गर्दा वीरगञ्जसम्म उत्तरपुस्तिका ढुवानी गर्नको लागि गाडी भाडामा लिई रु. ५५,२००।- गाडी भाडा भुक्तानी गरेकोमा प्रचलित नियमानुसार रु.५,५२०।- बहाल कर कट्टी गरी राजश्व खातामा दाखिला गर्नुपर्नेमा सो भएको नदेखिएकोले असूल गरी दाखिला गर्नु पर्दछ ।

९. **जिल्ला परीक्षा समिति** : जिल्ला परीक्षा समितिको अल्या रु.२५८७२३।- भएकोमा यस वर्ष रु. २२९९००।- आम्दानी भएको छ । यस वर्ष रु. खर्च रु. १६७१००।- भई वाँकी ३२१५२३।- रहेको छ । यस कारोवारको श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोरा निम्न छन् :

९.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) अनुसार खर्च गर्दा वील भर्पाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ। एक शाखा अधिकृतले रु. १३२००।- पेश्की फछ्र्यौट गर्दा चार जनाको रु. ८५०।- को दरले खर्च लेखेको रकमको भपाई पेश नभएको र अग्रीम कर कट्टा गरेको रु. १८००।- दाखिला नभएको समेत रु. ४४००।- असुल गर्नु पर्दछ ।

९.२ आयकर ऐन २०५८ को दफा ८८ (१) अनुसार अग्रीम कर कट्टा गरेको तर दाखिला नभएको रु. १०४७५।- र प्रतिवेदन तयारी वापतको भुक्तानी भएको रु. ३००००।- को कर कट्टा गर्न छुट भएको रु. ४५००।- समेत असुल गर्नुपर्दछ ।

९.३ अर्थिक वर्षको अन्तसम्म  एक प्राविधिक सहायक कर्मचारीको नाममा रहेको पेश्की बाँकी रु.१६,२००। आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७७ अनुसार फछ्र्यौट  हुनुपर्दछ।

**१०. जिल्ला शिक्षा समिति**

१०.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था रहेको छ। कार्यालयले जिल्ला शिक्षा समितिको बैठकको भत्ता खर्च रु.१४,०००।- खर्च लेखेकोमा २ व्यक्तिले रकम बुझिलिएको भरपाई नभएबाट रु.१७००।- असुल गर्नुपर्दछ ।

१०.२ अर्थिक वर्षको अन्तसम्म निर्माण व्यवसायी तथा कर्मचारीको एक बिद्यालय निरीक्षकलाई अनुसन्धान प्रर्वद्धात्मक कार्यक्रम संचालन गर्न दिएको पेश्की बाँकी रु.२,००,०००। आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७७ अनुसार फछ्र्यौट  हुनुपर्दछ।

१०.३ आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६ (३) मा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले पुरक परिक्षा संचालन गर्दा इन्धन र खाजा खर्च वापत कर्मचारीहरूलाई रु.१५०००।- प्रशनपत्र रुजु, सुरक्षा व्यवस्थापन लगायतमा रु.४०००।- समेत खर्च लेखेकोमा सम्बन्धित कर्मचारीलाई काममा खटाएको पत्र, कर्मचारीलाई जिम्मेवारी तोकेको पत्र लगायत रकम पाउने कानूनी आधार वेगर खर्च लेखेको रकम भुक्तानीको सम्बन्धमा प्रमाण पेश गर्नुपर्दछ ।

११. **प्रमाणबेगर खर्च** : एस.एस.आर.पि.अन्तर्गतको कार्यक्रममा कार्यालयले वजेट रकम नं २९५११ बाट सरस्वती उ.मा.वि चैनपुर तथा हिमालयन उच्च माध्यमिक विद्यालय खाँदवारीको लागि ल्यापटप खरिद गर्न रु.४६२००।- का दरले रु.९२४००। सम्बन्धित स्रोतकेन्द्रमा निकासा पठाएकोमा सम्बन्धित बिद्यालयले ल्यापटप खरिद गरेको विल तथा दाखिला रिर्पोट छैन  । सो को प्रमाण पेश गर्नुपर्दछ ।

१२. **सामान खरिद** : कार्यालयको फर्निचर खरिदमा रु.६५०००। वजेट व्यवस्था भएकोमा रु.६४९९७।५० खर्च लेखेको छ । कार्यालयलाई प्राप्त भएको वजेटबाट तोकिएका सामग्रीहरू खरिद गर्नुपर्नेमा कार्पेट, पर्दा, इनामेल रंग लगायतका खर्च भएर जाने प्रकृतिका सामानहरू खरिद गरेबाट पूँजीगत सामान खरिद गर्न विनियोजित भएको वजेटबाट खर्च भएर जाने प्रकृतिका सामान खरिद गरी रु.५०८७२।५० खर्च लेख्न मिल्ने कानूनी आधार नभएकोले सो सम्बन्धी प्रमाण सहित नियमित गर्नु पर्दछ ।

१३. **कर समायोजन :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दाअनुसूची ५ वमोजिमको ढांचामा कर विजक दिनु पर्ने व्यवस्था गरेको छ । कार्यालयले अन्य सेवा शुल्क २२४१२ बाट एक आपुर्ति प्रा.लि. लाई विजक नं १३ २०७२।६।२४ बाट सफ्टवेयर स्तरोन्नति वापत रु.२४०००।- र मू.अ. कर समेत रु.२७१२०।- भुक्तानी दिएकोमा नियमावलीमा तोकिए अनुसारको कर विजक हुनुपर्नेमा विजक  मात्र उल्लेख भएको विजक जारी गरेकोले मू.अ.कर वापत भुक्तानी लिएको रु.३१२०। आन्तरिक राजश्व कार्यालयमा समायोजन भएको प्रमाण पेश गर्नुपर्दछ ।

१४. **खर्चको नर्म्स :** आ व २०७२।७३ मा खाँदवारी,चैनपुर र माम्लिर स्रोतकेन्द्रमा संचालन भएको शिक्षकको पेशागत विकास तालिम सञ्चालनपूर्व स्रोतकेन्द्रबाट निर्मित मोड्डुल सामग्री अध्ययन गरी तालिम सञ्चालनका स्वीकृति प्रदान गर्न मोड्युल सामग्री प्रमाणिकरण कार्यमा संलग्न कर्मचारीहरूको पारिश्रिमक भनी ८ कर्मचारीलाई रु.२४०००। तथा सोही स्रोतकेन्द्रमा संचालन भएको शिक्षक पेशागत विकास तालिम सम्बन्धी गतिविधिको स्थलगत प्राविधिक सहायता तथा

तालिम सम्बन्धी गतिविधिको अडिट कार्यमा संलग्न ८ जना कर्मचारीहरूलाई पारिश्रमिक भनी रु.२६,०००।- समेत कुल रु.५०,०००।- मा १५ प्रतिशत कर कट्टा गरी भुक्तानी गरेकोमा खर्चको नर्मस एवं कर्मचारीहरूले कति कार्य गरेवापत कुन दरमा रकम भुक्तानी गरेको हो सो को आधार प्रमाणे पेश भएन ।

१५. **मर्मत आदेश विना भुक्तानी** : आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६ (३) मा यस नियमावली बमोजिम खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था रहेको छ। कार्यालयले गाडी मर्मत गरेको भनी रु.१७४००। खर्च लेखेकोमा मर्मत आदेश संलग्न भएको छैन भने मर्मत गर्दा म.ले.प.फा.नं. २ मा अभिलेख राखेको देखिएन । नियमको पालना गरिनुपर्दछ ।

१६. **प्रमाण विना भुक्तानी** : कार्यालयको अतिरिक्त समयमा खटिई बिद्यार्थी तथ्यांक तथा शिक्षक दरवन्दीको अभिलेखीकरण, बिश्लेषण र सो अनुरुप बिद्यार्थी संख्या र शिक्षक दरवन्दीको एकिन गरी आवश्यक व्यवस्थापन गर्ने कार्यमा खटिने कर्मभारीले अतिरिक्त समय काम गरे वापत बिभिन्न कर्मचारीहरूलाई रु.३४८५०। भुक्तानी दिएकोमा स्वीकृत नर्मस तथा दर समेत खुलेको आधार प्रमाण वेगर भुक्तानी गरेकोले सोको आधार प्रमाण पेश हुनुपर्दछ ।

१७. **आयकर कट्टा** : आयकर ऐन २०५८ को दफा ८८(१) अनुसार सेवा शुल्कमा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। कक्षा ९ को प्रवोधिकरण कार्यक्रम संचालन वापत रु.३,४६,१००। विभिन्न ६ श्रोत केन्द्रको निरिक्षकहरूको पेश्की फछ्र्यौट गरेकोमा प्रतिवेदन तयार गरेवापत रु.२०००।- का दरले भुक्तानी गरेकोमा १५ प्रतिशत आयकर कट्टा नगरी भुक्तानी गरेबाट आयकर वापत लाग्ने रु.२१००।- असुल गर्नु पर्दछ ।

१८. **पेश्की वाँकी :** अर्थिक वर्षको अन्तसम्म ३ कर्मचारीको नाममा रहेको पेश्की बाँकी रु.१,०६,७००। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ अनुसार फछ्र्यौट हुनुपर्दछ।

१९. **विद्यालय पि.सि.एफ. नन् सेलरी अनुदान** : कार्यक्रम कार्यान्वयन पुस्तिका निर्देशिका २०७२।७३, विद्यालयको व्यवस्थापन तथा सञ्चालनमा सुधार गरी संस्थागत क्षमता अभिवृद्धि गर्न शैक्षिक सामाग्री व्यवस्थापन खर्च गर्न उच्च मा.वि. को लागि प्रति विद्यार्थी रु.३००। का दरले दिने व्यवस्था छ। उच्च मा.वि. मा जम्मा विद्यार्थी संख्या १३९२ जना मात्र भएको विवरण पेश भएकोमा १४०८ जनालाई रु.३००।- का दरले हुन आउने रकम रु.४,२२,४००।- खर्च लेखेको देखिन्छ । विवरण भन्दा सोह्र जना वढी विद्यार्थी देखाई खर्च लेखेको रु.४,८००। असुल हुनु पर्दछ ।

२०. **कार्यसम्पन्न नभएको** : कार्यक्रम कार्यान्वयन पुस्तिका निर्देशिका २०७२।७३ मा विद्यालयहरूलाई रकम निकासा दिने तोकिएको कार्यविधि अनुसार सम्पुर्ण कार्यसम्पन्न भईसके पछि नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रुपमा कुल अनुदान रकमको १५ प्रतिशत रकम लागत अनुमानको सिमा भित्र जनश्रमदानको अंश कट्टा गरी निकास दिने व्यवस्था छ। भौतिक सुविधा विस्तार कार्यक्रम अन्तर्गत विद्यालयको प्राथमिकीकरण निर्धारण र छनौट गर्ने व्यवस्थानुसार जिल्ला स्थित सम्पूर्ण विद्यालयहरूको अनुसुची १ (क) अनुसार भौतिक सर्वेक्षणले आवश्यकता पहिचान भएका विद्यालयहरूमा कार्यक्रम सञ्चालन गर्न प्राथमिकरणमा परेका ३१५ विद्यालय भवन तथा विद्यालयसँग सम्बन्धित निर्माण मध्ये यस आ.व.मा ८ कोठे भवन १, ६ कोठे भवन १, ४ कोठे भवन ४, ३ कोठे भवन ५, २ कोठे भवन ३३, ६ कोठे भवन २, अधिक मर्मत१३, मर्मत कोठा ३६, छात्रा सौचालय ७ वटा, पानी सहितको सौचालय १२, सौचालय मर्मत १३, श्रोत केन्द्र मर्मत १, पुनस्थापना ४ र खानेपानी १ कार्यसम्पन्न भएको छैन तापनि अनुदान रकमको अन्तिम किस्ता निकासा खर्च लेखेको देखिन्छ। हालसम्म कार्य सम्पन्न नभएका आयोजनाको लागि रु. १०९,००,०००।- निकासा खर्च लेखेको छ । आयोजना निर्माण सम्पन्न गर्न संझौता भए पनि

कार्ययोजना र कार्यतालिका तयार गरी सो अनुसार कार्यान्वयन गरेको पाईएन । निर्देशिकाको व्यवस्थाको पालना गरी अनुदान रकम निकासा खर्च गर्नुपर्दछ ।

२१. **राजस्व लेखा व्यवस्था :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १० ले प्रत्येक कार्यालयले लगती तथा हसवली राजस्व आम्दानी दाखिलाको श्रेस्ता तोकिए बमोजिमको ढाँचामा लेखा अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । राजस्व सम्बन्धी लेखाको लागि म.ले.प.फा.नं. १०८, क १०८ ख २३ लगाएतका फारामहरूको प्रयोग गर्नु पर्ने व्यवस्था छ । कार्यालयले राजस्व सम्बन्धी म.ले.प.फा.नं. १०८ ख मा अभिलेखांकन गरे तापनि अन्य फारामहरू प्रयोगमा ल्याएको देखिएन । तोकिए बमोजिमका अभिलेख राखी श्रेस्ता व्यवस्था दुरुस्त गर्नुपर्दछ ।

२१.१ कार्यालयले रसिद नं. १५५१ देखि १६०० सम्मको रसिदबाट असुल आम्दानी गरेको रु. ६५९१०।- राजस्व खातामा जम्मा गर्नु पर्नेमा जिल्ला शिक्षा कोष तर्फ आम्दानी बाकी रहेको देखिन्छ । सो राजस्व रकम सम्वन्धित खातामा दाखिला गर्नु पर्दछ ।

२१.२ नगदी रसिद नं. ३५१ देखि ४०० सम्मको रसिद लेखापरीक्षणको क्रममा पेश नभएकोले परीक्षा तर्फको आम्दानी रकम यकिन गर्न सकिएन ।

२१.३ कार्यालयले एउटै रसिद नं. भएका रसिद प्याडबाट राजस्व, समितिको आय तथा जिल्ला शिक्षा कोषको आय देखाएको छ । कुन रसिद प्याड कुन प्रयोजनको लागि हो भन्ने समेत यकीन नगरिएकोले जिल्ला शिक्षा कार्यालयमा आम्दानी हुने राजस्व तथा अन्य आय समेत यकीन गर्न सकिने अवस्था छैन । अलग अलग प्रयोजनको लागि छुट्टा छुट्टै आम्दानी रसिदको व्यवस्था हुनु पर्दछ ।

## डिभिजन सडक कार्यालय

१. **चौमासिक पूँजीगत खर्च :** पूँजीगत कार्यक्रम अन्तर्गत ९ बजेट उपशिर्षमा रु.१२,६०,६५,५००।- अख्तियारी प्राप्त भएकोमा प्रथम चौमासिकमा रु.६४,४६,०००।- खर्च भएको, दोस्रो चौमासिकमा रु.२,४७,९६,०००।-(१२.६४ प्रतिशत) तेस्रो चौमासिकमा रु.७,२७,७१,०००।-(७.३५प्रतिशत), र सो रकम मध्ये रु.४,७८,२९,८१४।- (५९.०२प्रतिशत) आषाढ महिनामा खर्च भएको छ । खर्च भएको रकममध्ये अधिकांश अन्तिम चौमासिकमा गरेको देखियो । बजेट सन्तुलित रुपमा खर्च नहुँदा निर्माण कार्यमा गुणस्तरमा असर पर्नसक्ने, समयमा कार्य सम्पन्न नहुने र बजेट फ्रिज हुन जाने हुँदा सन्तुलित बजेट खर्च गर्ने व्यबस्था हुनु पर्दछ ।

२. **ठेक्का व्यबस्था** : यस बर्ष ३७ ठेक्का व्यबस्था भएकोमा १७ ठेक्का दोस्रो चौमासिकमा भएको र २० ठेक्का तेस्रो चौमासिकमा ठेक्का व्यबस्था भएको पाइयो । सोमध्ये १३ वटा ठेक्का कार्य सम्पन्न भएको र २४ ठेक्का सम्पन्न नभै अधुरो रहेको छ । समयमा नै निर्माण कार्यको ठेक्का पट्टा नहुँदा ठेक्काको काम अधुरो रहेको देखियो । नियमानुसार समयमानै ठेक्का व्यबस्था हुनु पर्दछ ।

३. **नापी किताव** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) (ख) अनुसार प्राविधिक नापजाँच गरी नापी किताब म.ले.प.फा. नं. १७१ (मेजरमेन्ट बुक) मा भएको वास्तविक कार्यसम्पादनको आधारमा विल वा विजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले लुज नापी सिटमा काम भएको कूल परिमाण र भुक्तानी हुने कुल रकम मात्र समावेश गरी भुक्तानीको पेश गर्ने गरेको कारणले प्राविधिक नापजाँचको व्यवस्थित अभिलेख समेत कार्यालयमा नरहेको पाइयो । नियममा तोकिएको व्यवस्था अनुसार सम्पन्न कार्यको नापीको विवरण राख्नुपर्दछ ।

४. **नापी किताव अभिलेख :** कार्यालयले नापी किताब प्रयोजनको लागि लूज शीट प्रयोग गर्ने गरेको पाइयो । सम्झौता अनुसारका केही आइटमको कार्य अघिल्लो रनिङ्ग बिलमा सम्पन्न भएको अवस्थामा पछिल्लो रनिङ्ग बिलमा संलग्न गरिने नापी शीटमा उक्त आइटम देखाउने गरेको समेत नपाइएकोले रनिङ्ग बिलमा हालसम्म सम्पादित कार्यको परिमाण भिडान गर्न समेत नसकिने अवस्था रहेको छ । तोकिएको ढाँचामा सबै व्यहोरा नखुलाई नापी किताव नराखी लुज शीटमा मात्र राख्दा नियमावलीको व्यवस्था अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन सकिने अवस्था छैन । तसर्थ नापी कितावमा अभिलेख गर्नु पर्ने सबै तथ्यांक एवम् सूचना खुलाई कार्यालय प्रमुखबाट प्रमाणित गरी नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. १७२) मा समेत अभिलेख राखी स्वीकृत ढाँचा बमोजिमको नापी किताव प्रयोगमा ल्याइनु पर्दछ ।

५. **योजना तयारी र स्वीकृति** : आर्थिक कार्यविधि नियमावलीको नियम १९,२० र २२ अनुसारको कार्यविधि अपनाई योजनाको सम्भाव्यता अध्ययन, लागत अनुमान तयारी र योजना स्वीकृत गराई कार्य गर्नुपर्नेमा डिभिजनले कार्यक्रम र बजेट प्रस्ताव गरी पठाउने गरेको देखिएन । केन्द्रीय निकायबाट योजना र बजेट प्राप्त भए पश्चात मात्र लागत अनुमान तयारी लगायतका कार्यहरू गरी कार्य गर्ने गरेको देखियो । जनताको माग र सम्भाव्यताको आधारमा छनौट भएका योजना कार्यान्वयन गर्नुपर्नेमा केन्द्रबाट प्राप्त भएका योजना कार्यान्वयन मात्र गर्ने गरेकोले योजना तर्जुमा मागमा आधरित भएन । नियमका प्रक्रिया अनुसारको योजना छनौट र बजेट व्यवस्था अपनाउनु पर्दछ ।

६. **ठेक्काको विवरण** : निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी विवरण (म.ले.प.फा.नं. १९०) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिए पनि सबै व्यहोरा खुल्ने गरी राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

७. **जिन्सी व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५३ बमोजिम तयार गरिएको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत तथा लिलाम गर्नुपर्ने भनी ठहर्‍याइएका मालसामानहरू नियमावलीको नियम ५८ अनुसार तोकीएको समयभित्र मर्मत तथा लिलाम विक्री गर्नुपर्नेमा सो अनुसार भए गरेको देखिएन ।

८. **म्याद थप :** सम्झौताको म्याद भित्र काम गर्न नसक्ने ठेकेदारहरूले कारण खुलाई म्याद थप गर्दा प्राविधिकको सिफारिसमा यथोचित म्याद थप गरेको देखियो । म्याद थप गर्दा पनि कतिपय ठेकेदारहरूले म्याद थप भएको अवधि सम्म कार्य सम्पन्न गरेको छैन्न । जटिल प्रकृतिकको कार्य जस्तै पुल निर्माण वाहेक म्याद थप गर्ने तर कार्य सम्पन्न नगर्ने ठेकेदारलाई कार्यालयले अनुगमन गरी कारवाहीको प्रक्रिया अगाडि वढाएको छैन । यसले गर्दा समयमा काम सम्पन्न नहुने, ठेकेदारले ठेक्का छोड्ने, योजनाको लागत वढने तथा समग्रमा सेवाग्राही लाभबाट वन्चित हुने अवस्था विद्यमान छ । म्याद थप गरेर पनि काम नगर्ने ठेकेदारलाई तोकिएको कानुनी कारवाही गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

९. **बढी/घटी काम :** सार्वजनिक खरिद नियमावली, २०६४को नियम १०(६) अनुसार लागत अनुमान तयार भई नियम १४ अनुसारको पदाधिकारीबाट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले शंखपिपलदेखि अफिस परिसर सम्मका ०७२।७३ को ठेक्का नं.१३ को ग्राभेलिङ्ग गर्नेकामको, अन्तर्गत शंखपिपल बोहोरा गाउँदेखि अफिस परिसरसम्म ०७१।७२ को ठेक्का नं. ४९

अन्तर्गतको ग्राभलिंग र स्टक्चर सम्बन्धी कामको केहि आईटममा काम नभएको र केही आईटममा वढी काम गरेको र ठेक्का नं.३ मा पिरीयोडिक मेन्टिनेन्स अन्तर्गत भएको काम अन्तर्गत तीन वटा आईटममा अश्वाभाविभक रुपमा विओक्यू भन्दा वढी परिमाणमा काम गरी खर्च लेखेको छ । उल्लेखित ठेक्काहरूमा वि.ओ.क्यू.मा उल्लेख भएको भन्दा ६३८ प्रतिशत सम्म बढी परिमाण काम गरी रु.११०९९३८७।- खर्च लेखेको देखिन्छ । कुनै काम यसरी धेरै परिमाण र कुनै काम वि.ओ.क्यू.मा उल्लेख भए पनि सो काम नगरेको देखिन्छ । यसरी नियम १०(६) अनुसार लागत अनुमान सही जाँची सो अनुसार भएको भन्ने आधार भएन । वि.ओ.क्यू.मा उल्लेख भएको भन्दा वढी काम हुनु र कुनै १०० प्रतिशत काम नहुनु उचित देखिएन । यस सम्बन्धमा कार्यालयले कुनै पनि निर्माण कार्यको लागत अनुमान तयार पार्दा आईटमवाईज परिमाणको एकिन गरी कार्य गर्नुपर्नेमा ध्यान जानुपर्ने देखिन्छ ।

१०. **दोहोरो साईट परेको** : यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्ने व.शि.न. ३३७१२३ अन्तर्गतको सडक सञ्जालबारे ठेक्का नं एम.एम.एस./१२३/०७०/७१-७५ सोलिर र ग्यावियनका कार्यक्रम रहेको हुँदा मुलखर्कमा निर्माण व्यवसायी निलकमल निर्माण सेवा मार्फत रु.३२९३८५।- मा सोलिर र ग्यावियनको काम गर्नको लागि संझौता बमोजिमको निर्माण व्यवसायीबाट काम हुदै आएको र सोही सडकमा जिल्ला विकास समितिबाट पनि सोलिंग र ग्याविनको कार्यक्रम रहेको हुदा निर्माण व्यवसायीबाट थप सोलिर कार्य नगराउने र भए गरेको कामको लागि भुक्तानी दिने भनी निर्णय गरी रु.२११०८५।- खर्च लेखेको छ । सो सम्बन्धमा एकै ठाँउमा भएको काममा के कति परिमाणमा काम भएको हो भन्ने आधार प्रमाण नभएकोले सो सम्बन्धमा स्पष्ट हुनुपर्दछ । कार्यालयबीच समन्वय गरी विकास कार्यक्रम अगाडि बढाउनु पर्ने देखिन्छ ।

११. **कन्टिजेन्सी रकम** : आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद ५ को बजेट निकासा तथा सरकारी रकम खर्च गर्ने तरिका अन्तर्गत नियम ३५ को उप नियम १,२ र ३ मा खर्च गर्ने र खर्च गर्न निकासा दिने सम्बन्धमा रकम स्वीकृत बजेट भित्र सम्बन्धित खर्च शीर्षकमा र स्वीकृत योजनामा हुनुपर्ने भन्ने प्रावधान विपरित कार्यालयले सडक बोर्ड पुनःस्थापन तर्फ ०७३।३।१३ मा रु.५,००,०००।- विशेष तथा आकस्मिक मर्मत तर्फ ०७२।१२।४ मा रु.१,००,०००।-, व.उ.शि.नं. ३३७१४८४ तर्फ ०७२।४।१८ मा रु.१,००,०००।- निर्वाचन क्षेत्र तर्फ ०७२।१२।४ मा रु.२,००,०००, पूर्वाञ्चल क्षेत्रीय सडक निर्देशनालय, झापाको पत्रानुसार ०७२।११।२७ मा रु.२,००,०००।- विभागलाई पठाएको देखिन्छ । सम्बन्धित कार्यालयको नाममा विनियोजित रकम स्थानीय विकास निर्माणसँग सम्बन्धित भएको र त्यस्तो रकम स्थानीय विकास निर्माण सम्बद्ध प्रयोजनमा खर्च नगरी अख्तियारी दिने तालुक निकायमा खर्च गर्ने गरी रकम पठाउने कानुनी आधार देखिंदैन ।

१२. **म्याद थप** : सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार म्याद थप नगरी एक निर्माण व्यवसायीलाई ठेक्काको प्रथम रनिङ्ग बिल वापत् रु.१,९३,५९२।- भुक्तानी भएको देखिन्छ । यसरी ठेक्काको म्याद समाप्त भैसकेको अवस्थामा सो सम्बन्धमा म्याद थप गर्ने/नगर्ने वा क्षतिपूर्ति कटाई कार्यसम्पादन गराउने हो भन्ने निर्णय भएको देखिदैन । उल्लेखित खर्च लेख्ने कारण तथा कानुनी आधार पेश हुनुपर्दछ ।

१३. **पेश्की वाँकी** : अर्थिक वर्षको अन्तसम्म नौ वटा निर्माण व्यवसायीको नाममा रहेको पेश्की बाँकी रु.२४९२६६८०।- सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट हुनुपर्दछ ।

१४. **अन्यत्र खर्च भएको भुक्तानी** : पूर्वाञ्चल क्षेत्रीय सडक निर्देशनालय झापाको २०७२।१२।०४ को पत्रानुसारको बिल वापत रु. १०,०००।- खर्च लेखेको नियम सम्मत देखिएन ।

१५. **अमानतबाट कार्य** : देउराली मुढे पिलुवा चैनपुर खण्ड अमानतबाट मर्मत सम्भार गर्न भनी टिप्पणी स्वीकृत गराई लागत रकम रु.५८,८२,८३४।- र कन्टिन्जेन्सी रु.२,९४,१४१।- समेत जम्मा रु.६१,७६,९७५।- को लागत अनुमान स्वीकृत गरी निर्माण कार्य अघि बढाएको देखिन्छ । उक्त मर्मत संभार कार्यको लागि जम्मा रु.१६,९६,६११।- खर्च लेखेको पाइयो । उक्त काममा बर्ष भरिमा के कति परिमाणमा काम भई कति काम सम्पन्न हुन बाँकी भयो, के कति रकम खर्च भयो, सो कुरा स्पष्ट रुपमा खुल्ने गरी नापी किताब खडा गरी राख्नु पर्नेमा सो भएको देखिएन । कार्यालयले रु.६१,७६,९७५। को लागत अनुमान स्वीकृत गरी निर्माण कार्य अघि बढाएकोमा इष्टिमेट रकम अनुसारको काम नगरी रु.१६,९६,६११।- को मात्र गरेकोले लक्ष्य बमोजिम कार्यक्रम सम्पन्न भएको देखिएन ।

१६. **बढी भुक्तानी** नेपाल आयल निगम विराटनगरबाट जम्मा २४,००० लि. डिजेल खरिद बापत् जम्मा रु.१७,६४,०००।- भुक्तानी दिएकोमा कार्यालयबाट तयार भएको बिल अनुसार उक्त कार्यका लागि इन्धन बापत जम्मा खर्च रु.१३,१५,९८०।- विल भर्पाइ पेश भएको विल भरपाई भन्दा बढी खर्च लेखेको रु.४,४८,०२०।- असुल गर्नु पर्दछ ।

१७ **अन्य प्रयोजन खर्च** : नियमित मर्मत तर्फ २०७३।१।३० देखि २०३।१।३१ सम्म बिराटनगरमा पूर्वान्चल स्तरीय क्षेत्रीय सडक मर्मत कार्य योजना तथा बेरुजू सम्बन्धी कार्यशाला गोष्ठी संचालन भए अनुसार उक्त गोष्ठीमा भएको खाना, वसाई स्टेशनरी हल, साउण्ड सिस्टम तथा यातायात व्यवस्था समेतको विराटनगरको एक होटलको २०७३।२।१ को विल सलग्न गरी रु.८७०१०।- खर्च लेखेको छ। स्वीकृत वार्षिक कार्यकममा समावेश नभएको तथा कन्टिन्जेन्सीबाट खर्च लेख्न कानूनी आधार, नर्मस, निर्देशिका समेत नभएकोले रु.८७०१०। खर्च लेखेको नियम संगत देखिएन ।

१८. **म्याद समाप्त पश्चात भुक्तानी** : सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम क्षतिपुर्ति लिई कार्यसम्पादन गराउने व्यवस्था छ । ठेक्का नं. ०७१।७२/४१ को ठेक्का फाइल अनुसार उक्त ठेक्काको म्याद २०७२।१२।३० सम्मका लागि थप भएको देखिन्छ । तर कार्यालयबाट भौ.नं. १५, मिति ०७३।०३।३० बाट दोश्रो रनिङ्ग बिल बापत् रु. ४,२९,६९८।- भुक्तानी भएको देखिन्छ। ठे.नं. ३३७१६५।०७१।७२/०३ को ठेक्का फाइल अनुसार उक्त ठेक्काको म्याद ०७३।०२।३२ सम्म मात्र भएको देखिन्छ । तर कार्यालयबाट भौ.नं. १४, मिति ०७३।०३।३० बाट पाँचौं रनिङ्ग बिल बापत् रु.९८,६८,१९१।- भुक्तानी भएको देखिन्छ। नियमका व्यवस्था बमोजिम क्षतिपुर्ति भराई कार्यसम्पादन गराउने सम्बन्धमा निर्णय नगरी लेखेको खर्च रकम नियमसंगत मान्न सकिएन ।

१९. **स्पेसिफीकेशन जाँचपास विना भूक्तानी** : सार्वजानिक खरिद नियमावली,२०६४ को नियम ११५ मा मालसमानको निरीक्षण र स्वीकृति गराउनुपर्ने व्यवस्था छ। एक निर्माण व्यवसायीलाई दोश्रो रनिङ्ग बिल भुक्तानी गर्दा आइटम नं. एटु बापत् रु.५,६०,०००।- खर्च लेखेकोमा निर्माण व्यवसायीबाट कार्यालयमा प्राप्त भएको सामान ल्याब सामग्रीहरू तोकिएको गुणस्तर तथा स्पेशिफिकेशन अनुसारका भए नभएको एकिन गर्न सम्बन्धित प्राविधिकबाट जाँच तथा प्रमाणित गराई आम्दानी बाँध्नुपर्दछ ।

२०. **अधुरा पुलहरु** : सडक डिभिजन कार्यालय धनकुटाबाट गत विगतमा ठेक्का व्यवस्था भएका स्थानीय सडक पूल निर्माण कार्यक्रम अन्तर्गतका अरुण खोला, इर्खुवाखोला र चिर्खुवा खोलाका तीन पूलहरू लामो समय देखि निर्माण अवधि सम्पन्न भएको भएता पनि पूल निर्माणको काम सम्पन्न हुन सकेको देखिएन ।

(रु. हजारमा)

| कामको नाम | शुरु सम्झौता | कबोल अंक | हालसम्म भुक्तानी | प्रगति प्रतिशत | थप म्याद |
|---|---|---|---|---|---|
| अरुण खोला पुल | ३/२५/२०६७ | १३,०५,४१ | ४००४८ | २९.३१ | ३/२४/२०७४ |
| इर्खुवाखोला पुल | ३/२६/२०६९ | २,२९,६४ | ३९,५५ | ३०.२८ | १२/२०/२०७२ |
| चिर्खुवा खोला पुल | ३/१९/२०६८ | ३,११,०१ | १०८३४ | २७.८६ | १२/३०/२०७३ |

२०.१ उपरोक्त अनुसार तीन वटै पूलको काम शुरुमा तोकिएको अवधि भन्दा दुई गुणा भन्दा बढी समय व्यतित भैसकेको छ। ठेकेदारलाई भुक्तानी भएको रकम ठेक्का अंकको तुलनामा ३० प्रतिशत सम्म मात्र प्रगति भएको छ । अरुण नदीमा निर्माणधीन पुल विगत ४ वर्ष देखि काम रोकिएकोले छानविन गर्न २०७२।४।१४ मा क्षेत्रीय निर्देशकको संयोजकत्वमा ७ सदस्य रहने गरी अरुण खोला पुल निर्माण सम्बन्धी छानविन समिति गठन गरेको छ । सो समितिले वेल सिन्क/अवुटमेन्ट प्रोटेक्सन गर्न रि कन्फर्मेटोरी वोर होल गर्ने र सोको लागि परामर्शदाता नियुक्त गर्ने सुझाव दिएको छ । सुझाव विपरित भुक्तानी दिने आधार बेगर विओक्यूमा सम्झौता दररेट अनुसारको मूल्यमा परिमाण थप गरी एक निर्माण सेवालाई १६ औं विलबाट भुक्तानी दिएको रु. २६४०५८।- नियम सम्मत देखिएन ।

२०.२ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा १० २(ख) बमोजिम नेपाल सरकारका मुख्य सचिवले २०७२।४।१० मा अरुण नदीमा बन्न लागेको पुल वर्षौदेखि त्यसै अलपत्र छोडिएकोले सो निर्माण कार्यको ठेक्का लिने ठेकेदारलाई कालो सूचीमा राख्ने र सो कार्यसँग सम्बन्धित कर्मचारीको कार्यसम्पादन मूल्यांकन समेत अनिवार्य घटाई सो को जानकारी सात दिन भित्र उपलब्ध गराउने तथा पुल निर्माण कार्यलाई उपयुक्त ढंगले अगाडि बढाउने व्यवस्था मिलाउन निर्देशन भएकोमा लेखापरीक्षण अवधि २०७३।११।५ सम्म काम सुरु नगरेकोले पुल निर्माण अनिश्चित दखिन्छ । निर्देशनको कार्यान्वयन हुनु पर्दछ ।

२१. **लागत बृद्धि :** अरुण नदी १६० मिटर लामो पुलको सुरु लागत रु.१४,२१,५८,९७८।- भएकोमा २०७२।११।२७ मा डिजाइन रिभ्यूको कारणले १२.७७ प्रतिशत बढी भेरिएसन पश्चात रिभाइज्ड लागत अनुमान रु.१६,०५,३२,५२३।- कायम गरिएको छ । नदीमा पानीको वहाव बढेर तुम्लिङटार तर्फको साइड पिलर (एवुटमेन्ट) भन्दा ८७.२५ मिटर नदीको क्षेत्र बढेको कारण उक्त क्षेत्रमा ७२ मिटरमा नयाँ ठेक्का मार्फत काम गर्ने र बाँकी १५.२५ मिटरमा पुरानो ठेक्का मार्फत काम गर्ने गरी भेरिएसन आदेश स्वीकृत भएकोमा नयाँ ठेक्काको प्रकृया सुरु भएको छैन भने पुरानो निर्माण सेवाले समेत काम सुचारु गरेको छैन । एउटै पुललाई दुई अलग ठेक्का मार्फत कार्य गराएर निर्माण सम्पन्न हुनेमा सम्बन्धित निकाय सम्बेदनशील हुनु पर्दछ ।

२२. **मूल्य समयोजन** : सडक विभाग महानिर्देशकको २०७०।१०।१० को टिप्पणी आदेश अनुसार मूल्य समायोजन नदिने गरी २०७०।३।२५ सम्म म्याद थप भएको देखिन्छ । समयमा काम नसकिएकोले पुनः थपिएको म्यादभित्र कार्यसम्पन्न नभएमा क्षतिपूर्ति लिई कार्य सम्पन्न गराउने र प्राइस एड्जस्टमेन्टको हकमा मिति २०७०।१०।१० को निर्णय अनुसार नै हुने गरी महानिर्देशकबाट २०७४।३।२४ सम्म २०७३।३।२२ को निर्णयानुसार म्याद थप भएको छ । प्राइस एड्जस्टमेन्ट नदिने गरी म्याद थप हुँदा समेत २०६७।७।२१ देखि २०७०।२।२८ सम्मका १५ वटा रनिङ विलबाट भएको भुक्तानीको रु.६१५९६७२।- मूल्य समायोजन वापत भुक्तानी दिएको छ । २०६९ सालदेखि नै काम रोकेर बसेको निर्माण व्यवसायीलाई मूल्य समायोजन वापतको रकम विभागीय निर्णय विपरित भुक्तानी दिनु नियम सम्मत देखिएन ।

२३. **स्थलगत निरीक्षण** : अरुणखोला पूलको स्थलथत निरीक्षण गर्दा ६ वटा पिलर जमिनमाथि सम्म उठाएर ४ वर्षदेखि त्यसै अलपत्र छोडिएको दुई वटा पिलर(पायैर) निर्माणाधीन अवस्थामा नै ढल्किएको अवस्थामा देखियो । पुलको तुम्लिङटार तर्फको साइड पिलर(अबुटमेन्ट)लाई समेत काटेर नदीको वहाव फैलिएकोले पुलको संरचना नदी भन्दा कम लम्बाईको देखिन्छ । यसबाट पुलको डिटेल सर्भे तथा डिजाइनमा कमजोरी रहेको प्रष्ट हुन्छ । भू-बनोट र पानीको बहावको वास्तविक अनुमान गर्न नसक्दा पुल निर्माणमा समस्या रहेको देखिन्छ । पूल निर्माणको काममा देखिएका समस्याहरूको समयमै निराकरण गरी पूलहरू निर्माणमा सम्बन्धित निकायले तदारुकता देखाउनु जरुरी देखिन्छ ।

२४. **म्याद थप विना भुक्तानी** : सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२० मा म्याद थप सम्बिन्धी व्यवस्था छ साथै नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धि व्यवस्था छ । पिलुवाखोला सभाखोला पुल संरक्षण गर्ने कार्यको एक निर्माण व्यवसायीसँग २०७२ असार मसान्त सम्ममा कार्य सम्पन्न गर्ने गरी २०७२ वैशाष २७ मा रु. ९,५९,८४६।- (मू.अ.कर वाहेक) सम्झौता गरेको छ । उक्त निर्माण कार्य वापतको प्रथम बिल अनुसार रु.६,०८,५८५।- भुक्तानी भएको छ । सम्झौता अनुसार २०७२ असार १५ सम्ममा कार्य सम्पन्न गर्नुपर्नेमा उक्त निर्माण कार्यको निर्माण कार्यको अवधि १ वर्ष व्यतित भै सक्दा समेत म्याद थप एवं निर्माण कार्य सम्पन्न भएको छैन । यसरी निर्माण अवधिको म्याद थप नभएको अवस्थामा समेत निर्माण व्यवसायीलाई रकम भुक्तानी गरेको देखिएको नियम सम्मत देखिएन । म्याद थप गरी पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ ।

२५. **मेशिन खरिद** : कार्यालयले लागत अनुमान तयार गर्दा बहुकार्य फोटोकपि मेशिन वि.ओ.क्यु (मूल्य सुचि) मा समावेश गरी रु.१,२९,९५०।- निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ। बास्तबिक कामभन्दा अन्य सामानहरू समाबेस गरी लागत अनुमान तयार गर्दा योजनाको बास्तबिक लागत समेत एकिन नहुने अबस्था देखियो । तसर्थ यस्ता सामानहरू खर्चको सिमाभित्र रही कन्टेन्जेन्सीबाट वा कार्यालयको छुट्टै बजेट तथा कार्यक्रम स्वीकृति गराई खरिद गर्नुपर्नेमा निर्माण व्यवसायीको विलमा समाबेस गरी सामान सप्लाई लिएको नियम सम्मत देखिएन ।

२६. **म्याद थप** : पिलुवाखोला सभा खोला पुल संरक्षण गर्ने कार्यको निर्माण व्यवसायी पि.पि.निर्माण सेवा संग २०७३ असार १५सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०७२ चैत्र १२ मा रु.४,८१,३२१।- (मु अ.कर वाहेक) सम्झौता गरेको छ । उक्त निर्माण कार्य वापतको प्रथम रनिगं बिल अनुसार रु.४,६०,७९८।- (मू.अ.कर सहित) भुक्तानी भएको छ । सम्झौता अनुसार २०७३ असार १५ सम्ममा कार्य सम्पन्न गर्नुपर्नेमा हाल सम्म पनि निर्माण कार्य सम्पन्न नभएको साथै म्याद थप सम्बन्धी कुनै प्रकृया शुरु भएको नदेखिंदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० अनुसार म्याद थप गरी नियम १२१ अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि समाप्त भएको मितिले कार्य सम्पन्न हुने अवधि सम्मको क्षतिपूर्ति लिई निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।

२७. **कार्यसम्पन्न** : वसन्भपुर चैनपुर तुम्लिरटार सडक ठेक्का नं ३३७६१६३।०७१।७२।४० एक निर्माण व्यवसायीसँग २०७२ असार १५ सम्ममा सम्पन्न गर्ने गरी लागत रु.८,४६,०४४।- (मू.अ.कर वाहेक) २०७२ वैशाख ३ मा सम्झौता गरी प्रथम रनिङ विलको रु.६,८१,२६९।- खर्च लेखेको छ । पहिलो पटक २०७२ पुस १५ सम्म अवधि थप्न माग गरेकोमा अवधि थप नभएको, पुनःम्याद थपको अवधि नाघे पछि २०७२।१२।३० सम्म म्याद थप भएको र पुनः गिटी वालुवाको अभाव तथा नाकावन्दीको कारण उल्लेख गरी २०७३ असार १५ सम्म म्याद थपको निवेदन दिएकोमा

महानिर्देशकले २०७३ असार १५ सम्म म्याद थप भएको अवधि भित्र कार्य सम्पन्न नभए क्षतिपूर्ति लिने गरी भनी म्याद थप भएकोमा समेत तोकिएको अवधि भित्र कार्य सम्पन्न भएको छैन ।

२८. **बैंक जमानतको म्याद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) मा निर्माण व्यवसायीलाई सम्झौता अनुसार पेश्की दिँदा त्यस्तो पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिमको कार्य नगरेमा सो निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी भएको बँक जमानत लिनु पर्ने र त्यस्तो बैंक जमानतको मान्य अवधि सम्झौतामा उल्लेख भएको पे.फ. गर्नु पर्ने अवधिभन्दा कम्तीमा १ महिना भन्दा बढी अवधिको हुनु पर्ने उल्लेख छ । कार्यालयले एक निर्माण व्यवसायीलाई २०७३।१।१२ मा रु.१८,००,०००।- पेश्की दिएकोमा निज निर्माण व्यवसायीले पेश गरेको बैक जमानत २०७३।४।१५ सम्म मात्र भएको र लेखा परीक्षणको अवधि २०७३ माघ सम्म पेश्की फछ्र्योट गर्न बाकी देखिए तापनि पेश्की वापत राखेको बैक जमानतको अबधि समाप्त भएकोले बैक जमानतको अबधिको थप हुनुपर्ने देखिएको छ ।

२९. **कार्य नगरेको :** संभावित रणनीतिक सडकहरू अन्तर्गत दिगंला मुलपानी देखि सोमवारे नेपालीडाडां सडक स्तरोन्नती कार्यको लागत अनुमान रु.२,९९,८४,५८०।- को लागत अनुमान क्षेत्रीय र्निदेशकबाट २०७१।१२।४ मा स्वीकृत भएको छ । उक्त निर्माण कार्यको बोलपत्र को माध्यमबाट ठेक्का आव्हान गरी सवै भन्दा घटी रकम कवोल गर्ने एक निर्माण व्यवसायीले रु.१८१,३१,२६०। ( मु अ कर वाहेक) मा २०७३।३।३० भित्र कार्य सम्पन्न गर्ने गरी २०७२ श्रावण २२ गते सम्झौता भएको छ। निर्माण व्यवसायीलाई यस वर्ष मोविलाईजेशन पेश्की वापत रु.१८,००,०००।- दिएकोमा निर्माण व्यवसायीले यस वर्ष कुनै कार्य गरेको छैन । निर्माण व्यवसायीले तोकिए अनुसारको कार्य नगरेको सम्बन्धमा कार्यालयबाट २०७२।७।१७ मा पत्रबाट ध्यानाकर्षण गराएको भएता पनि आर्थिक वर्षको अन्त सम्ममा कार्य शुरु गरेको पाइएन । तोकिएअनुसार समयमै कार्य सम्पन्न गराउनु पर्दछ ।

३०. **बीमा** : सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२(१) मा खरिद सम्झौतामा १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने प्लाण्ट, मेशिन औजार एवं निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च समेतको बीमा गराउनुपर्ने व्यवस्था छ । टक्सार-मानेभञ्याङ-बैकुण्ठे सडक योजनाको एक निर्माण व्यवसायीसँग रु.२९,८३,१८,०००।- (मू.अ.कर बाहेक) मा ठेक्का सम्झौता भएको छ । उक्त रकम मध्ये वीमा वापत रु.२,००,०००।- मा ठेक्का सम्झौता भएको छ । कार्य सम्पन्न २०७३।१०।३० मा गर्ने गरी २०७२।४।१० मा ठेक्का सम्झौता भएको प्रमाण विना निर्माण व्यवसायीले वीमा गरेको पाइएन । नियम तथा ठेक्का सम्झौता अनुसार वीमा गरिनु पर्दछ ।

३१. **धरौटी तर्फ :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२) अनुसार निर्माण कार्यको त्रुटी सच्याउने अवधि समाप्त भएपछि कट्टा गरिएको रिटेन्सन मनी रकम फिर्ता गर्ने व्यवस्था रहेको छ । कार्यालयले दुई निर्माण व्यवसायीहरूको धरौटी रकम फिर्ता गर्दा त्रुटी सच्याउने अवधि समाप्त भएको प्रमण वेगर रु.२,९१,३३८।- धरौटी फिर्ता गरेको नियमित देखिएन ।

## दुर्गम क्षेत्र विकास समिति

१. **प्रगति शुन्य** : केन्द्रले सञ्चालन गरेका ५ कार्यक्रमको प्रगति यस जिल्लाले उल्लेख गर्ने जिम्मेवारी दिएकोमा यस समितिले शून्य प्रगति प्रतिवेदन व्यवस्थापन गर्नुपर्दछ ।

२.	**निर्माण कार्यमा ढिलाई** : सागरखोला ट्रस बृज निर्माण गर्न कुल लागत अनुमान रु.१६,४३,४३२।- केन्द्रबाट स्वीकृत भएको मध्ये यो बर्ष रु.५ लाख बजेट बिनियोजन भएकोमा फेबिकेशनको मात्र रु.५,२२,६०७।- को लागत अनुमान स्वीकृत गरी दरभाउको माध्यामबाट फेब्रिकेशनका आइटम जुनकिरी एक इन्जिनियरिङसँग रु.४,६३,१७१।- को खरीद गरी भुक्तानी गरेको छ । बरुण नदी झोलुङ्गे पुल हटिया ४ र ५ मा निर्माण गर्न कुल लागत अनुमान रु.२५,६३,०३६।- केन्द्रबाट स्वीकृत भएको मध्ये यो बर्ष रु.१०,००,०००।- बजेट बिनियोजन भएकोमा फेब्रिकेशनको मात्र रु.४,९०,९१४।- को लागत अनुमान स्वीकृत गरी दरभाउको माध्यामबाट फेब्रिकेशनका आइटम एक इन्जिनियरिरसँग रु.४,९०,७५८।- को खरीद गरी भुक्तानी गरेको छ । आर्थिक बर्षको अन्तमा फेब्रिकेशन आइटमको सामान सम्म खरीद भएको छ भने लेखापरीक्षण अबधि २०७३ माघ सम्म पनि निर्माण कार्य गर्न उपभोक्ता समिति गठन नभएको कारणले तोकिएको अबधि भित्र लक्ष्य हासिल गर्न सम्ने अवस्था नदेखिएकोले गठन गर्नुपर्ने देखियो ।

३.	**ढुवानी भाडा** : कालीखोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिलाई झोलुङ्गे पुल निर्माण वापत रु.१०,७७,५९०। भुक्तानी गरेको छ ।उक्त उपभोक्ता समितिले ५० वोरा सिमेन्ट(२५०० किलो) ट्रकबाट बिराटनगर बाट खादंवारी सम्म ढुवानी गरेको भनी प्रति के जी को रु.६।६९ का दरले रु.१६७२५। रनिग विलमा समाबेश गरी खर्च लेखेको मा संलग्न फांटवारी अनुसार सित्तलपाटी ६ हेलुवा बेसी संखुवासभाको एक सप्लायर्स ३ थान बिल अनुसार ५० वोरा सिमेन्ट प्रति बोरा रु.१२५०। का दरले खरीद गरेको देखिँदा संखुवासभामा सिमेन्ट खरीद भएकोमा बिराटनगरबाट खरीद गरेको देखाई ढुवानी खर्च लेखेको रु.१६७२५। असुल हुनुपर्दछ ।

४.	**पेश्की वाँकी** : अर्थिक वर्षको अन्तसम्म २ निर्माण व्यवसायीको नाममा रहेको पेश्की बाँकी रु.रु.४२०,३८६।- सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्यौंट हुनुपर्दछ ।

## नापी कार्यालय, खाँदवारी

१.	**आषाढको खर्च** : कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पँजीगत बजेट उपशीर्षकको कुल बजेट रु.३५००००।- मध्ये असार महिनामा मात्र २०००००।- खर्च भएको छ । आर्थिक वर्षको अन्त्यमा आएर कुल बजेट मध्ये ५७.१४ प्रतिशत खर्च गर्नु उचित देखिएन । चौमासिक लक्ष्य अनुसार कार्यक्रम गर्नुपर्दछ ।

२.	**आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । जिन्सी खातामा रहेका केही सामानको मूल्य नखुलाई आम्दानी बाँधेको, लिलाम गर्नुपर्ने सामान लिलाम नगरेको देखिन्छ । आइटमवाईज रुपमा सामानलाई फरक फरक जिन्सी पाना नम्बरमा नराखेकोले जिन्सी सामानको अवस्था एकीन गर्न नसक्ने अवस्था रहेको देखिन्छ । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

३.	**शीर्षक फरक पारी खर्च :** आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार कार्यालयमा प्राप्त भएको वजेट निर्धारित कार्यमा खर्च लेखिनु पर्दछ।कार्यालयले विभिन्न सामान गरिद गरी खर्च लेखेको मध्ये एमोनिया ग्यास खरिद गरेको रु.१५,०००।- वजेट खर्च शीर्षक २२५२१ उत्पादन सामग्रीबाट खर्च लेख्नु पर्नेमा खर्च शीर्षक २२३११ कार्यालय सम्बन्धी खर्चबाट खर्च लेखेबाट शीर्षक फरक पारी खर्च लेखेको रु.१५.०००।- नियम सम्मत देखिएन ।

## नापी कार्यालय, चैनपुर

१. **आन्तरिक नियन्त्रण प्रणाली :** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस जिन्सी सामानको खाता म.ले.प.फा.नं. ४७ संशोधित ढाँचा अनुसार नराखेको, खर्च भएर नजाने जिन्सी सामानको खाता किताव २ फरक फरक राखेको, आर्थिक कारोवारको विवरण अनुसुचि १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेशन तयार नगरेको पाईयो । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **घटी विल** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा यस नियमावली बमोजिम खर्चको बिल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यबस्था छ । कार्यालयले २०७२।४।२५ र २०७२।६।२० मा खर्च अनुसारको विल भर्पाइ संलग्न गरी खर्च लेख्नुपर्नेमा बिल भरपाई भन्दा बढी खर्च लेखेको रकम रु.११००।-असुल हुनुपर्दछ ।

३. **ख ६ खाता** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ (२) अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्लाष्टिकका ६ कुर्सी र टि १ टेवल आनुसारका जिन्सी सामग्री खरिद गरेकोमा नियमानुसार कार्यालयमा दाखिला गरी जिन्सी अभिलेखमा चढाएको छैन । लेखापरीक्षण अवधिसम्म पनि निम्न सामग्री कार्यालयमा दाखिला नभएको रु.९,०५५।- असुल हुनुपर्दछ ।

४. **रसिद नियन्त्रन खाता** : कार्यालयले रसिद नियन्त्रण खाता राखेको भए ता पनि खाता अद्यावधिक नगरेकोले वर्षभरि के कति रसिद छपाई गरी कति उपयोग भयो र के कति बाँकी छ सो को अभिलेख प्राप्त हुन आएन । रसिद नियन्त्रण खाता अद्यावधिक गरी आन्तरिक व्यवस्थापनमा सुधार हुनु पर्दछ ।

५. **राजश्व वैक दाखिला ढिलो** : आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ (२) अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने पर्ने व्यवस्था छ । यस कार्यालयले रु.२,४५,१७२।- राजस्व आर्जन गरेकोमा समयमा बैंकमा नगद दाखिला गरेको छैन । ऐनमा भएको व्यवस्था पालना हुनु पर्दछ ।

६. **नर्म्स भन्दा कम राजस्व :** एमोनिया पेपर १ रोल खपतको अनुपातमा रु.१८००।- राजश्व आम्दानी हुनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष १५० रोल एमोनिया पेपर खरिद एवं खपत भएको देखिएको र सो अनुसार न्यूनतम रु.२७००००। राजश्व आम्दानी गर्नुपर्नेमा राजश्व जम्मा रु.२३९८७०। मात्र भएकोले तोकिएको नर्मस भन्दा घटी राजश्व देखाएको रु.३०१३० । असुल हुनुपर्दछ ।

## महिला तथा बालबालिका कार्यालय

१. **कार्यक्रमगत खाता** : कार्यालयले बिभिन्न कार्यक्रम खर्च लेख्दा सो को कार्यक्रम खाता नराखेकोले तोकिएको खर्च तोकिएको कार्यमा नै खर्च भयो भनी यकिन गर्न नसकिने भएबाट कार्यक्रम खाता राख्नु पर्ने देखिन्छ ।

२. **अनुदान अनुगमन** : कार्यालयले बिभिन्न ७ महिला बचत तथा ऋण सहकारी संस्थालाई बिभिन्न व्यावसायिक कार्यक्रम संचालन गर्न अनुदान रकम रु.१५४५०००। सम्बन्धित सहकारीको बैक खातामा जम्मा गरेको आधारमा खर्च लेखेको छ । यसरी उक्त अनुदान दिएको रकमले तोकिएको कार्यमा प्रयोग गरे नगरेको सम्बन्धमा कार्यालयबाट अनुगमन गर्नुपर्ने देखिन्छ ।

३. **वोर्डिग पास** : भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ अनुसार कुनैपनि पदाधिकारी हवाई यातायातबाट भ्रमण गरी भ्रमण भत्ता खर्च लेख्दा हवाई टिकट अनिवार्य पेश गर्नुपर्ने व्यवस्था रहेको छ । दुई पदाधिकारीले हवाई ई टिकेट साथ वोर्डिङ पास समेत संलग्न गर्नुपर्नेमा फोटोकपी वोर्डिङ पास पेश गरेर खर्च लेखेको पाइएकोले सक्कल बोर्डिङ पास रु.६३४०।- पेश गर्नु पर्दछ ।

४. **अनुदान** : कार्यालयले ३ संस्थालाई ज्येष्ठ नागरिक कार्यक्रम अन्तर्गत रु.४५०००।- अनुदान उपलब्ध गराएको छ । अनुदान रकमको पूर्ण सदुपयोग तथा कार्यक्रमको उदेश्य अनुरुप खर्च गर्नको लागि सम्बन्धित संस्थाबाट कार्यक्रम सहित सम्झौताको आधारमा अनुदान उपलब्ध गराउने, कार्यालयबाट अनुगमन हुने व्यवस्थाको सुनिस्चितता बेगर अनुदान उपलब्ध गारएकोले रकमको सही सदुपयोग हुनेमा विश्वस्त हुने आधार पेश भएन । सरकारी कोषको सही सदुपयोग र कार्यक्रमको उद्देश्य हाँसिल गर्ने सुनिश्चिता गरिनु पर्दछ ।

## मालपोत कार्यालय, खाँदवारी

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कार्यालयले भौतिक तथा वित्तिय प्रगति समेत स्पष्ट देखिने गरी वार्षिक प्रगति प्रतिवेदन तयार नगरेको र जिन्सी मालसमानको यथार्थ अवस्था खुल्ने गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको पाइयो । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **सोझै खरिद** : सार्वजानिक खरिद नियामवली, २०६४ को नियम ८५(४) को व्यवस्था अनुसार २५ हजार भन्दा बढीको लागी सुचिकृत आपुर्तिकर्ताहरू मध्ये ३ वटा आपुर्तिकर्ताबाट दर भाउपत्र लिई सवभन्दा कम मुल्यको आपुर्ति कर्ताबाट खरिद गर्नुपर्ने व्यवस्था भएकोमा यस कार्यालयले सो को पालना नगरी २ आपुर्तिकर्ताबाट रु.२३०८०७।- खरिद गरेका देखिन्छ । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

३. **विद्युत महसुल जरिवाना** : सरकारी रकम खर्च गर्दा मितव्ययी रुपमा गर्नु पर्दछ । विजुली महसुल वापत विल रकम रु.५४,३७२।- तिर्दा समय मै रिवेट छुट लिन पर्नेमा सो नलिईकन रु.६५,०००।- ढिलो तिरेकोमा आर्थिक व्ययभार रु.१०,६२७।- पारेको देखिन्छ । समय मै विल रकम भुक्तानीको व्यवस्था गरी प्राप्त छुट सुविधाको उपयोग गरी आर्थिक व्ययभार कम गर्नुपर्दछ ।

४. **राजश्व वाँडफाँड** : स्थानीय स्वायत्त शासान नियमावली, २०५६ को नियम २११ को अनुसूची २६ मा भएको व्यवस्था अनुसार घर जग्गाको रजिष्टेशन दस्तुरबाट असुल भएको रकममध्ये तोकिएको प्रतिशत रकम जिल्ला विकास समिति र नगरपालिकामा पठाउनु पर्ने व्यवस्था छ । भूमिसुधार तथा व्यवस्था विभागले २०७०।६।१४ मा असुली रकम बाँडफाँड सम्बन्धमा निर्देशन दिएको छ । रजिष्टेशन दस्तुर वापत रु.१५५१३४४४।- असुल भएकोमा वैशाख सम्मको रु.५८४९०७४।- बैंकमा नै जम्मा रहेको देखिन्छ । असुल भएको रकम समय मै बाडफाँड गरी दाखिला गर्नुपर्दछ ।

## मालपोत कार्यालय चैनपुर

१. **आन्तरिक नियन्त्रण व्यवस्था** : आन्तरिक नियन्त्रण व्यवस्था : कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । चौमासीक तथा वार्षिक प्रगति प्रतिवेदन तयार नगरेको, जिन्सी मालसमानको यथार्थ अवस्था देखिने गरी जिन्सी अभिलेख नराखेको, अनुसूचि ६ को ढाँचामा भ्रमण अभिलेख खाता नराखेको पाईयो । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **सोझै खरिद** : सार्वजानिक खरिद नियामवली, २०६४ को नियम ८५(४) को व्यवस्था अनुसार २५ हजार भन्दा बढीको लागी सुचिकृत आपुर्तिकर्ताहरू मध्ये ३ वटा आपुर्तिकर्ताबाट दर भाउपत्र लिई सवभन्दा कम मुल्यको आपुर्तिकर्ताबाट खरिद गर्नुपर्ने व्यवस्था भएकोमा यस कार्यालयले सो को पालना नगरी २ आपुर्तिकर्ताबाट रु.४३५३३०। खरिद गरेका देखिन्छ । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

३. **पूँजीगत लाभकर** : आयकर ऐन २०५८ (संशोधन सहित) दफा २ द(४) र दफा ९५ क(३) मा कुनै प्राकृतिक व्यक्तिले एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.३० लाख वा सो भन्दा बढीको जग्गा निसर्ग गरेकोमा पूँजीगत लाभकर वापत मालपोत कार्यालयले रजिष्ट्रेशन वापत निसर्ग भएको सम्पत्तिको स्वामित्व ५ वर्ष वा सो भन्दा बढी भएको छ भने २.५ प्रतिशतका दरले खुद पूंजीगत लाभमा अग्रिम कर असूल गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष पारित गरेका रजिष्ट्रिेशन लिखतहरूमध्ये रजिष्ट्रेशन नं.२१७१ र २१७२ बाट २०७३।३।२७ मा चैनपुर नगरपालिका ६ को एक व्यक्तिले रु.३० लाख थैली रकमको गैर व्यावसायीक कर योग्य सम्पती निसर्ग गरेको देखिन्छ । रजिष्ट्रेशन लिखतहरूबाट निसर्ग गर्दा निजबाट पूँजीगत लाभकर अग्रिम रुपमा कट्टा गरी असूल गरेको देखिएन । २.५ प्रतिशतका दरले पूँजीगत लाभकर रु.७५०००। असूल गर्नुपर्दछ ।

४. **राजश्व बाँडफाँड** : स्थानीय स्वायत्त शासान नियमावली, २०५६ को नियम २११ को अनुसूची २६ मा भएको व्यवस्था अनुसार घर जग्गाको रजिष्टेशन दस्तुरबाट असुल भएको रकममध्ये तोकिएको प्रतिशत रकम जिल्ला विकास समिति र नगरपालिकामा पठाउनु पर्ने व्यवस्था छ । भूमिसुधार तथा व्यवस्था विभागले २०७०।६।१४ मा असुली रकम बाँडफाँड सम्बन्धमा निर्देशन दिएकोछ । रजिष्टेशन दस्तुर वापत रु.१०३४१४५२।- असुल भएकोमा वैशाख सम्मको रु.१९९०४९३।- बैंकमा जम्मा रहेको देखिन्छ । असुल भएको रकम समयमै बाडफाँड गरी दाखिला गर्नुपर्दछ ।

## स्थानिय विकास कोषको सचिवालय

१. **ऋण पूँजी परिचालन** : स्थानीय विकास कोष नियमावली २०५८ ले नियम ९ मा सामुदायिक संस्थाले कोषबाट लिएको ऋण रकम कोषलाई चुक्ता गर्न नसकेमा जिल्ला विकास समितीले सोझै ऋणी उपर कानुनी कार्वाही गरी निजको घर घरनाबाट सावाँ रकम, व्याज, सेवा शुल्क र हर्जना असुल गर्ने व्यवस्था छ । कोषले परिचालन गरेको सामुदायिक विकास कोषहरुमा ऋण पूँजी परिचालन कार्यक्रम अन्तर्गत ७ गा.वि.स.मा परिचालन भएको ऋण रकमको भाका नाघेको वार्षिक प्रगति प्रतिवेदनमा उल्लेख गरेको छ । निर्धारित समयमा ऋण नबुझाउने ऋणीको नाम नामेसी समेत खुल्नेगरी अभिलेख राख्नु पर्नेमा गाविस मात्र उल्लेख गरेको छ । कोषले ऋणीको नामनामेसीको अभिलेख राख्ने साथै भाका नाघेको ऋण रु.८,४४,०८१।- नियमानुसार असुल गर्नुपर्दछ ।

२. **करमा दर्ता** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम रु.५०००।- भन्दा बढीको वस्तु वा सेवा खरिद गर्दा मू.अ.कर दर्ता भएको व्यक्ति वा संस्थासँग गर्नु पर्ने व्यवस्था छ । गरीबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत २ संस्थाहरुलाई रु.७४,२५०। रकम भुक्तानी गरेकोमा उक्त सस्था मू.अ.करमा दर्ता भएको देखिएन । नियमानुसार मू.अ.कर दर्ता भएको व्यक्ति वा संस्थाबाट खरिद गर्नुपर्दछ ।

३. **भपाई** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३६ (३) अनुसार खर्च गर्दा खर्चको वील भर्पाई सहितको लेखा राख्नु पर्नेमा ज्येष्ठ नागरिक समाज कार्यक्रम अन्तर्गत एक वृद्धाश्रमका ३५

जना वृद्धवृद्धालाई वितरण गरिएको रु.३,६४,०००।- को खाद्य सामग्री तथा लाईट वितरण भर्पाई बेगर खर्च लेखेको छ । सामाग्री वितरणको भर्पाई पेश हुनुपर्दछ ।

४. **अनुदान** : सामाजिक परिचालन कार्यक्रम अन्तर्गत सामुदायिक संस्थाका अति गरीब सदस्यलाई अनुदान शीर्षक अन्तर्गत कृयाकलाप संचालन गर्न ६ व्यक्तिलाई अनुदान रु. २,९७,०००।- प्रदान गरिएको छ । सामुदायिक संस्था मार्फत प्रदान गरिएको सम्बन्धित व्यक्तिले प्राप्त गरेको प्रमाण र व्यवसाय सञ्चालन भई कोषको तर्फबाट अनुगमन गरेको प्रमाण पेश हुनुपर्दछ ।

५. **पेश्की बाँकी** : अर्थिक वर्षको अन्तसम्म ४ संस्थाको नाममा रहेको पेश्की बाँकी रु.१,२७,०००।- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ अनुसार फछ्र्यौट हुनुपर्दछ।

## सिंचाई विकास डिभिजन

१. **चौमासिक खर्चः** कार्यालयलाई पूँजीगत कार्यकम अन्तर्गत ५ बजेट उपशीर्षमा २८२१३,०००।- अख्तियारी प्राप्त भएकोमा प्रथम चौमासिकमा रु.४३८४०००।- खर्च भएको, दोस्रो चौमासिकमा रु.३४ ४१०००।-(१७.२१ प्रतिशत) तेस्रो चौमासिकमा रु.१ करोड २१ लाख ८८ हजार, (६१ प्रतिशत) र सो रकम मध्ये रु.६१८००००।- (३०.९० प्रतिशत) असार महिनामा खर्च भएको छ । चौमासिक कार्यक्रम अनुसार निकासा खर्च प्रगति गरिनु पर्दछ ।

२. **कार्यक्रम र प्रगतिः** कार्यालयले लेखापरीक्षणको लागि पेश गरेको यस वर्षको प्रगति प्रतिवेदन अनुसार स्वीकृत कार्यक्रममा उल्लेख भए अनुसारका क्रियाकलापहरू संचालन गरेको छ । प्राप्त विवरण अनुसार मर्मत सम्भार तथा दिगो व्यवस्थापन कार्यक्रम ५०.७, मझौला सिंचाई आयोजना ६६.४८, नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना ७०.४ र समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना ७५.०० प्रतिशत आयोजनहरूको भौतिक प्रगति उल्लेख गरेकोछ । शत प्रतिशत लक्ष्य प्रगति हासिल गर्ने गरी कार्यक्रम सम्पन्न गर्नुपर्दछ ।

३. **तलवी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कार्यालयका कर्मचारीको तलवी प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा सो नगराई यो वर्ष रु.११२३५०१।- खर्च गरेको छ । तलवी प्रतिवेदन पारीत गरेर मात्र तलव खर्च लेख्नुपर्दछ ।

४. **रकम असुली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा यस नियमावली बमोजिम खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यबस्था रहेको छ । कार्यालयले मिति २०७२।४।२६ मा मालिंग सिचाई योजनाको बोलपत्र खोल्दाको बैठक भत्ता भनी रु.६०००।- खर्च लेखेकोमा ३ कर्मचारीलाई रु.२५५०।- रकम बुझाएको भरपाई बेगर खर्च लेखेको रकम असुल गर्नु पर्दछ ।

५. **विद्युत महशुल** : कार्यालयमा प्राप्त भएको बजेट रकम मितव्ययी ढंगले गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७२ चैत्र महिना र ०७३ बैशाख महिनाको बिद्युत महशुल वापत बिल रकम रु.२५९४२।- मात्र भएकोमा ढिलो गरी भुक्तानी गरेकोले थप दस्तुर रु.६३८१।- समेत भुक्तानी गरेको रकम नियम सम्मत देखिएन ।

६. **आयोजना सञ्चालन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा बमोजिम सम्बन्धित निर्माण व्यवसायी वा सेवा प्रदायकले कारण खुलाई खरिद संझौताको म्याद सकिनु कम्तिमा ७ दिन अगावै अवधि थपका लागि निवेदन दिनु पर्ने व्यवस्था छ । कुसुवा खोला नागधारा आयोजनाका रु.१३४७१८२६।-मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग

२०७० असार २७ गते सम्झौता भएकोमा २०७२ असोज २० गते सम्म कार्यसम्पन्न गर्नुपर्नेमा कार्यसम्पन्न र म्याद थप भएको छैन । पेश्की बाँकी रु.२०४३५४।- पेश्की बाँकी रहेको भएपनि कार्यसम्पन्न जमानतको म्याद २०७३।८।११ मा सकिएको छ । त्यसैगरी ओशाक खोखा सिँचाई योजना चैनपुरको रु.२९,३९,११४।- मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७२ श्रावण ६ गते सम्झौता भएकोमा २०७३ कार्तिक ६ गते कार्यसम्पन्न गर्ने भनिएतापनि कार्यसम्पन्न र म्याद थप भएको छैन । पेश्की बाँकी रु.५,२०,०००। रहेको भएपनि कार्यसम्पन्न जमानतको म्याद सकिएको छ । तर निर्माण व्यवसायी सम्पर्कमा नरहेको कार्यालयको भनाइ छ । त्यसै गरी नेगुवा खोला विलौना खर्क सिँचाई योजना नुम ३ कुलो निर्माणको लागि रु.१,७९,९७,२९४। मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७१ फाल्गुण २७ गते सम्झौता भएकोमा २०७३ जेष्ठ कार्यसम्पन्न गर्ने भनिए तापनि कार्य नसकिएकोले २०७३ मंशिरसम्म म्याद थप भएको देखिन्छ र सो अवधि पछि म्याद थप भएको देखिदैन । उल्लेखित सवै निर्माण व्यवसायी कार्यालयको सम्पर्कमा नरहेको जनाएकोले नियमानुसार कारबाही अगाडि बढाउनु पर्दछ ।

७. **कन्टिजेन्सी खर्च** : सार्वजानिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार अनुसुचि १ मा उल्लेखित व्यवस्था बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ र साना तिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने ब्यवस्था रहेकोछ । अर्थमन्त्रालय बजेट तथा कार्यक्रम महाशाखा को मिति २०७१।१।२४ को कन्टिजेन्सी खर्च गर्ने बारेको पत्रानुसार कार्यालयहरूको लागि सार्वजानिक निर्माण शीर्षकमा विनियोजित बजेट खर्च गर्ने शिलसिलामा निर्माण कार्यको लागत गणना गर्दा समावेश गरिने ५ प्रतिशत कन्टिजेन्सी बापतको रकम मध्येबाट २ प्रतिशत रकम आवश्यकतानुसार फर्निचर, सवारी साधन, मेशिनरी, औजार ,सफ्टवेयर निर्माण खरिद जस्ता पूँजी निर्माण तथा सम्पत्ति खरिद सम्बन्धी शीर्षकहरूमा अर्थमन्त्रालयको सैद्धान्तिक सहमती लिई अनिवार्य रुपमा खर्च गर्ने भनि मिति २०७०।१।१८ मा मन्त्री स्तरीय निर्णय भएकोले सोही अनुसार कार्यान्वयन गराउन हुन भन्ने व्यवस्था छ । यो वर्ष कार्यालयले मामलिर कुलो सिचाई र नेगुवा खोला विलौना खर्क कुलो सिचाँई आयोजनाको कन्टीन्जेन्सी बापत रु.२१,०७,२९७।- खर्च गरेकोमा सवै खर्च चालू प्रकृतिको कार्यमा गरेको छ । जसको कारण पूँजीगत विकास वजेटको अंश अनुत्पादक वस्तुमा खर्च हुने देखिन्छ । नियमको पालना गरी कन्टिन्जेन्सी खर्च गर्नुपर्दछ ।

८. **पेश्की वाँकी** : अर्थिक वर्षको अन्तसम्म दुई निर्माण व्यवसायीको नाममा रहेको पेश्की बाँकी रु.४१९९,०००।- सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्योट हुनुपर्दछ।

९. **अनुगमन खर्च** : एक डिभिजन प्रमुखलाई विभिन्न मितिमा योजना अनुगमन गरेको भनी रु.१२८४००।- रकम भुक्तानी दिएकोमा कुन योजना सम्बन्धी कामको अनुगमन गरेको हो भन्ने खुल्न सकेन । योजना सम्बन्धी काम भनी अन्यत्र काज देखाई अनुगमन भ्रमण खर्च लेखेको देखिएकोले वास्तविक काममा खर्च भएको हो होइन भनी एकिन गर्न नसकिएको हुँदा योजनाको कामको प्रयोजन लागि भ्रमण गरेको भए सो प्रमाण पेश गर्नुपर्दछ । त्यसै गरी निजलाई विभिन्न मितिमा भ्रमण गरी भ्रमण खर्च भुक्तानी दिएकोमा कुन योजना सम्बन्धी कामको अनुगमन गरेको हो सोही योजनाको कामको प्रयोजन खुल्ने भ्रमण प्रतिवेदन वेगर रु.२४२७५। भुक्तानी गरेकाले प्रतिवेदन प्रमाण पेश गरिनुपर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तर्गत ३९ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सम्पन्न भएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार १० कार्यालयको  बेरुजू नदेखिएको जनाएको छ । यो बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २१ मध्ये ११ कार्यालयको रु.९८,२७,७३८। बेरुजू बाँकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औंल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार  फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यालय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १ | अस्पताल विकास समिति | कार्यसञ्चालन कोष | प्रमाण नभएको | सैद्धान्तिक |
| | अस्पताल विकास समिति | कार्यसञ्चालन कोष | अन्य भत्ता ( जोखिम भत्ता) प्रमाणविना भुक्तानी) | ११०६३२५ |
| | अस्पताल विकास समिति | कार्यसञ्चालन कोष | माग निवेदन ,आदेश ,जिन्सी दाखिला नभएको | सैद्धान्तिक |
| | अस्पताल विकास समिति | कार्यसञ्चालन कोष | नर्म्स विपरित भुक्तानी भएको | ७९०५ |
| | अस्पताल विकास समिति | कार्यसञ्चालन कोष | विल रकम भन्दावढी भूक्तानी | ३४५९९ |
| | अस्पताल विकास समिति | कार्यसञ्चालन कोष | प्राविधिक नाँप जाँच विना भूक्तानी | ४९६१७० |
| २ | कारागार कार्यालय | ३१४०२०३ | खर्च शीर्षक फरक पारी लेखेको | २९३६०० |
| | | | खर्च शीर्षक फरक पारी लेखेको | २५००० |
| ३ | कोष तथा लेखा नियन्त्रक कार्यालय | ३०५११५४ | निर्माण मोविलाईजेशन | ४४५०००० |
| ४ | घरेलु तथा साना उद्योग विकास समिति | ३०७८०१३ | खर्च शीर्षक फरक पारेको | १३००० |
| ५ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, | ३७००२६३ | खर्च शीर्षक फरक | **५१९८०** |
| ६ | जिल्ला पशु सेवा कार्यालय | ड्राफ्ट | सक्कल श्रेस्ता पेश नभएको | ९२९४७० |
| | | घुम्ती कोष | कोष वचत टियसए प्रणालीमा लानु पर्ने | सैद्धान्तिक |
| ७ | जिल्ला प्रहरी कार्यालय | ३१४०२८४ | निर्माण मोविलाइजेशन | २२१४००० |
| ८ | जिल्ला बन कार्यालय | ३२९०१४३ | जिन्सी खाता फेर्ने सम्बन्धमा | सैद्धान्तिक |
| ९ | मकालु बरुण राष्ट्रिय निकुञ्ज कार्यालय | ३२९११५३ | रसिद नियन्त्रण खाता नराखेको | सैद्धान्तिक |
| १० | जिल्ला हुलाक कार्यालय | धरौटी | धरौटी सदरस्याहा | १७९७२९ |
| ११ | सिमा प्रशासन कार्यालय | ३१४०१७३ | खर्चशीर्षक फरक | २५९६० |
| | | | जम्मा | **९८२७७३८** |

(जीवन प्रसाद सुवेदी)
नायब महालेखारीक्षक

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** (रु.लाख)

| क.स. | कार्यालयको नाम | विनियोजन / निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | जिल्ला अदालत | २४२ | २१ | ७० | ० | ३३३ |
| २ | सरकारी वकिलको कार्याल | १३० | ० | ७९ | ० | २०९ |
| ३ | उत्तर दक्षिण कोशी सडक योजना | ३४४३ | ८ | ३१३५ | ० | ६५८६ |
| ४ | कृषि विकास कार्यालय | २१ | २ | ३० | ४ | ५७ |
| ५ | खानेपानी तथा सरसफाई कार्यालय | ७६२ | १ | १०९५ | ० | १८५८ |
| ६ | जिल्ला प्राविधिक कार्यालय | ५६० | २ | ७८ | ० | ६४० |
| ७ | जिल्ला विकास समिति | ० | ० | ० | ८०३१ | ८०३१ |
| ८ | जिल्ला शिक्षा कार्यालय | ८२४२ | ३९ | ३ | २५ | ८३०९ |
| ९ | डिभिजन सडक कार्यालय | १०४० | २५ | १४४७ | ९२५ | ३४३८ |
| १० | दुर्गम क्षेत्र विकास समिति | ५० | ० | ८९ | ० | १३९ |
| ११ | नापी कार्यालय, खाँदवारी | ४० | ६ | ० | २ | ४८ |
| १२ | मालपोत कार्यालय, चैनपुर | ५४ | ३४ | १९ | १११ | २१८ |
| १३ | महिला तथा वालवालिका कार्यालय | १०४ | ० | ० | ७ | १११ |
| १४ | मालपोत कार्यालय,खाँदवारी | ४६ | ६२ | २२६ | १६२ | ४९५ |
| १५ | नापी कार्यालय, चैनपुर | ३९ | २ | ० | ३ | ४४ |
| १६ | स्थानीय विकास कोषको सचिवालय | ० | ० | ० | २५१ | २५१ |
| १७ | स्वास्थ्य कार्यालय | ११३८ | २ | ४३ | ४ | ११८८ |
| १८ | सिँचाई विकास सव डिभिजन कार्यालय | १४८ | १ | १०३ | ० | २५१ |
| | जम्मा | १६०५९ | २०५ | ६४१७ | ९५२५ | ३२२०६ |

**लेखापरीक्षण विधिः आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु.लाखमा)

| क.स. | कार्यालयको नाम | निकासा/विनियोज | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | अस्पताल विकास समिति | ० | ० | ० | १३१ | १३१ |
| २ | इलाका प्रहरी कार्यालय चैनपुर | ३८३ | ० | ० | ० | ३८३ |
| ३ | इलाका प्रशासन कार्यालय चैनपुर | २१ | ० | ० | ० | २१ |
| ४ | कारागार कार्यालय | १०४ | ० | ० | १ | १०६ |
| ५ | किमाथान्का मन्सार कार्यालय | १२ | १ | ० | ० | १२ |
| ६ | कोष तथा लेखानियन्त्रण कार्यालय | १२९ | ७३१ | २१ | १५१८ | २३९९ |
| ७ | घरेलु तथा उद्याग विकास समिति | ५२ | १८ | १०१ | ० | १७१ |
| ८ | जिल्ला प्रशासन कार्यालय | ३५२ | ११६ | ६७९ | ६५ | १२१३ |
| ९ | मकालु तथा बरुण राष्ट्रिय निकुन्ज | २५०५ | २ | ६९ | १ | २५७७ |
| १० | जिल्ला आयुर्वेद कार्यालय | ८१ | ० | ११ | १ | ९३ |
| ११ | जिल्ला पशु सेवा कार्यालय | ४५ | १ | ५ | ११ | ६२ |
| १२ | जिल्ला वन कार्यालय | ३११ | ५ | २६२ | ० | ५७७ |
| १३ | जिल्ला प्रहरी कार्यालय | १३९१ | १३ | ३०४ | ५८ | १७६६ |
| १४ | जिल्ला भु संरक्षण कार्यालय | १५० | ० | ० | ० | १५० |
| १५ | जिल्ला हुलाक कार्यालय | ३६५ | १४ | १८ | २२० | ६१७ |
| १६ | इलाका हुलाक कार्यालय | ० | ० | ० | ९६ | ९६ |
| १७ | निर्वाचन कार्यालय | ३४ | ० | ० | ० | ३४ |
| १८ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ४२ | ० | ० | ० | ४२ |
| १९ | श्री श्रीदल गुल्म | ६६६ | २ | ९७ | ० | ७६५ |
| २० | श्री भीमकाली गुल्म | १४३९ | ० | ८१ | ० | १५२० |
| २१ | सशस्त्र प्रहरी वल अरुण गुल्म चैनपुर | ८११ | ० | ५ | ० | ८१६ |
| २२ | सिमा प्रशासन कार्यालय खाँदवारी | ७ | ० | ० | ० | ७ |
| | **जम्मा** | **८९००** | **९०३** | **१६५३** | **२१०२** | **१३५५८** |
| | **कूल जम्मा** | **२४९५९** | **११०८** | **८०७०** | **११६२७** | **४५७६४** |

अनुसूची २

## बेरुजूको स्थिति

(रु. हजारमा)

| क्र.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| १ | जिल्ला अदालत | ११ | १८५ | १ | ३० | १० | ३५ | १२० | ० | १५५ | ० | ० | ० |
| २ | सरकारी वकिलको कार्यालय | ५ | १३६ | १ | ० | ४ | ९९ | ३७ | ० | १३६ | ० | ० | ० |
| ३ | उत्तर दक्षिण कोशी सडक योजना | २० | ११३४६४ | ४ | ० | १६ | ० | १९४३ | १११५२१ | ११३४६४ | २ | ० | २ |
| ४ | कृषि विकास कार्यालय | १३ | ५९३ | २ | ० | ११ | १२४ | ४६९ | ० | ५९३ | ३१ | ० | ३१ |
| ५ | खानेपानी तथा सरसफाई कार्यालय | ३५ | २१३९० | १८ | ० | १७ | ० | १८९०७ | २४८३ | २१३९० | ० | ० | ० |
| ६ | जिल्ला प्राविधिक कार्यालय | ११ | १०४०३ | ३ | ० | ८ | ७७ | ४५७ | ९८६९ | १०४०३ | ० | ० | ० |
| ७ | जिल्ला विकास समिति | ३८ | ८६४८० | २६ | ० | १२ | १३०९ | १०९२५ | ७४२४६ | ८६४८० | ० | ० | ० |
| ८ | जिल्ला शिक्षा कार्यालय | ३८ | ११९५५ | १७ | ० | २१ | १९ | ११६१३ | ३२३ | ११९५५ | ० | ० | ० |
| ९ | जिल्ला स्वास्थ्य कार्यालय | ६८ | ५३०७ | २१ | २३ | ४७ | १३४ | ४९४७ | २०३ | ५२८४ | १४ | ० | १४ |
| १० | डिभिजन सडक कार्यालय | ५८ | ४५३९७ | २७ | १०६८ | ३१ | ४४८ | १८९५४ | २४९२७ | ४४३२९ | ० | ० | ० |
| ११ | दुर्गम क्षेत्र विकास समिति | ५ | ४३७ | १ | ० | ४ | १७ | ० | ४२० | ४३७ | ० | ० | ० |
| १२ | नापी कार्यालय ,खाँदवारी | ४ | १५ | १ | ० | ३ | १५ | ० | ० | १५ | ० | ० | ० |
| १३ | मालपोत कार्यालय ,चैनपुर | ६ | ७५ | २ | ० | ४ | ७५ | ० | ० | ७५ | ० | ० | ० |
| १४ | महिला तथा वालवालिका कार्यालय | ८ | २७ | ४ | २१ | ४ | ० | ६ | ० | ६ | १९ | ० | १९ |
| १५ | मालपोत कार्यालय,खाँदवारी | ६ | ० | २ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० |
| १६ | नापी कार्यालय, चैनपुर | ८ | ३१ | २ | ० | ६ | ३१ | ० | ० | ३१ | ५ | ० | ५ |
| १७ | स्थानीय विकास कोषको सचिवालय | ७ | १२०९ | २ | ० | ५ | ८४४ | २९७ | ६८ | १२०९ | ० | ० | ० |
| १८ | सिचाई विकास सव डिभिजन कार्यालय | १४ | ५२३७ | ५ | १७ | ९ | १६ | १००५ | ४१९९ | ५२२० | ० | ० | ० |
| १९ | कोष तथा लेखानियन्त्रण कार्यालय | १ | ४०५० | ० | ० | १ | ० | ० | ४०५० | ४०५० | ० | ० | ० |
| २० | घरेलु तथा उद्याग विकास समिति | १ | १३ | ० | ० | १ | ० | १३ | ० | १३ | ० | ० | ० |
| २१ | मकालु तथा बरुण राष्ट्रिय निकुन्ज | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| २२ | जिल्ला आयुर्वेद कार्यालय | १ | ५२ | ० | ० | १ | ० | ५२ | ० | ५२ | ० | ० | ० |
| २३ | जिल्ला पशु सेवा कार्यालय | २ | ९२९ | ० | ० | २ | ० | ९२९ | ० | ९२९ | ० | ० | ० |
| २४ | जिल्ला वन कार्यालय | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| २५ | अस्पताल विकास समिति | ६ | १६४५ | ० | ० | ६ | ४३ | १६०२ | ० | १६४५ | ० | ० | ० |
| २६ | कारागार कार्यालय | २ | ३१९ | ० | ० | २ | ० | ३१९ | ० | ३१९ | ० | ० | ० |

| क्र.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट एवं समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को कममा | प्रतिक्रिया बाट | जम्मा |
| २७ | जिल्ला हुलाक कार्यालय | १ | १८० | ० | ० | १ | ० | १८० | ० | १८० | ० | ० | ० |
| २८ | जिल्ला प्रहरी कार्यालय | १ | २२१४ | ० | ० | १ | ० | ० | २२१४ | २२१४ | ० | ० | ० |
| २९ | सिमा प्रशासन कार्यालय खादवारी | १ | २६ | ० | ० | १ | ० | २६ | ० | २६ | ० | ० | ० |
| | | ३७३ | ३११७६९ | १३९ | ११५९ | २३४ | ३२८६ | ७२८०१ | २३४५२३ | ३१०६१० | ७१ | ० | ७१ |

**द्रष्टव्य** : • *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*

• *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ ।*

# जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण

अनुसूची - ३

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | **६८६२१२६६।६२** | **वजेट खर्च :** | **३५३२४१२५५.८०** |
| जि.वि.स.कोष | १०१८५२६०.९६ | **नेपाल सरकार अनुदान** | ३५३२४१२५५.८० |
| राजस्व बाँडफाड | २६५४८६६३.५८ | **अन्य कोष खर्च:** | **५३५८५४५३.३६** |
| कर्मचारी कल्याण कोष | ३३८९०३२.४० | जि.वि.स.कोष | १४३६७१८४.८० |
| मर्मत संभार विशेष कोष | ३७०६०८.०० | राजस्व बाँडफाड | ६६७४५६०.०० |
| प्रकोप व्यवस्थापन कोष | २८८३२६.३० | कर्मचारी कल्याण कोष | १७६६१४०.०० |
| मानवीय संसाधन विकास कोष | ४४४००३.१३ | मर्मत संभार विशेष कोष | १५०२४९.०० |
| वातावरणीय कोष | ३५००००.०० | प्रकोप व्यवस्थापन कोष | ३३००००.०० |
| गरीवी निवारण तथा सामजिक परिचालन | ३५००००.०० | मानवीय संसाधन विकास कोष | १००००.०० |
| महिला तथा बाल विकास विशेष कोष | ३३५०००.०० | धरौटी | ७१०४०४९.११ |
| धरौटी | ११४५६२३७.६४ | उन्नती | ५१५६८८७.०० |
| हिमालय क्याम्पस | ६९०३२९.७९ | ग्रामीण पहुच कार्यक्रम तेश्रो चरण | १३८११२७२.७३ |
| सडक बोर्ड | २२७११०.६२ | गा.वि.स.अनुदान कन्टेन्जेन्सी | १५८९६२६.६५ |
| डिएफआइडि | ३५०६६७.१४ | पर्यटन बोर्ड | ३८०३६०.०० |
| ग्रामीण पहुच कार्यक्रम तेश्रो चरण | १०३३५३०७.६९ | पदयात्रा दस्तुर रोयल्टी | १५००००.०० |
| गा.वि.स.अनुदान कन्टेन्जेन्सी | १२०५५९५.३० | बिगत आ.व.को विभिन्न बचत | १६४०६०१.२१ |
| बिगत आ.व.को विभिन्न बचत | १६४०६०१.२१ | पर्यटन विकास | १७९०००.०० |
| पर्यटन विकास | १७९०००.०० | ग्रामीण पहुच कार्यक्रम सोझै भुक्तानी | ४६७३.५२ |
| ग्रामीण पहुच कार्यक्रम सोझै भुक्तानी | ४६७३.५२ | संस्कृति प्रवर्द्धन (संस्कृति मन्त्रालयबाट) | २५००००.०० |
| संस्कृति प्रवर्द्धन (संस्कृति मन्त्रालयबाट) | २५००००.०० | भकम्पीय पुनर्लाभ तथा विपत न्युनीकरण | ४०९.३४ |
| भकम्पीय पुनर्लाभ तथा विपत न्युनीकरण | ४०९.३४ | कैलाशेश्वर महादेव र मानव धर्म सेवा | २०४४०.०० |
| कैलाशेश्वर महादेव र मानव धर्म सेवा | २०४४०.०० | **बैक मौज्जात** | **५८१०२९४१।८३** |
| **नेपाल सरकार अनुदान** | ३५३२४१२५५.८० | जि.वि.स.कोष | ७३७५४४.९९ |
| **अन्य श्रोत** | ४३०६७१२८।५७ | राजस्व बाँडफाड | २१५२४०८४.६९ |
| जि.वि.स.कोष | ४९१९४६८.८३ | कर्मचारी कल्याण कोष | ४९७२८९२.४० |
| राजस्व बाँडफाड | १६४९९८१.११ | मर्मत संभार विशेष कोष | ७७०३५९.०० |
| कर्मचारी कल्याण कोष | ३३५००००.०० | प्रकोप व्यवस्थापन कोष | ५०८३२६.३० |
| मर्मत संभार विशेष कोष | ५५००००.०० | मानवीय संसाधन विकास कोष | ५८४००३.१३ |
| प्रकोप व्यवस्थापन कोष | ५५००००.०० | वातावरणीय कोष | ४५००००.०० |
| मानवीय संसाधन विकास कोष | १५००००.०० | गरीवी निवारण तथा सामजिक परिचालन | ४५००००.०० |
| वातावरणीय कोष | १०००००.०० | महिला तथा बाल विकास विशेष कोष | ४३५०००.०० |
| गरीवी निवारण तथा सामजिक परिचालन | १०००००.०० | धरौटी | १००७१८९७.१६ |
| महिला तथा बाल विकास विशेष कोष | १०००००.०० | हिमालय क्याम्पस | ६९०३२९.७९ |
| धरौटी | ५७१९७०८.६३ | उन्नती | १२८२७११३.०० |
| उन्नती | १७९८४०००.०० | सडक बोर्ड | २२७११०.६२ |
| ग्रामीण पहुच कार्यक्रम तेश्रो चरण | ४५०००००.०० | डिएफआइडि | ३५०६६७.१४ |
| गा.वि.स.अनुदान कन्टेन्जेन्सी | ७१३६४०.०० | ग्रामीण पहुच कार्यक्रम तेश्रो चरण | १०२४०३४.९६ |
| पर्यटन बोर्ड | २५३०३३०.०० | गा.वि.स.अनुदान कन्टेन्जेन्सी | ३२९६०८.६५ |
| पदयात्रा दस्तुर रोयल्टी | १५००००.०० | पर्यटन बोर्ड | २१४९९७०.०० |
| **जम्मा** | **४६४९२९६५०.९९** | **जम्मा** | **४६४९२९६५०.९९** |

# जिम्मेवार पदाधिकारीहरूको नामावली

| क.स. | कार्यालयको नाम | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १ | जिल्ला अदालत | कुमार मास्के | गायत्री बाह्कोटी |
| २ | सरकारी वकिलको कार्याल | एकराज अधिकारी | महेश श्रेष्ठ |
| ३ | उत्तर दक्षिण कोशी सडक योजना | हरिकुमार पोखरेल | सुरेश कुमार घिमिरे |
| ४ | जिल्ला कृषि विकास कार्यालय | प्रमोद कुमार रिजाल | प्रबेश कुमार पोखेल |
| ५ | खानेपानी तथा सरसफाई कार्यालय | सविन्द्रनाथ देव | पदम प्रसाद उपाध्याय |
| ६ | जिल्ला प्राविधिक कार्यालय | रामशरण आर्चाय | केशव पोखेल |
| ७ | जिल्ला विकास समिति | कृष्णप्रसाद सुवेदी | तारा घिमिरे |
| ८ | जिल्ला शिक्षा कार्यालय | चैतन्य प्रसाद निरौला | बिशैश्वर घिमिरे |
| ९ | डिभिजन सडक कार्यालय | कृष्णनाथ ओझा | दिलकुमार खडका |
| १० | दुर्गम क्षेत्र विकास समिति | दीर्घबहादुर पोखरेल | अर्जुन सापकोटा |
| ११ | नापी कार्यालय ,खाँदवारी | नवल ठाकुर | रामदेव राम |
| १२ | मालपोत कार्यालय ,चैनपुर | अग्नी घिमिरे | महेश श्रेष्ठ |
| १३ | महिला तथा वालवालिका कार्यालय | सुनिता सुवेदी | केशव कोईराला |
| १४ | मालपोत कार्यालय,खाँदवारी | विष्णु प्रसाद सिटौला | जितबहादुर राई |
| १५ | नापी कार्यालय, चैनपुर | उमंगराज डोटेल | हर्कबहादुर मगर |
| १६ | स्थानीय विकास कोषको सचिवालय | दीर्घबहादुर पोखेल | कमल बहादुर कार्की |
| १७ | जिल्ला स्वास्थ्य कार्यालय | सागर प्रसाई | भरत बहादुर ढुंगाना |
| १८ | सिचाई विकास सव डिभिजन कार्यालय | किरण आर्चाय | रोहित कुमार आर्चाय |
| १९ | अस्पताल विकास समिति | विनित झा | निता सापकोटा |
| २० | कोष तथा लेखानियन्त्रण कार्यालय | ढुण्डी प्रसाद निरौला | लेखराज थापामगर |
| २१ | घरेलु तथा उद्याग विकास समिति | राशरण महतो | पुरुषोतम काफ्ले |
| २२ | मकालु तथा बरुण राष्ट्रिय निकुन्ज | मनोजकुमार साह | शुभास निरौला |
| २३ | जिल्ला आयुर्वेद कार्यालय | अमुल्य दाहाल | युवराज श्रेष्ठ |
| २४ | जिल्ला पशु सेवा कार्यालय | राजकुमार मण्डल | रंजितकुमार साह |
| २५ | जिल्ला वन कार्यालय | शुशिल भण्डारी | शुसिल पोखरेल |
| २६ | कारागार कार्यालय | खेमराज आर्चाय | ईश्वर खतिवडा |
| २७ | जिल्ला हुलाक कार्यालय | रुद्रबहादुर बुढाथोकी | लेखराज थापामगर |
| २८ | जिल्ला प्रहरी कार्यालय | गौतम कुमार के सी | बुद्धि पाण्डे |
| २९ | सिमा प्रशासन कार्यालय खादवारी | टंक कहादर डागी | सन्तोष दर्जीगुहिदे |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np